रिब्दीगाउँपालिका गाउँपालिका

पार्श्वचीत्र PROFILE



२०७६

प्रकाशकीय

पृष्ठभूमि

नेपालको संविधान २०७२, ले गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिलाई स्थानीय तहको रुपमा परिभाषित गरेको छ । स्थानीय तहको रुपमा रहेका यी सरकारहरु जनतालाई सरल रुपले सेवा प्रवाह गर्ने प्रक्रियामा छन् । स्थानीय तहको काम गर्नको लागि जिम्मेवारी प्राप्त गरेका यी निकायहरुले जनताको सर्वाधिक नजिकको साझेदार बनेर काम गर्न सुरवात गरिसकेका छन् । गाउँपालिकाले आफ्नो कार्यलाई सरल रुपले संचालन गर्नको लागि आफ्नो क्षेत्रको वार्षिक योजना र बजेट तर्जुमा गर्दा स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यर्थाथ स्थिति देखिने गरि वस्तुगत विवरण तयार गनुपर्ने व्यवस्था गरिएको छ । यस्तो वस्तुगत विवरणको ढाँचा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्देशन गरे बमोजिम हुने र सो ढाँचामा स्थानीय तहबाट आवश्यकता अनुसार थप विवरण समावेश गर्न सकिने कुरा उल्लेख गरिएको छ । गाउँपालिकाले यो जिम्मेवारी पुरा गर्दा आफ्नो गाउँको आवधिक र वार्षिक योजना तर्जुमामा सहभागितामुलक प्रक्रियाबाट नतिजामुलक ढंगले गनुपर्ने गरि निर्देशन प्राप्त गरेको छ । अतः गाउँपालिकाको योजना तर्जुमाको लागि आफ्नो क्षेत्रको सामाजिक, आर्थिक, भौतिक आदि विविध पक्षको तथ्याङ्कको आवश्यकता पर्दछ । गाउँपालिकाका विविध पक्षहरुको वास्तविक स्थितिको तथ्याङ्क र सूचना विना कुनै पनि योजनाको सही छनौट हुन सक्दैन् । समय समयमा गाउँपालिकासँग सम्बन्धित सबै किसिमका तथ्य र तथ्याङ्क संकलन र विश्लेषण गरी सो तथ्याङ्कका आधारमा योजना तर्जुमा हुन सकेको अवस्थामा मात्र योजनाहरू वस्तुनिष्ठ हुन्छन् । यसको लागि आफ्नो क्षेत्रका भौगोलिक, आर्थिक, सामाजिक लगायतका पूर्वाधारको जानकारी लिन तथा भविष्यका योजनाको निर्माणको लागि पूर्वानुमान गर्न तथा जनतालाई अनुभूत हुने गरि सरल र प्रभावकारी सेवा प्रदान गर्न निर्देशिकाको रुपमा वस्तुगत विवरणलाई उपयोग गर्न सकिन्छ । यहि विशेषताको कारणले वर्तमान समयमा प्रत्येक गाउँपालिकाले आफ्नो पार्श्वचित्र (वस्तुगत विवरण) बनाउन अनिवार्य भइसकेको छ ।

राष्ट्रिय अभियान

- सुखी नेपाली, समृद्ध नेपाल

पालिकाको अभियान

- असाहय तथा एकल महिलाको सम्मन/सशक्तीकरण तथा उद्यमशिलता विकास, सामाजिक न्यायमा आधारीत विकास र सबैमा सम्मान ।
- जेष्ठ नागरिकको सम्मान ।
- जातिय छुवाछुत तथा विभेदको अत्य गरौ सभ्य र समुन्नत समाजको सृजना गरौ ।
- हरेक घरमा कुरिलो तुलसी तथा अन्य जडिबुटी जन्य बोट विरुवाको संरक्षण र प्रवर्द्धन गरौ ।
- शिक्षामा गुणस्तरिय व्यवहार र प्राविधिक शिक्षामा जोड ।
- वडा कार्यालयसम्म स्तरीय सडक
- अल्पसंख्यक पिछडिएको क्षेत्रमा वालवालिका अध्ययन गर्ने विद्यालयमा दिवाखाजा
- जोगिथुम र पेलाचौर क्षेत्रलाई विकासको मुल प्रवाहमा समाहिसतकरण
- कृषि पशुपालनमा यान्त्रीकीकरण, उत्पादनमा आधारीत अनुदान
- ऐतिकासिक, साँस्कृतिक धार्मिक सम्पादनको संरक्षण र बजारीकरण
- सुचना प्रविधिको प्रयोगमा जोड
- आर्युर्वेदको विकास र विस्तारमा जोड

गाउँपालिकाको मुख्य प्रशासनिक भवन, खस्यौली

मेरो भन्नु

रिब्दीकोट गाउँपालिकामा हामी जनप्रतिनिधि वाहाल भएपछि एक आर्थिक वर्ष पुरा गरि दोश्रो आर्थिक वर्ष २०७५/०७६ मा पाईला बढाउदै छ। यस अवसरमा गत आर्थिक वर्षको सिंहावलोकन गर्दै विगतका अनुभवबाट पाठ सिक्दै अगाडि बढ्ने अवसर प्राप्त भएको महसुस गरेको छु। विगतमा पुर्वाधार र आय आर्जनका क्षेत्रले प्राथमिकता पाएको छ। वडाबाट छनौट भई आएका योजना गाउँपालिका स्तरको योजना तथा शसर्तबाट तोकिएर आइका शिर्षकहरुलाई ठिक ढंगले अगाडि बढाउन सकेमा गाउँपालिकाले अवस्य कोल्टे फेर्ने छ। विगतमा गाउँपालिकाबाट सम्पादन गरिएका काम सवैका अगाडि छर्लङ छ। हामी आफैले अगुवाई गरेको काममा जस अपजस ग्रहण गर्नुपर्दछ। यस भन्दा अगाडिको बजार मुल्यमा लिएका कृषि सामाग्रीहरु ग्त वर्षको मुल्य भन्दा ४० % भन्दा कम मुल्यमा कृषकलाई गराउन सकेका छौ। अति विपन्न परिवारलाई घर निर्माणमा प्रत्यक्ष सहयोग, लोपोन्मुख पेशा (आरन सुधार) मा कृषक लक्षित मागमा आधारित अनुदान, विषेश अनुदान, गरिव तथा अपांगलाई बाख्रा वितरण, माटो परिक्षण, सिंचाई, वालवालिकाको हक अधिकार र कर्तव्यको बारेमा धेरै काम भईसकेको छ।

यस आर्थिक वर्षमा हामीले सामाजिक न्याय,उद्यमशिल महिला, दलित महिला, जनप्रतिनिधि तथा एकल महिलाको विचमा विशेष काम गर्ने योजना गरेका छौ। जडिबुटी उत्पादन जस्ता नयाँ कार्य वा छुवाछुत जस्तो विषयलाई व्यवाहरमै निर्मुल गर्ने कार्यमा अगाडी बढाएको छ। बालबिवाह जस्तो गैरकानुनी कामलाई पुर्ण रुपमा अन्त्य गर्ने निर्णय भएको छ। सहकारी, वन लगायतका अन्य संघ संस्था संग मिलेर काम गर्ने योजना बनेको छ। यसै गरि भैरवस्थान जस्ता ऐतिहासिक मन्दिरलाई व्यवस्थित गर्न पार्किङ व्यवस्था, धर्मशाला निमार्णमा सहकार्य गर्ने कुरामा टुङ्गो लागि सकेको छ। यसरी सम्वृद्ध रिब्दीकोट निर्माण गर्ने अभियान अगाडि बढिरहेको छ। शिक्षा, स्वास्थ्य,यातायात जस्ता विषय पनि यस गाउँपालिकाको महत्वपुर्ण विषय हुन्। यस गाउापालिकाको एतिहासिक र धार्मिक स्थानको वारेमा व्यापक प्रचार प्रसार गरी आन्तरीक पर्यटकहरुलाई अरु थप बढाउनु पर्ने छ। हाम्रो गन्तव्य तय भए अनुसार नै काम गरिएको छ।

अन्त्यमा, आ.ब. २०७५/०७६ मा सञ्चालन हुने गाउँपालिका स्तरिय, वडा स्तरिय कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरी प्राप्त प्रतिफल सबैमा न्यायोचित विवरणको लागि सवै वर्ग, क्षेत्र, समुदायको सहभागिताको अपेक्षा गर्दछु। धन्यवाद।

.....

नारायण बहादुर जि.सी.

अध्यक्ष

रिब्दीकोट गा.पा.

महिला हिंसा

नेपालको संविधान अनुसार स्थानिय सरकारले आफ्नो लागि आफै कानुन बनाउने, कायान्वयन गर्ने अधिकार प्रदान गरेको छ । संघ, प्रदेश र स्थानीय तहहरु बिच सहकारीता, सहअस्तित्व र समन्वय गर्दै ऐनाले तोके बमोजिमका कार्यहरु सम्पादन गर्ने अधिकार तिनै तहमा रहेको छ । संविधानले सुलभ, गुणस्तरीय, छिटो, छरितो सामानुपातीक, न्यायोचीत र दिगो विकासको उद्देश्य लिएको छ । नेपालको संविधान २०७२ को धारा २१७ र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४६ मा स्थानीय सरकारले न्यायीक समितीको अधिकार क्षेत्र भित्र रहि न्यायिक विवादको निरुपण गर्ने र मेलमिलापको माध्यमबाट विवादको समाधान गर्ने व्यवस्था गरेको छ ।

कानुनको शासन र न्यायप्रतीको जनविश्वास कायम राख्न स्थानीय तहमा हुने विभिन्न भेदभाव, लैङ्गिक हिंसा लगायतका विवादहरु समाधान खोज्ने स्थानीय तहहरुमा उपाध्यक्ष तथा उपप्रमुखको संयोजकत्वमा ३ सदस्यीय न्यायीक समितीको गठन भएका छन् । अन्याय र उत्पीडीत परेका जनताहरुलाई जनचेतनाको माध्यमबाट आफ्ना समस्या स्थानीय सरकारसंग परिकल्पना गरिएको छ । लोकतान्त्रीक शासन प्रणालीलाई स्थानीय तह देखि नै सुदृढ बनाउने परिकल्पना रिब्दीकोट गाउँपालिकाले पनि लिएको छ । जनताको जनसहभागिता, पारदर्शिता उत्तरदायित्व सुनिश्चितता विकास निर्माणमा मात्रै होइन न्याय सम्पादनमा समेत लागु गर्ने प्रयास रहेको छ ।

रिब्दीकोट गाउँपालिका भित्रका जनताहरुले आपसी विवाद, हिंसा, उत्पीडित लगायतका न्यायीक समितिमा अधिकार भित्र रहेका विवादहरु समाधान र निरुपणलाई पहिलो प्राथमिकतामा राखेको छ । विगत ८ वर्ष देखि आपसी विवाद भएको घटना समेत मेलमिलापबाट किनार टुङ्गो लगाएर पक्ष,विपक्ष दुवै खसी र जित अनुभुती गर्ने गरी न्याय सम्पादन भएको छ । न्यायीक समितीको काम प्रभावकारी बनाउन सचेतना मुलक र क्षमता विकासका गतिविधिहरुले लैङ्गिक र घरेलु हिंसामा कमि आउका छन भने हिंसालाई लुकाएर नराखी न्याय लिनका लागि नेतृत्व लिने संख्या आ.व. २०७५/०७६ मा पौष १० गतेसम्म न्यायीक समितीमा १० वटा विवादका उजुरीहरु दर्ता भएका छन् । ७ वटाको विवादका उजुरहरु किनारा लागिसकेका छन् भने ३ वटा विवादका उजुरीहरु प्रकृयामा छन् ।

प्रचलित कानुन तथा सर्वमान्य सिद्धान्तहरुको अवलम्बन तथा स्थानीय आवश्यकता चाहनालाई मध्यनजर गर्दै मध्यमार्गी उपायको अवलम्बन गरी सौहामद्रता कायम गर्ने कार्यमा न्याय समिती सक्रिय रुपमा लागेको छ ।

लक्ष्मी खनाल

उपाध्यक्ष

रब्दीकोट गाउ"पालिका

गाउ"कार्यपालिकाको कार्यालय, पाल्पा

दूई शब्द

विकास निर्माणका विभिन्न चरणहरुमा स्थानिय स्तरको स्रोत साधनको संभाव्यता पहिचान गर्दै, योजना छनोट गर्ने , योजना बनाउने, कार्यान्वयन गर्ने ,अनुगमन गर्ने संरक्षण गर्ने सम्पूर्ण जिम्मेवारी स्थानिय स्वायत्त शासन व्यवस्था महाशाखाले स्थानिय निकायलाई सुम्पेको छ। स्थानिय निकायलाई स्वायत्त र जिम्मेवार बनाई, गाउ"को एकिकृत विकास कार्यमा लाग्नको लागी सजिलो होस् भन्ने मनासयले स्वायत्त शासन व्यवस्था महाशाखामा व्यवस्था भए अनुरुप विभिन्न नीति निर्देशिका र कार्यविधी समेत तयार पारी स्थानिय निकायलाई शशक्त पार्नमा सहयोग भै रहेका छन्। गाउ"को समग्र विषयको जानकारी लिन पाउनु हामी सबैको अधिकार पनि हो । यसैलाई मध्यनजर गर्दै गाउ"का भौतिक, सामाजिक,आर्थिक लगायात सम्पूर्ण सूचनाहरुबाट सु-सूचित गराउने उद्येश्यले रिब्दीकोट गाउ"पालिका कार्यालय पाल्पाले गाउ"को उपलब्ध सूचना एंव तथ्यांकलाई संकलन र विश्लषण गरि वस्तुगत विवरण २०७६ प्रकाशित गरी सबैमा सामु पुर्याउने प्रयास गरिएको छ ।

गाउ"पालिकाले आगामी दिनमा अघि बढाउने अल्पकालिन, मध्यकालिन एवं दीर्घकालिन योजना तयार गरि योजना सहितको विकास कार्य अघि वढाउन आवश्यक तथ्याङ्कको जरुरी हुने गर्दछ । यस गाउ"पालिकाले सामाजिक, भौतिक, आर्थिक लगायत महत्वपूर्ण क्षेत्रको तथ्याङ्क व्यवस्थीत रुपमा प्राप्त गर्न यस गाउ"पालकाले गाउ" प्रोफाइल तयार गर्ने जमर्को गरेको छ । उक्त प्रोफाईल तयार गर्न **अलाना इन्टरनेशनल सर्विसेस प्रा.लि, काठमाडौं** लाई परामर्शदाताको रुपमा नियुक्त गरिएकोमा उक्त संस्थाले यस गाउ"पालिको आर्थिक, सामाजिक, भौतिक लगायत सम्पुर्ण क्षेत्रको विद्यमान अवस्था सहितको गाउ" प्रोफाईल तयार गर्ने कार्य गरेको छ । परामर्शदाता संस्थाले यस प्रोफाइलमा गाउ"भित्रका सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, भौगोलिक, शैक्षिक, प्राकृतिक लगायत विभिन्न पक्षहरुलाई मेहनतका साथ समेट्ने प्रयास गरिएको छ । प्रस्तुत पार्श्वचित्र तयार गर्ने क्रममा त्रुटि रहित बनाउने प्रयास गर्दा गर्दै यसमा धेरै त्रुटि भएका होलान्, कृपया सुझावहरु प्राप्त भए आगामी दिनहरुमा मार्गदर्शन हुनेछ ।

अन्तमा यो पार्श्वचित्र तयार गर्ने क्रममा सूचना तथा तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण गाउ"बासी, जानिफकार व्यक्तिहरु, सम्पूर्ण सरकारी कार्यालय तथा यससंग सम्बन्धित कर्मचारीहरु, विभिन्न संघसंस्था र गाउ"का सम्पूर्ण विद्धत वर्गहरु प्रति गाउ"पालिका कार्यालय हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछ ।

.....

ऋषि राम अर्जेल
प्रमुख प्रशासकीय अधिकृत
रिब्दीकोट गाउ"पालिका
गाउ"कार्यपालिकाको कार्यालय, पाल्पा

वडा नं. १ ख्याहा

पाल्पा जिल्लाको रिब्दीकोट गाउँपालिकामा अवस्थित साविक ख्याहा गाविस हाल रिब्दीकोट गाउँपालिका को कार्यालय बाट ९ कि.मी. उत्तर पश्चिममा ४ कोठे पक्की भवनमा हालको वडा कार्यालय रहेको छ । ३ हजार ४ सय ४ जनसङ्ख्या रकेको छ । यस वडामा पक्की सडक देखि प्रत्यक बस्तीहरुमा मोटरबाटो जोडिएको छ । २०७४ को स्थानिय तहको निर्वाचन पश्चात वडामा विकास निर्माणले गति लिएको पाईन्छ । शान्तिचौर-जोगिथुम मोटरबाटो, अमराई-माझटोल मोटरबाटो, पाकिरी-कराम्दी मोटरबाटो, राधाकृष्ण-गैरेगाउँ-माझटोल मोटरबाटो, शिवधाम बस्ती मोटरबाटो, कालिका आधारभुत विद्यालयलाई दिवा खाजा कार्यक्रम, नेपानेडाँडा खानेपानी टंकी निर्माण, बगौचा-सानिडम्मक मोटरबाटो ५ मिटर चौडाई, खाल्टे खानेपानी सर्बे, १ सय ३ वटा फलामे बिजुली पोल परिर्वतन, विद्यालयलाई गुणस्तरलाई गुणस्तरीय शिक्षालय बनाउने, सामाजिक सुरक्षा भत्ता वस्ती वस्तीमा वितरण गर्ने लगायतका काम भएका छन् । बारपोखरा-छत्रदेव-न्या(लपानी-बरपोखरा-रिङरोड सडक निर्माण भएको छ । छत्रदेव गेटदेखि मन्दिर सम्म पर्खाल निर्माण, मन्दिरको भित्री परिसरमा सिडी निर्माण भई थप शोभामय भएको छ । पोखरीहरुको संरक्षण गर्दै बहुपोखरी निर्माण गर्ने योजना अनुरुप छत्रदेव परिसर र रैनादेवी मन्दिर परिसरमा ठुला २ पोखरी खन्ने काम सम्पन्न भएको छ । जसबाट स्थानिय जनता उत्साहित भएका छन । यस वडा कार्यालय अगाडि शान्तीचौर बजारमा २ तथा राधाकृष्ण स्कुल बजारमा १ गरी जम्मा ३ वटा सोलार बत्ती बाल्ने काम भएको छ । वडाका २३ विपन्न परिवारलाई जस्तापाता वितरण गरी सेतो घर बनाउने अभियान चलाईएको छ । वडाका बस्तीहरुमा खानेपानीको पाइप परिवर्तन गरी नियमित खानेपानी पुचाउन सफल भएको छ । आगामी दिनमा वडाको विकास गर्ने मुख्य योजनाको रुपमा फेदियाखोला लिफटिङ खानेपानी कार्य पुरा गरी एक घर एक धाराको अवधारणा पुरा गर्ने लक्ष्य राखेको छ । ख्याहा-जोगीथुम-सातमुरे मोटरबाटो पुरा गर्ने, शान्तीचौर बजार निर्माण गर्ने ख्याहा-अर्गली मोटरबाटो, ख्याहा कुसेनी रिडि बाटो पुरा गर्ने सबै काठका बिजुलीका पोल विस्थापित गरी फलामका बिजुलीका पोल राख्ने लक्ष्य रहेको छ । मेगा प्रोजेक्टरको रुपमा गाउँपालिका कार्यालय सम्मको मोटरबाटो पिच गर्ने लक्ष्य राखिएको छ । सबै बस्तीका सडकहरुलाई ग्राभेल गर्ने लक्ष्य राखिएको छ । वडा भित्रका सबै विद्यालयलाई नमुना विद्यालय बनाउने, स्वास्थ्य, चौकीको भवन निर्माणलाई ५ रोपनी जग्गा उपलब्ध गराई सरकारी मापदण्ड बमोजिमको भवन निर्माण गर्ने वडा कार्यालय वरिपरी पर्खाल बनाउने लक्ष्य राखिएको छ । ख्याहामा रहेका सबै सरकारी कार्यालयलाई ब्यवस्थित बनाउने योजना रहेको छ । छत्रदेव परिसर जहाँबाट ऋषिकेश, कालीगण्डकी नदी, पाल्पा,गुल्मी, र स्याङजाको संगमस्थल नियाल्न सकिन्छ सो क्षेत्रलाई थप ब्यवस्थित बनाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने योजना रहेको छ ।

सवै योजनालाई समयमै सम्पन्न गर्नको लागि सम्बन्धीत सबै पक्षको साथ सयोग प्राप्त हुनेछ । भन्ने अपेक्षा गरेका छौ ।

विष्णु प्रसाद गैरे
वडा अध्यक्ष

वडा नं. २ देउराली

पाल्पा जिल्लाको सदरमुकाम देखि १५ कि.मि. पश्चिममा रहेको रिब्दीकोट गाउँपालिका वडा नं. २ देउराली बहुजातीय समुहहरुको बसोबास रहेको सुन्दर प्राकृतीक रुपमा रहेको छ। परापूर्व काल देखि नै शैक्षिक थलो मानिएको देउरालीमा स्नातक तह सम्मको क्याम्पस १, माध्यामिक विद्यालय २, आधारभुत तहका विद्यालय ३ वटा रहेका छन्। वडा पर्यटकीय दृष्टिले महत्वपुर्ण मानिएको छ। काठे भंगालो,चिउरे भंगाले, गुफाहरु, संसारकोट लेक, टाकुरा लेक, भुटुका लेक प्रकृतिकको सोन्दर्यले भरिएका पर्यटक स्थलहरु हुन।

संघिय संरचना अनुसार स्थानिय सरकार बनेपछि १८ महिनाको अवधिमा यस वडालाई संमृद्ध देउराली र सुखि देउरालीबासी भन्ने नारालाई पुरा गर्ने अभिप्रायले यस अवधिमा निम्न कार्यहरु गरिएका छन्।

- प्राविधिक शिक्षाको आवश्यकता महशुस गरी आर्दश मा.वि. देउरालीमा प्राविधिक धारको पठनपाठन यस वर्ष देखि शुरु गरिएको छ।
- शैक्षिक गुणस्तर अभिवृद्धीका लागि प्रत्यक विद्यालयमा शैक्षिक सामाग्री वितरण र शुद्ध पिउने पानीको व्यवस्था गरिएको छ।
- देउराली स्वास्थ्य इकाई केन्द्रमा आवश्यक स्वास्थ्य परिक्षणका नियमितता गरिएको छ। फोहरमैलालाई व्यवस्थित गर्न एक घर एक डस्टविन वितरण अभियान संचालन गरिएको छ।
- शारिरीक असक्षमता भएका व्यक्तिहरुलाई शतप्रतिशत र सीमान्तकृत एवं लक्षित वर्ग अन्तरगतका दलित समुदायका परिवारलाई स्वास्थ्य वीमा पचास प्रतिशत रकम अनुदान प्रदान गरिएको छ।
- सेतो घर अभियान अन्तरर्गत गत वर्ष ८ र यस वर्ष ७ गरी १५ घर परिवारलाई जस्तापाता वितरण गरिएको छ।
- एक घर एक धारा सञ्चालन अभियान अन्तर्गत मुल सुधार र पाइप खरीदका लागि अनुदान वितरण।
- उज्यालो देउराली अभियान अन्तर्गत देउराली, खानीगाउँ, वरपोखरा सोलार वत्ती जडान र लघुवामा सडक वत्ती जडान गरिएको छ।
- सडक निर्माण र विस्तारतर्फ कतिपय नयाँ ट्र्याक खोल्ने, पूराना वडाहरुको स्तरोन्नती र चौडा बनाउने कार्य भएको छ।
- विभिन्न सामुदायिक भवनहरुको स्तरोन्नती गर्नुका साथै ७ वटा प्रतिक्षालय निर्माण गरिएको।
- फलामे पोल विस्तार गर्ने अभियान अन्तर्गत काठेपोल विस्थापन गरी १२५ वटा जडान गरिएको छ।

- वातावरण संरक्षण र पानीका मुलहरुको संरक्षण गर्ने अभियान अन्तर्गत ५ वटा पोखरी निर्माण गरिएको छ ।
- कृषि कार्यक्रम अन्तर्गत प्लाष्टिक टनेल, विउ विजन, प्लाटिक पोखरी वितरण गर्नुका साथै सिंचाईका लागि डम्बक र लघुवामा पाईप खरीद गरिएको छ ।
- आय आर्जन वृद्धी गर्ने उद्देश्यले कम्वाइन मिल८ वटा हाते ट्याक्टर ३ वटा थ्रेसर १ वटा ५०% अनुदानमा वितरण गरिएको, परम्परागत आरन पेसामा सुधार गरी व्यवसायिक बनाईएको छ ।
- वडा कार्यालयलाई व्यवस्थित,प्रविधि तथा सुचनामैत्री बनाईएको छ ।

आगामी मुख्य मुख्य कार्यक्रमहरु :

- कन्टीपोखरा वरपोखरा मोटरबाटो पिच गर्ने ।
- एक घर एक धारा अभियानलाई पूर्णता दिने ।
- सबै काठेपोल विस्थापन गरी फलामे पोलको जडान गर्ने ।
- कृषि व्यवसायलाई वैज्ञानिक, व्यवसायिक र आधुनिक बनाइ गहुँ, मकै, तरकाली, फलफुलमा पकेट क्षेत्र बनाउने ।
- विभिन्न टोलहरुमा वाल क्लव गठन गराई क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।
- हेलिप्याड निर्माण कार्य सम्पन्न गर्ने ।
- पर्यटन विकासका लागि काठे भञ्जालो, चिउरे भञ्जालो,जुके खोला, ड्याम गुफा ओडार लगायतका स्थानहरुमा सडक निर्माण गरी होमस्टे सञ्चालन गर्ने ।
- हरेक घरमा अनिवार्य करेसा वारी र फूलवारी निर्माण गर्न आवश्यक अनुदान तथा सहयोग गर्ने ।
- एकल महिलाहरुलाई आर्यआर्जनमा जोड दिने अन्त्यमा यस रिब्दीकोट गाउँपालिका वडा नं २ देउरालीमा १८ महिनाको अवधिमा भएका विकास निर्माणका कार्यले समृद्ध देउरालीको संकेत देखिएको छ

  माथी उल्लेखित भावी योजनाले आगामी ४२ महिनामा देउरालीको मुहार फेरी समृद्ध देउराली वासी नारालाई सार्थक वनाउने अठोट गरेका छौ ।

रामचन्द्र नेपाल
वडा अध्यक्ष

वडा नं. ३ खस्यौली

पाल्पा जिल्ला सदरमुकाम तानसेन देखि पश्चिम तानसेन तम्घास मोटरबाटामा भैरवस्थान हुदै १०.५ कि.मि. सिलङ्गीको रुखबाट साबिक खस्यौली गाविस हालको रिब्दीकोट-३ सुरु भै हार्थोक बजार हुदै उत्तर तर्फ लघुवा सम्म र पश्चिम हार्थोक छहरा मोटर बाटोको कफ्लेनी गैरा सम्म र दक्षिण तर्फ चकल्दी सम्म फैलिएको छ । वडाका सबै टोलमा बोटरबाटोको सुबिधा छ । वडाको ९०% भन्दा बढी घर आँगनमा मोटरसाईकल पुचाउन सकिन्छ । सबै टोल र प्राय घरहरुमा खानेपानी धारा रहेका छन् । ५ वटा लिफ्ट प्रणाली, करिब १५ वटा ग्राभिटी फ्लोका खानेपानी आयोजना सञ्चालित छन् ।

पर्यटकीय हिसावले ओझेलमा परेको भए पनि यो वडामा केहि रमणीय स्थलहरु रहेका छन् । ५०० वर्ष देखी पूजाआजा चलिरहेको सेन कालिन रिपको शिव गुफा नजिकै गाडी जाने कच्ची बाटो र त्यो बाटोको अन्त्य पछि १०४ सिडी हिडेपछि गुफामा पुगिन्छ । यसै खौडेलीको बुद्ध मूर्ति गुफा जाने बाटोको नर्मदेश्वर महादेव मन्दिर, मालमुलको खेल मैदान, सतन्चुली पहाड, गाउँपालिका भवन हुदै पुरानो बुटवल जाने चकल्दी खोला ६० हाते छहरा,सिरुखर्क सेनकालिन टुडिंखेल कोत्रेडाँडा जस्ता मनोरम धार्मिक पर्यटकीय स्थलहरु रहेका छन् ।

शिक्षा तर्फ : २ वटा मा.वि. (१०+२), एक प्रा.वि. र एक बि.एड. क्याम्पस रहेका छन् ।

स्वास्थ्य तर्फ : एउटा भौतिक संरचना सहितको प्राथमिक स्वास्थ्य केन्द्र जहाँ तानसेन नगरपालिका देखि पश्चिम पाल्पा स्वास्थ्य बिमाको सेवा यहि प्राथमिक स्वास्थ्य केन्द्रबाट सञ्चालित छ ।

गत वर्षका उल्लेखनिय कार्यहरु :

- लक्षित कार्यक्रमबाट वडालाई खरको छाना मुक्त गरिएको छ ।
- हार्थोक बजारमा रहेको पुस्ताकलय र सभाहल सहितको नमुना सामुदायिक सिकाई केन्द्रको यस भेगका हजारौ बासिन्दालाई विभिन्न सिपमुलक तालिम दिएको छ ।
- हार्थोक बजारलाई व्यवस्थित बनाउने कार्य स्वरुप नाली निर्माण, फोहर फाल्ने व्यवस्थापन र सौर्य बत्ती जडान गर्ने कार्य गरियो ।
- माथील्लो खस्यौलीमा रहेको पुरानो ऐतीहासीक रिपगुफा जाने मोटरबाटो तथा सिडी निर्माण कार्य भएको छ ।

यस वर्षका मुख्य मुख्य कार्यक्रमहरु :

- वडाको लागि विनियोजित ५८,००,०००।- का ४७ वटा योजना ५०%सम्पन्न भैसकेका छन् भने अन्य योजनाका कामहरु चलिरहेका छन् ।

- चकल्दी हुदै डुम्रे निस्कने बाईपास बाटोको २ कि.मि. जती बाँकी ट्रयाक खोली सञ्चालन गर्ने तयारी रहेको छ ।
- कोत्रेडाँडामा दृष्य अवलोकनका लागी टावर बनाउने परिकल्पना गरिएको छ ।
- कुटिर उद्योगको प्रवर्द्धनमा जोड दिईने छ ।
- वडा भित्र उपयुक्त स्थानमा एक आवासीय अनुसन्धान केन्द्र स्थापना गर्ने योजना रहेको छ ।

यस वडामा गाउँपालिकाको केन्द्र, पुर्वधारका हिसाबले सुविधायुक्त र रणनितिक सडकसँग जोडिएको छ । वडा भएकाले जनताको जिवनस्तर सुधार,स्वारोजगार सिर्जना, कृषिमा व्यावसायीकिरण गरी सुखी र समृद्धी खस्यौली बासी बनाउने उद्देश्य तर्फ हामी उद्धत छौ । यसका लागि सबैको साथ र सहयोग अपरिहार्य छ ।

विष्णु खनाल
वडा अध्यक्ष

वडा नं. ४ भैरवस्थान

डाँडाकाडा र हरियालीको सुन्दर मानीने रिब्दीकोट गाउँपालिकाको वडा नं. ४ भैरवस्थान पनि एक धार्मिक,पुरातात्वीक ऐतिहासिक एवम पर्यटकीय महत्व राख्ने वडा हो । यस वडामा १६ औ शताब्दीको राजा मणिमुकुन्द सेन प्रथमले पुर्नाकोटमा राजदरबार स्थापना गरी पाल्पाको राज्य संञ्चालन गरेका थिए । उनले यहि पुर्नाकोट दरबारबाटै आफ्नो राज्यको विस्तार गरेको ए त्यसै क्रममा राती सेप्ता भई काल भैरव मन्दिरको स्थापना गरेका थिए भने भैरव मन्दिरमा वैधिक विधि बमोजिम काल भैरव कृतमुख बटुक भैरव र देबीको पुजा विधि पूर्वक गर्नको लागि अखण्ट धुनी, अखण्ट दिप प्रज्वलितको व्यवस्था मिलाए बमोजिम हालसम्म पनि अखण्ड धुनी र बत्ती बलिरहेको छ । भैरवले सपना देखाए बमोजिम विधिबाट अगाडि बढेकाले उनलाई ६ राज्य विस्तार गर्न शक्ती प्राप्त भएको थियो भन्ने जन भनाई रहेको पाइन्छ । यस वडामा राजाले नुहाउने धारा (पाल्पालीधारा) आफ्ना सेनाहरुलाई पैडीने पोखरी(पालेपोखरा) जस्ता ो रहेको पाईन्छ ।

आजकाल भैरब मन्दिरमा पुजा गर्न आउने विभिन्न भक्तजनले यहाँ विभिन्न भाकल गर्ने गर्दछन , त्यस्तै यहाँका मानिसहरु नयाँ खेती भित्राई मन्दिरलाई अर्पण गरे मात्र खाने गर्दछन् भने विभिन्न भाकलहरु पुरा भएपछि पुजा गर्न आउनेहरुको पनि ठूलो घुइँचो देख्न सकिन्छ । आफ्नो पुजा सकिएपछि भक्तजनहरु विभिन्न डाँडाकाँडा उत्तर तर्फ मुस्कुराई रहेका हिम श्रृङखलाहरु दृश्य देख्दा झनै लोभलाग्दो देखिन्छ । यहाँ आउने मानिसहरु एकपटक आएर मन्दिरको दर्शन तथा विभिन्न स्थानको दृश्यावलोकन गरेपछि नलोभिने कोहि बाँकी रहदैन । त्यस्तै पुर्नाकोट दरबार बनेको स्थानको पनि आफ्नै महत्व देखिन्छ । यहाँ प्रत्यक वर्ष वैशाखमा मानिसहरु जम्मा भई पुजा गरि दुध धार चढाउने तथा पन्चवली चढाई पानी माग्ने प्रचलन रहि आएको छ । पहिलापहिला २०२८ साल सम्म यहाँ पानी माग्नको लागि पाल्पा व्यारेकको समेत उपस्थिती रहन्थ्यो । हाल पुर्नाकोट दरबार भग्ना बसेसमा परिणत भएकोले २०७९ मा पुरातत्व विभागको अगुवाईमा उत्खनन् गर्ने कार्य भएको थियो । २०६२/०६३ बाट पर्यटन मन्त्रालयबाट मन्दिर वरिपरी ढुङ्गा छपाई शौचालय निर्माण मन्दिरको पश्चिम भागमा एक पार्क फुलबारी समेत निर्माण भएको छ । २०६७/०६८ देखि पुरात्व विभागबाट मन्दिरको भवनहरुको पुननिर्माण गर्ने कार्यहरु भईरहेको छ जसले यहाँको सुन्दरतालाई झल्काउन मद्दत गर्दछ । हाल भैरब मन्दिरमा आउने श्रद्धालुको सल्लाह सुझाव अनुसार १ कोसेली घर संचालन हुदैछ जसले गर्दा यहाँको स्थानिय उत्पादनबाट उत्पादित बस्तुको प्रयोग गर्न सजिलो हुने विश्वास गरिएको छ । प्रदेश सरकारको आर्थिक सहयोगमा यस भैरबस्थानको बृहत गुरुयोजना यसै आ.व.मा बनाउने कार्य सुरु भएको छ । यसले यहाँको विकासको लागि ठुलो मद्दत गर्ने देखिएको छ ।

वडाबाट गरिएका प्रयत्न र आगामी सोच

- प्रसिद्ध धार्मिकस्थल भैरबस्थानको सौन्दयीकरण र व्यवस्थित गर्न सौर्यबत्ती ,पार्किङ स्थल निर्माण लगायतका कार्य भएको छ ।
- सौरगौरा लिफ्ट खानेपानी मोटरबाटो स्तरोन्नती गरीउको ।
- भैरवस्थान डुम्रे मोटरबाटो स्तरोन्नती गरिएको ।
- रानीठाँटी मसुरे भारकोट हुदै होलांदी मोटरबाटो निर्माण भएको छ ।
- वडा कार्यालय भवन मर्मत र व्यवस्थित गरिएको छ ।

यस वर्षका उद्देश्य :

- भैरवस्थानको पार्किङ्ग व्यवस्थापन, कोसेली घर सञ्चालन गर्ने ।
- भैरव जनता मा.वि. को प्राङ्गणमा टायल छपाई र अपाङ्गमैत्री बाटो निर्माण गर्ने ।
- स्वास्थ्य चौकी मार्फत गर्भवतीलाई अण्डा वितरण गर्ने
- संस्कृतीमा आधारीत झाँकी प्रदर्शन र राष्ट्रिय लाखे नाचमा निरन्तरता दिने ।
- कृषि कार्यमा कृषकसँग साझेदारीमा यान्त्रिकीकरण वजारीकरण गर्ने

समग्रमा रिब्दीकोट गाउँपालिकाको सास्कृतिक, धार्मिक आस्थाको धरोहरका रुपमा रहेको र सेन वंशिय राज्य प्रणालीको आधार क्षेत्र भएको सन्दर्भमा यहाँको धार्मिक, साँकृतिक पक्षहरुको प्रचार प्रसार र बजारीकरण गर्ने लक्ष्य तथा उद्देश्य साथ हाम्रा गतिविधि निर्देशित गर्न जरुरी छ र सो कार्यका लागि सबैको साथ र सहयोग जरुरी छ ।

दुर्गा खनाल
वडा अध्यक्ष

वडा नं. ५ कुसुमखोला

शान्तीका अग्रदुत गौतमबुद्धको जन्मस्थल लुम्बीनीको नामबाट नामाकरण गरिएको लुम्बीनी अञ्चलमा रहेको परापुर्व कालदेखि वर्तमान सम्म आफ्नै छुट्टै पहिचान राख्न सफल पाल्पा जिल्ला सदरमुकाम तानसेन देखि १४ कि.मि. पश्चिममा पर्दछ । यसको पूर्वमा खस्यौली भैरवस्थान, उत्तरमा खस्यौली, देउराली दक्षिणमा ठिमुरे र पश्चिममा पालुङ, मैनादी गरी जम्मा ६ वटा वडाहरुको संगममा अवस्थित गोलो वृताकार आकारमा यो रिब्दीकोट लेक बाट उदाउँदो र अस्ताउँदो सुर्यको स्वर्णीम आलोक सँगै खेल्दै हिमाली पवनले निरन्तर सेचन गरिरहने सदाबहार बनस्पतीले हराबरा अनगिन्ती जडिबुटी र जल सम्पदाको भण्डार स्वरुप उच्तम हिम श्रृङखलाहरुसँग मितेरी लगाउन इच्छुक सुन्दर, रमणिय धार्मिक ऐतिहासीक, पर्यटकिय पृष्ठभुमि धारण गरेको रिब्दीकोट र जलेश्वर मन्दिरको वक्षस्थल श्री भवानी देबीको काखमा काकुसुमखोला नामले परिचित छ ।

भौगोलिक क्षेत्रफलको आधारमा ११.५८ वर्ग कि.मि. यसको क्षेत्रफल र जनसंख्याको हिसाबले जनगणना २०६८ अनुसार १६२४ जनसंख्या यस वडामा रहेको छ । नेपालको राजनिती परीर्वतन संगै स्थानिय तहको निर्वाचनमा हामीलाई यस वडाका जनताले विजय गराउनु भयो । यहाँको अमुल्य मतको हामीले सम्मान गर्ने नै छौ । हामी अहिले सबैको प्रतिनिधी तथा सेवक छौ । राजनितिक प्रतीस्पर्धा र प्रजातान्त्रीक परीपाटीलाई सबैले सहज मानी सबैसँग सहकार्य गर्दै अझ अगाडी बढ्नु पर्दछ । हामी सबै दलका साथीहरु मिलेर यस वडाको समग्र बिकासमा हातेमालो गरेर अगाडी बढ्ने हाम्रो मुख्य लक्ष छ । सहयोग छ सबैको निरन्तर सहयोग अपेक्षा समेत गरिएको छ ।

यस रिब्दीकोट गा.पा. वडा नं. ५ मा हामी जनप्रतिनिधी बहाल भएपछि एक आर्थिक वर्ष सफलताका साथ सम्पन्न गरि दोस्रो आर्थिक वर्षको मध्यान्तर तिर कदम बढाई रहेका छौ । गत वर्षको वडागत समिक्षा गर्दै प्राप्त अनुभवबाट शिक्षा लिएर बढोत्तरी जनआकाङक्षा अनुसार क्रमिकरुपमा बिकासको गतिलाई सहिबिन्दुमा पुचाउने अवसर प्राप्त भएको महसुस भएको छ । जनताको सहभागितामा बस्तीस्तरबाट छनोट भई आएका योजनालाई वडा तहमा छलफल तथा प्राथमिकरण गरेर बजेट बिनियोजन गरि कार्यान्वयन चरण देखि फरफारक गर्दा सम्म विविध

चुनौती र समस्या आउदा रहेछन । विद्यमान चुनौती र समस्यालाई समधान गर्दै आगामी प्राप्त उपलबधीको रक्षा गर्दै आगामी आ.व.हरुमा चुनौती र समस्यालाई सिमित गर्दै योजना कार्यान्वयन र फरफारकलाई प्रभावकारी पारदर्शी र गुणस्तरीय बनाउदै बिकास प्रकृयामा नविन गतिशीलता थपिने आशा गरिन्छ ।

वडाको निकासको सहि दिसानिर्देश गर्न निकै अप्ठारो रहेपनि राजनितिक दल, जनप्रतिनीधीहरु तथा कर्मचारीहरुको सहयोग र सकृयतामा आर्थिक सामाजिक समृद्धीका केही कामका थालनी भएका छन् । गत आ.व.२०७४/०७५ र चालु आ.व. ०७५/०७६ को १८ महिना सम्म आई पुग्दा यस वडामा भए गरेका मुख्य उपलब्धी र भावी कार्यक्रम तथा योजना तपशिल बमोजिम उल्लेख गर्न चाहन्छु ।

भौतिक पूर्वाधार तर्फ :

- गत आ.व.मा नयाँ ट्रयाक बनाईएको ७.५ कि.मि.
- गत आ.व.मा स्तरोन्नती गरेको ६.३ कि.मि.
- गत आ.व.मा पक्की नाली टेवा वाल १२५ मि.
- गत आ.व.मा ढुङ्गा छपाई ३०० मि.
- उपरोक्त अनुसारको कार्यगर्न रु २६,५०,०००।-बजेट विनियोजन भएको थियो । यस वडामा ५ कि.मि. पक्की र टोलबस्ती जोड्ने मोटरबाटो ४५.३ कि.मि.

भवन निर्माण तर्फ :

- सामुदायिक भवन निर्माण २ वटा टर्स सहित ।
- सामुदायिक २ वटा भवनमा टर्स राखिएको ।
- सामुदायिक एउटा भवन मर्मत ।
- लक्ष्मी आधारभुत विद्यालय घेरा वाल निर्माण ।
- भवानी मा.वि. को ग्राउण्डमा टाउल छपाई ।
- लक्ष्मीनारायण मन्दिर जिर्णेद्रार ।
- महिला बहुउद्देश्यीय सरकारी संस्था लि. भवन मर्मत ।
- प्रतिक्षालय निर्माणको पूर्वाधार तयारी ।
- वडा कार्यालय व्यवस्थापन रंग रोगन तथा सौन्दर्यकरण ।
- उपरोक्त अनुसारको कार्य गर्न रु १६,००,०००।-बजेट विनियोजन गरिएको थियो ।

खानेपानी तर्फ :

- १२ घन मिटर टंकी निर्माण
- १ घन मिटर २ वटा टंकी निर्माण

- ७ वटा धारा निर्माण
- ७०० मिटर पाईप विस्तार
- १ वटा कुवा व्यवस्थापन र धारा निर्माण
- उपरोक्त अनुसारको कार्य ६,५०,०००।-बजेट विनियोजन भउको थियो ।
- भौतिक संरचना अन्तर्गत पैदल यात्रा र बिपद न्युनिकरण वर्षा यामका लागि ६ मिटरको पक्की फडके निर्माण ।

गरिवी न्युनीकरण अन्तर्गत

- अति विपन्न ३३ घरघुरीमा टिन लगाई खरले छाएको घर मुक्त पहिलो वडा घोषणा गर्न सफल
- २० जनाको महिला समुह बनाई २/२ वटा उन्नत बाखा ४० वटा पैचोको रुपमा उपहार बाखा वितरण ।
- १७ जना अपाङलाई स्वास्थ्य बिमा गरियो ।
- १६ जना अपाङलाई अपाङ हित कार्यक्रम अन्तरर्गत २/२ वटा उन्नत बाखा ३२ वटा उपहारको रुपमा वितरण ।
- ५५ घरका दलित समुदायको स्वास्थ्य बिमा गरियो ।
- छुवाछुत र दलित अधिकार समबन्धि १ दिने तालिम दिईएको ।
- ३५० घरको माटो विशेषज्ञद्धारा माटो परिक्षण गरियो ।
- टोल स्तरीय बालबालिकालाई आवश्यक खेलकुद, शैक्षिक सामाग्री,कार्यालय व्यवस्थापनमा सामान खरिद गर्न अनुदान दिईयो ।
- विद्यालय स्तरका अति विपन्न जेहन्दार विद्यार्थीका लागि प्रोत्साहन स्वरुप छात्रबृत्ती वितरण गरियो ।
- २ वटा नागरिक सचेतना केन्द्रलाई सरसफाईका सामान र कार्यालय व्यवस्थापनका सामान खरिद गर्न अनुदान दिईयो ।
- २७ जना जेष्ठ नागरिकलाई बृद्ध सम्मान कार्यक्रम अन्तरर्गत न्यानो कपडा कम्बल र पौष्टिक आहारा हर्लिक्स बितरण गरियो ।
- बाल बुद्ध कल्णाय संघद्धारा दिवा सेवा केन्द्र स्थापना गर्न आर्थिक सयोग भयो ।
- व्यावसायिक रुपमा सथानिय र ठुलो परिमाणमा बिकासी कुखुरा पालक १६ जनालाई प्रोत्साहन स्वरुप रु ५,०००।- का दरले नगद प्रदान गरियो ।
- ९३ वटा फलामे पोल गाडि तार व्यवस्थापन कार्य सम्पन्न गरियो ।

वडा कार्यालयबाट सेवा प्रदान गरिएको विवरण

आ.व. २०७४/७५ मा

- नगरिकता सिफारिस जम्मा १४५ वटा ।

- विविध खालका सिफारिस जम्मा १६९ वटा ।
- विपद व्यवस्थापन तथा आर्थिक सहायताका लागि सिफारिस ४ वटा ।

आ.व २०७५/०७६ प्रथम चौमासिकमा

- नागरिकता सिफारिस जम्मा ६९ वटा, विविध सिफारिस ४६ वटा, विपद व्यवस्थापन तथा आर्थिक सहायताका लागि सिफारिस १ वटा ।

आ.व. २०७५/०७६ मा भएका चालु योजनामा भएका उपलब्धीहरु

- १८३.५ मिटर ग्राभेल (भुक्तानी भएको) ।
- महिला बहुउद्देश्यीय स.स.लि. भवनको प्लास्टर ।
- १.९ कि.मि. मोटरबाटो स्तरोन्नती र नाली निर्माण ।
- २ स्थानका बाटोका ग्याविङ्ग वाल निर्माण सम्पन्न ।
- विद्यालयको घेरावाल कार्य सम्पन्न ।
- १ वटा महिला भवन प्लास्टर गर्ने कार्य सम्पन्न ।
- २ वटामा ढुङ्गा छपाई कार्य सम्पन्न ।

आ.व. २०७५/०७६ को लागि भावी कार्यक्रम

- एक घर एक धारा टोल नं. ३ मा सुरु गरिएको घर संख्या ७५ ।
- व्यवसायिक पशुपालन गर्नका लागि साझेदारी कार्यक्रमका लागि व्यक्ति समुह तथा फर्म संग निवेदन माग गरिएको ।
- रिब्दीकोट पर्यटन क्षेत्रको बिकास र प्राकृतिक बगैचा निर्माणका लागि जोड दिने ।
- डेरी व्यवस्थापनलाई जोड दिने ।
- समुदगत तरकारी खेतीलाई जोड दिने ।
- विद्यालय स्तरका वालिकाका लागि स्यानेटरी प्याडको व्यवस्थापन गर्ने
- वडा भित्रका HIV संक्रमितका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने
- नागरिक सचेतना केन्द्र र महिला समन्वय समितीलाई सकृय रुपमा कृयासिल गराई काम गर्न अभिप्रेरित गर्ने ।

कृष्ण थापा

वडा अध्यक्ष

वडा नं. ६ ठिमुरे

सफा घर सफा गाउँ, समृद्ध रिब्दीकोट हाम्रो अभियान भन्ने नाराको साथ विकेन्द्रीकरणको सिद्धान्त अनुरुप वडाको योजनावद्ध विकासलाई ठोस रुपमा अगाडी बढाउनको लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकनमा रिब्दीकोट गाउँपालिका वडा नं. ६ को महत्वपूर्ण भूमिका रहेको छ ।

स्थानिय तह पुनसंरचना अनुसार ७ सय ५३ स्थानिय तह ७ प्रदेश मध्ये प्रदेश नं. ५ मा पर्ने रिबदीकोट गाउँपालिका पनि एक हो । यस अन्तर्गत वडा नं. ६ पर्दछ । साविक ठिमुरे गाविस वडा नं. ६ बनेको छ । जिल्लाको रिब्दीकोट डाँडा -कोटको डाँडा) को काखमा अवस्थित रहेको छ । वडा को नाम ठिमुरे कसरी रहेछ भने बिदन्ती अनुसार यस क्षेत्रमा टिमुर (बनीस्पती) पाईने हुनाले टिमुरे, टिमुरे हुदै त्यही शब्दको अपभ्रंश भई ठिमुरे हुन गएको हो भन्ने भनाई रहेको छ । अझैपनी ठिमुरे र पालुङ्गमैनादीको सिमानाको एक स्थानलाई टिमुरडाँडा भनिन्छ ।

भौगोलिक अवस्था :

पाल्पा जिल्लाको सदरमुकाम देखि करिब २५ कि.मि. दक्षिण पश्चिममा अवस्थित यस वडाको उत्तरमा कुसुमखोला,पूर्वमा मस्याम र भैरवस्थान, दक्षिणमा दोभान र कचन र पश्चिममा पालुङ्गमैनादी र फेक गाविस(साविकका) रहेका छन् । यस वडाको माथिल्लो भाग समुद्ध सतहकाट करिब ६ हजार फिट उचाईमा रहेकोले यहाँ हावापानीको दृष्टिकोणले चैत्र, वैशाख र जेठ महिना अनुकुल र अन्य महिनाहरुमा प्रायः हुस्सु लागिरहने भएकोले प्रायः जाडो भईरहने गर्दछ । वडाको तल्लो भागको समुन्द्र सतहबाट २ हजार फिट उचाईमा रहेकोले तल्लो भागमा भने केही न्यानो हुन्छ । यस वडाबाट अन्नपूर्ण, माछापुच्छे र धौलागिरी जस्ता हिमालहरुको मनोरम दृष्य अवलोकन गर्न सकिने र जलेश्वर मन्दिर र रिब्दीकोट डाँडाको नजिक रहेकोले पर्यटकीय र धार्मिक अवलोकनको दृष्टिले महत्वपुर्ण रहेको छ ।

सामासजिक र आर्थिक अवस्था :

कुल जनसंख्याको करिब १८.५ मगर जातीको बसोबास रहेको वडाका बासिन्दाहरुको जनजीवन मध्यम स्तरको छ । कृषि पेशालाई मुख्य पेशा अपनाएका करिब ९०.५ % यहाँका बासिन्दाहरुले आफुले उब्जाएका बस्तुहरुलाई वडाको लुली भट्टी र नेटा बजारमा मंगलबार र शुक्रबार लाग्ने बजारमा बिक्री गर्दछन् । वडाबाट उत्पादन हुने बस्तुहरु बिकी नभएर खेर फाल्नु परेको छैन । जंगलमा पाईने जडिबुटी टिमुर अधिक मात्रामा उत्पादन हुने भएकोले कतिपयले यसबाट रोजिरोटी समेत चलाएका छन् । टिमुर प्रति के.जि. रु ९०० सम्म बिकी हुने गरेको छ । ठिमुरेमा जिल्लामै सबैभन्दा बढी मह उत्पादन हुने गर्दछ त्यसैले मह बेचेर पनि आफ्नो जिवनस्तर चलाउने हरु रहेका छन् । रोजगारीको अभावले युवाहरु वैदेशिक रोजगारमा जान बाध्य भएका छन् । थोरै

मानिसहरु सेवा क्षेत्रमा लागेका छन् । सहभागितात्मक योजना तर्जुमा प्रकृया राष्ट्रिय योजना आयोगले निधारण गरेको आधारमा आर्थिक वर्ष २०७४/०७५ का लागि रिबदीकोट गाउँपालिकाले योजना तयार गरेको छ । रिब्दीकोट गाउँपालिकाको योजना तर्जुमा प्रक्रियालाई बढी समाबेशी र यथार्थपरक बनाईएको छ ।

शैक्षिक र यातायात को अबस्था :

वडा नं. ६ मा ८ वटा विद्यालय रहेको छन् । दुई वटा मावि एक निमावि र ५ वटा प्रा.वि. विद्यालय रहेका छन् । यातायातको हिसावले वडा कार्यालयबाट सबै कच्ची मोटरबाटोहरु साबिक ठिमुरे गाविस हाल वडा नं. ६ का टोल र बस्तीहरुमा पुगेको छ । वडाका तिन सडक मुख्य मोटरबाटोहरु मध्ये नेटा-देउराली-छतिवन दोभान हुदै बुटवल जोड्ने २६ कि.मि. सडक एक हो । यो मोटरबाटोले डुम्रे-लुलीभट्टी-बतासे जोडेको छ भने ठिमुरे सँगै जिल्लाको पश्चिम भेगको नाका खुलेको छ ।

विद्युत र संचार :

वडामा सबै घरधुरीमा विद्युतीकरण भएको छ । २०७५ भाद्र महिनामा ५० घरधुरीमा विद्युतीकरण गरी सबैको घरमा बिजुली बत्ती बलेको छ । काठका बिजुलीका पोललाई विस्तार फलामका पोल राख्ने योजना बनाईएको छ । नेपाल टेलीकमको वडामा रहेको टावरले वडामा सञ्चारमा सहजता भएको छ ।

सामाजिक सुरक्षा भत्ता :

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत वडामा १ सय २७ बृद्ध, १ सय ६ एकल महिला, ३७ जेष्ठ दलित र ६२ दलित बालबालिकालाई सुरक्षा भत्ता विवरण गरिएको छ । ५ जना पूर्ण अपाङ्ग ४ जना असहाय र ३२ जना सामान्य अपाङ्गता भएकालाई पनि सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

कुल बहादुर जि.सी.
वडा अध्यक्ष

वडा नं. ७ पालुङ्गमैनादी

रिब्दीकोट गाउँपालिका वडा नं. ७ पालुङ्गमैनादी उत्तर दक्षिण लामो आकारमा अवस्थित रहेको टोल नं. १ देखि टोल नं. ९ सम्म दक्षिण पूर्व तिर रहेको छ । समुन्द्री सतहबाट ८५० देखि १८०० मिटरको उचाईमा रहेको यस वडामा औषत समशितोष्ण हावापानी रहेको छ। यस वडामा स्थानिय निकायको निर्वाचन पश्चात यस वडाको नेतृत्व समालेपछि विकासको काममा प्राथमिकता दिएका छौ ।

कार्यालय व्यवस्थापन तर्फ :

विगत लामो समय देखि जनप्रतिनिधी विहिन रहेको यस अवस्थामा सम्पूर्ण काम एउटै कोठाबाट हुदै आएकोमा हाल आएर प्रशासनिक फाँट, अध्यक्ष कार्यकक्ष, शौचालय करिव ११,५०,०००।- लगानी गरि भवन मर्मत तथा निर्माण सभा हल, भवन प्लास्टर,रङ रोगन, पुराना कागज पत्रको व्यवस्थापनको लागि अफिस ञ्याक नेट व्यवस्थापनको हाल काम सम्पन्न भएको छ । साथै यस कार्यबाट सेवाग्राही लाई समेत काममा छिटो र छरितो भएको महसुस भएको छ ।

शिक्षा तर्फ :

आ.व. ०७४/०७५ को बजेटबाट यस वडामा रहेका ३ वटा विद्यालयहरुलाई भौतिक तथा प्राविधिक विकासको लागि रु २३,००,०००।- विनियोजत गरिएको थियो यो पनि एक महत्वपूर्ण उपलब्धी हो ।

यातायात तर्फ :

सडकको स्तरोन्नती सुधार यातायातको एक महत्वपूर्ण अङ्ग हो । यातायात विना विकास निर्माण असम्भव छ । यातायात क्षेत्रमा मात्र ३५,००,०००।- भन्दा बढी विनियोजिन भएको छ । साथै गत आ.व. मा मात्र २०,००,०००।-भन्दा बढीको काम भएको छ । जसबाट यस वडाको धेरै बाटाहरुमा स्तरोन्ती नयाँ बाटाहरु खोलिएका छन जसबाट यस क्षेत्रमा उत्पादन भएको टमाटर सुन्तला तथा मैसमी, बेमौसमी तरकारीहरुलाई समेत यातायातको कारण कुनै समस्या आएको देखिदैन । गत आ.व. मा विनियोजित रकमबाट मात्र थुम्कीला तल्लावारी मोटर बाटो नियमित रुपमा संचालनमा आएको छ । उक्त बाटोको केही भागमा गिट्टी बिछयाउने काम समेत भएको छ । गहत्यार बासटाँरी पाखसिली बाटो पुर्ण रुपमा स्तर उन्नती भएको छ । भने केही भागमा गिट्टी बिछयाउने काम समेत भएको छ । त्यसैगरी टोल नं. ०९ को डोड्राउने धनराज नयाँ मोटर बाटो को ट्रयाक खोलिएको छ । जसबाट त्यस क्षेत्रमा उत्पादीत बस्तुहरुलाई सहज रुपमा बजार सम्म पुचाउन सहज भएको छ । साथसाथै टोल नं. ५ को अर्खौदी देखि डडुवासम्म नयाँ ट्रयाक खोली १५ घर धुरी लाई यातायातको समस्या भएको छैन यो पनि एक उल्लेख्य सुधारको अवस्था हो । त्यस्तै गरि पालुङ्गको केही तथा टो नं. ५ को केहि भागमा समेत नयाँ ट्रयाक खोली जनमानसलाई निकै सुविधा भएको महसुस गरेको छ । साथै यस वडाका साविकमा गाडि चलिआएको बाटाहरुलाई समेत स्तरोन्नती गरिएको छ । यस आ.व.मा केहि बाटाहरु बाहेक स्तरोन्नती गर्ने लक्ष्य राखिएको छ जसको कारण

बाटाहरु दिर्घकालिन रुपमा संचालनमा आउने छन् । साथै विद्युत विकास निर्माणको एक अधिङ्ग अंङ्ग हो यसैलाई महसुस गरि काठका जिर्ण पोलहरुलाई हटाई गाउँपालिका तथा विद्युत कार्यालयबाट लगभग १०० भन्दा बढी स्टिल पोलहरुलाई फेर्ने काम भएको छ । यस बाट विद्युत जोखिमता हटेको छ साथै आगामी दिनमा पुरै काठका पोलहरु हटाउने लक्ष्य राखिएको छ ।

खानेपानीलाई पनि बिशेष प्राथमिकताका साथ हेरेको छु । चुर्पुक धारा लिप्ट खानेपानी को काम सुरु गरि यस वडाको पहिलो प्राथमिकताका साथ गत आ.व. मा मात्र रु ६,००,०००।- विनियोजित गरेको थियो उक्त लिफ्टको कार्य धेरै नै अगाडि बढेको छ । यस कामलाई जतिसको छिटो सम्पन्न गर्ने लक्ष्य राखिएको छ । साथै सानातिना खानेपानी आयोजना पाईप खरिद छुटपुट मर्मत सम्भार मा मात्र रु २७,००,०००।- विनियोजित गरिसकिएको छ भने गत आ.व. मा मात्र रु १९,००,०००।- भन्दा बढीको काम सम्पन्न भएको छ । यस बाट जनताहरु लाभान्वित भएको महसुस भएको छ । साथै आगामी दिनमा हरेक जनताहरुलाई घर/घर सम्म पाईप मार्फत पानी पुचाउने लक्ष्य राखिएको छ ।

साथै कृषि तथा पशुपालन तर्फ बिशेष प्राथमिकताका साथ हेरिएको छ त्यस कारण यस आ.व.मा कृषि तथा पशुपन्छी विकासको लागि रु ८,००,०००।- विनियोजित गरिएको छ । आगामी दिनमा कृषि तथा पशुपन्छी विकाश मार्फत यस क्षेत्रमा रहेका युवाहरुलाई आत्मनिर्भर बनाउने लक्ष्य राखिएको छ । लक्षित कार्यक्रम तर्फ गत आ.व. मा दलित जनजाती र महिला तर्फ विनियोजित भएको रकम रु ५,००,०००।- को काम सयुक्त रुपमा सिलाई बुनाई को तालिम गरिएकोमा हाल तालिम पश्चात १० जना भन्दा बढीले सिलाई कटाई पसल नै संचालन गरि आएको हुदा यस कार्यक्रमबाट केहि व्यक्तीहरु आत्मनिर्भर बनेको साथै आगामी दिनमा यस कार्यक्रम मार्फत धेरै व्यक्तीहरुलाई आत्मनिर्भर बनाउने लक्ष्य राखिएको छ ।

यस वडाको समग्र अवस्था शिक्षा। स्वास्थ्य। यातायात, विद्युत खानेपानी पारदर्शिता, सेवाग्राहिको काम छिटो छरितो कार्यालय व्यवस्थापन सुचना तथा संचार काममा जनसहभागिता को काम उत्साह रुपमा रहेको छ साथै यस्ता कार्यलाई आगामी दिनमा अझ व्यवस्थित रुपले लैजान यस वडा कार्यालयको सोचका साथ अगाडी बढाएका छौ ।

निल बहादुर रास्कोटी
वडा अध्यक्ष

वडा नं. ८ फेक

५ नं. प्रदेश पाल्पा जिल्ला, रिब्दीकोट गाउँपालिका अन्तरर्गतको ८ नं. वडा फेक, पाल्पाको सदरमुकाम तानसेन देखि २५ कि.मि. पश्चिममा अवस्थित छ । यस क्षेत्रको क्षेत्रफल २९.३२ वर्ग कि.मि. छ । वि.स. २०६८ को जनगणना अनुसार यस वडाको जनसख्या २९७२, मगर जातीको बाहुल्यता रहेको वडा हो । स्थानिय तहको निर्वाचन पछि निवाचित जनप्रतिनिधिहरुको सक्रियतामा सम्पन्न गरिएका कार्यहरुको संक्षिप्त विवरण,

शिक्षातर्फ : .भौतिक सुविधा विस्तार तर्फ गत आ.व. मा १५ लाख रुपैया र यस वर्ष ११ लाख रुपैया विनियोजन भएको छ ।

स्वास्थ्य तर्फ : निःशुल्क स्वास्थ्य परीक्षण, परिवार नियोजन शिविर संचालन र पोषणको कार्यक्रम र विद्यार्थीहरुलाई टिफिन बक्स वितरण गरिएको । यस वर्ष ताल्तुङमा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना र फेक स्वा.चौकीमा बर्थीङ्ग सेन्टर स्थापना गरिदै छ । नेपाल रेडक्रस सोसाईटी मार्फत ३ वर्षको लागि समुदायमा आधारीत स्वास्थ्य तथा प्राथमिक उपचार कार्यक्रम (CBHFA) द्रारा स्वास्थ्य सर स्वास्थ्य सरसफाई, महिला तथा किशोरी स्वास्थ्य र प्राथमिक उपचार संबन्धीत बिभिन्न सचेतना तालिम कार्यक्रम चलिरहेको छ ।

विद्युत : यस वडाको आरेफान क्षेत्रमा विद्युतविस्तार अन्तर्गत गत वर्ष विद्युतपोल र यस वर्ष तार जडान गरी विद्युत आर्पुती गरिदै छ ।

खानेपानी : प्राय सबै टोल बस्तीमा खानेपानीको मुहान, ट्र्याङकी मर्मत गर्नुपर्ने भएकोले गत आ.व. मा ९ लाख रुपैया र यस वर्ष २० लाख रुपैया विनियोजन गरी खानेपानीलाई व्यवस्थापन गरिएको छ । ३ वटा ठुला लिफ्टीङको योजनाको Detail surrey भएको र रकमको लागि प्रदेश एवंम केन्द्रमा माग गर्न गा.पा. बाट सिफारिस समेत भएको छ ।

यातायात : कतिपय नयाँ ट्याक, बाटाहरुको स्तरोन्नती गरी यातायातको सहज पहुँच पुचाईएको ।

खेल मैदान : साविकका सबै वडाहरुमा १,१ वटा भलिबल खेल मैदान निर्माण र भेडीचौर खेल मैदानलाई फुटबल खेल मैदानको रुपमा स्तरोन्नती गर्ने कार्य ।

कृषि/पशुविकाशः गत आ.व. मा मौरी घार स्प्रे, प्लाष्टिक टनेल ५०% अनुदान कृषकलाई वितरण गरिएको, ४ वटा साँध कुलो मर्मत कार्य सम्पन्न भएको छ । यस वर्षमा खासगरी भकारो सुधार, बाखाको खोर निर्माण, बंगुरको खोर सुधार आदी कार्यक्रम ५०% अनुदानमा सम्पन्न गर्ने योजना रहेको छ ।

चुनौती हरु : जनजाती तथा दलित बाहुल्य क्षेत्र, अशिक्षा, गरीबी र अन्य विश्वासका कारणले यस क्षेत्रको चुनौती हो । त्यस्तै खानेपानी व्यवस्थापन त्यस्तै कृषि तथा पशुपालन व्यवसायीकता हुँदा वैदेशिक रोजगारीको बाहुल्यता, बाँदरको प्रकोपको आदिको कारणले बसाई सराई यस क्षेत्रको चुनौतीको रुपमा रहेको छ ।

आगामी योजनाहरु :

- पोषण तथा सरसफाई सम्बन्धि, शिक्षक,कर्मचारी एवं विद्यार्थीहरुको क्षमता विकास गर्ने
- युवायुवतीहरुलाई निजामती सेवा सम्बन्धि अभिमुखीकरण कार्यक्रम संञ्चालन गर्ने ।
- वडा कार्यालय भवन निर्माणको थालनी गर्ने ।
- महिला स्वास्थ्य एंव प्रजनन् सम्बन्धी १ दिने निःशुल्क शिविर आरेफानमा संञ्चालन गर्ने ।
- बालबिवाह न्युनीकरणका अभियानहरु सञ्चालन गर्ने ।
- खानेपानी समस्यालाई आगामी ३ वर्ष भित्र समधान गर्ने ।
- कृषि तथा पशुपालनलाई व्यवसायिकता तर्फ उन्मुख गराउने ।
- बतासे फेक, कचल मोटरबाटोलाई कचल सँग जोड्ने साथै डेडु र अर्खले धारमा पक्की पुलको व्यवस्था मिलाउने ।
- मुख्य सडक देखि वडा कार्यलय भवन सम्मको मोटर बाटोलाई कम्तीमा ग्रावेलिङ र आवश्यक स्थानमा कम्तीमा खण्डे ढलान गर्ने ।
- जिल्ला प्रशासनसँग समन्वयमा एकीकृत घुम्ती शिविर मार्फत जनतालाई घरदैलो मै सेवा उपलब्ध गराउने यस वडालाई खेलकुद पर्यटन र तराईसम्म जोड्ने पुर्वाधार निर्माण गरि सामाजिक र आर्थिक विकासमा टेवा पुचाउन र पछाडि परेको बस्तीलाई मुलप्रवाहीकरण गर्न जरुरी छ ।

नरायण लामटाङ्गे
वडा अध्यक्ष

रिब्दीकोट गाउँपालिकाको शैक्षिक अवस्था

शिक्षा देश विकासको मेरुदण्ड हो । शिक्षालाई सामाजिक परिर्वतन र आचरण निर्माणको कारणका रुपमा लिने गरिन्छ । शिक्षाले नागरिकलाई स्थानिय, राष्ट्रिय र अन्तराष्ट्रिय समुदायमा प्रवेश गर्न र उपयोगी काम गर्न सहयोग पुचाउने गर्दछ । नेपालको संविधान भाग ३ मा मौलिक हक अन्तर्गत धारा ३१ म शिक्षा सम्बधी हकको व्यवस्था छ । शिक्षा सम्बन्धी हकले प्रत्येक नागरीकलाई आधारभुत शिक्षामा पहुँचको हक हुनुको साथै आधारभुत तह सम्म निःशुल्क र अनिवार्य,माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । संविधानको अनुसुची ८ मा एकल अधिकार अन्तर्गत आधारभुत र माध्यमिक शिक्षा स्थानिय सरकारको जिम्मामा रहेको छ । स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) मा गाउँपालिका र नगरपालिका अन्तर्गत २३ वटा काम कर्तव्य र अधिकार उल्लेख भएको छ । आ.व. २०७५/०७६ को वजेटमा सम्पूर्ण बनलबालिकालाई विद्यालय ल्याऔ, टिकाऔ र सिकाऔ अभियान राखेको छ । स्थानिय तहमा क्रमश प्राविधिक शिक्षालय र विद्यालय पुचाउने, सुचना प्रविधी मैत्री शिक्षा मार्फत सार्वजनिक शिक्षाको गुणस्तर सुधार गदै लैजाने योजनाहरु रहेका छन् । **१४ औ त्रीवर्षीय योजनाको सोच शिक्षामा सबैको पहुँच र गुणस्तर अभिबृद्धी गरी प्रतिस्पर्धी उद्यमी र नव प्रवर्तनशील मानव पुँजीको बिकासबाट आर्थीक सामाजिक रुपान्तरण गर्ने रहेको छ ।**

रिब्दीकोट गाउँपापलका अन्तर्गत शिक्षामा पहुँच, गुणस्तर वृद्धी गर्न संगठनात्मक संरचना अन्तर्गत शिक्षा शाखा रहेको छ । पूर्व प्रा.वि. २९, आधारभुत तह कक्षा १-५ संचालन १९ वटा, आधारभुत तह कक्षा ६-८ संचालन ७ वटा, माभ्यमिक तह कक्षा ९-१० संचालन ५ वटा, मा.वि. तह कक्षा ११-१२ संचालन ७ वटा गरी गाउँपालिकामा ३७ वटा सामुदायिक विद्यालयहरु रहेका छन् । प्रा.वि. एक र आधारभुत तह कक्षा ६-८ संचालन एक संस्थागत विद्यालय रहेका छन् । वालविकासमा ५ सय ७० जना, कक्षा १-५ मा एक हजार ९ सय ३९ जना, कक्षा ६-८ मा एक हजार २ सय १६ जना र कक्षा ९-१० मा ६ सय ९० जना, कक्षा ११-१२ मा ४ सय ७७ जना र दलित १ हजार २ सय ३९ जना,जनजाती २ हजार ४ सय ७८ जना र अपाङ्गता भएका १ सय जना विद्यार्थीहरु रहेका छन् । गाउँपालिकामा भैरव जनता भैरवस्थान,आर्दश बहुमुखी देउराली र सरस्वती बहुमुखी क्याम्पस खस्यौली गरी ३ वटा क्याम्पस रहेका छन् । खस्यौली,देउराली र कुसुमखोलामा सामुदायिक सिकाई केन्द्र रहेका छन् । भवानी मा.वि. कुसुमखोलामा शुस्तश्रवण कक्षा, प्रभात मा.वि.पालुङ्गमैनादीमा १८ महिने कृषि

जे.टि.ए.र आर्दश मा.वि. देउरालीमा डिप्लोमा इन वाली विज्ञानका कक्षा सञ्चालन छन् ।

प्रा.वि. तहमा स्वीकृत दरबन्दी एक सय ४० जना, राहत १५ जना, आधारभुत तहमा स्वीकृत दरबन्दी ३३ जना र राहत १४ जना, माध्यमीक तहमा कक्षा ९-१० मा दरबन्दी २२ जना र राहत १६ जना, माध्यमीक कक्षा ११-१२ मा दरबन्दी ४ जना र राहत अनुदान ८ जना गरी गाउँपालिकामा कुल जम्मा १ सय ९९ जना स्वीकृत दरबन्दी र ५३ जना राहत अनुदानका शिक्षकहरु रहेका छन् । कतिपय विद्यालयहरुमा शुन्य दरबन्दी र न्युन दरबन्दी भएकाले शिक्षा विकास तथा समन्वय शाखाबाट शिक्षण सहयोग अनुदान कार्यक्रम अन्तर्गत ४ जना र गाउँपालिकाबाट १८ जना विभिन्न तहमा र कतिपय विद्यालयहरुले आफ्नै स्रोतबाट शिक्षकहरुलाई तलबको समेत व्यवस्था गरेका छन् ।

शाखाबाट सम्पादन भएका कार्यक्रमहरु :

- सर्शत अनुदान तर्फ आ.व. २०७४/०७५ मा ९५.८९ प्रतिशत र आ.व. २०७५/०७६ मंसिर मसान्त सम्मको २६.३२ प्रतिशत हासिल भएको छ ।
- गाउँपालिका स्तरीय अनुगमन समिती गठन गरी विद्यालयहरुको सुपरीवेक्षण, पृष्ठपोषण र आवस्यक सहयोग गर्ने कार्य भएको छ ।
- शिक्षा ऐन राजपत्रमा प्रकाशन भई सोही अनुसार वडा शिक्षा समिती गठन, गाउँ शिक्षा समिती गठन गरी शैक्षिक सुद्धिढीकरण र गुणस्तर वृद्धिमा क्रियासिल भएको छ भने कक्षा ५ को अन्तीम परिक्षा वडा स्तरीय शिक्षा समितीले गर्ने योजना रहेको छ ।
- प्रा.वि. तह सञ्चालन भएका, न्युन विद्यार्थी संख्या (३० जना भन्दा कम विद्यार्थी) रहेका १३ विद्यार्थीहरुमा कार्यदल गठन गरी सम्बद्ध सरोकारवालाहरुसंग छलफल अन्तरक्रिया गरी राय सुझाव संकलन र पृष्ठपोषण सहितको प्रतिवेदन तयार भएका छन् ।
- विद्यार्थी संख्या न्युन उपस्थित हुने पिछडिएको क्षेत्र र कुमाल वस्ती भएको वडा नं. १ को जोगिथुमको कालिका आधारभुत विद्यालयमा गाउँपालिकाले विद्यार्थीहरुलाई दिवा खाजा कार्यक्रम सञ्चालन गरेको छ ।
- पिछडिएको क्षेत्र र पोषणमा कमि रहेका वडा नं. ८ मा ४ सय जना विद्यार्थीहरुलाई टिफिन वक्स वितरण गरिएको छ ।

- गाउँपालिकाको आयोजनामा आधारभुत र माध्यमिक तहमा गणित, विज्ञान अध्यापन गर्ने शिक्षकहरुलाई शैक्षिक सामाग्री निर्माण र प्रयोग सम्बन्धी ३ दिने तालिम सञ्चालन गरिएको छ ।
- गा.पा. को आयोजनमा वाल दिवशको अवसरमा माध्यमिक विद्यालयका प्र.अ. सहित ४ दिने शैक्षिक अवलोकन भ्रमण र सिकाई पश्चात सबै विद्यालयहरुमा विद्यालयमा हुनुपर्ने न्युनतम आधारहरु भएका २२ वुदे सुचकहरु सबै विद्यालयहरुमा कार्यान्वयनमा रहेको छ ।
- प्राथमिक तहका शिक्षकहरु बिच वडास्तरीय, गाउँपालिकास्तरीय हाजिरी जवाफ प्रतियोगिता संचालन गर्ने तयारीमा रहेको ।
- प्राथमिक र आधारभुत तहका प्र.अ. र वि.व्य.स. अध्यक्षहरुका लागि विद्यालय सुसासन र क्षमता विकास सम्बन्धी तालिम संचालन गर्ने प्रकृयामा रहेको ।
- गा.पा. स्तरीय विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम संचालन गर्ने प्रकृयामा रहेको ।

शिक्षा अधिकृत

रिब्दीकोट क्षेत्रमा आयुर्वेदको सम्भावना र अवसर

आयुर्वेद संयोजकको भनाई

मानव सभ्यताको प्रारम्भ देखि नै स्वास्थ्य रक्षा गर्ने र रोगीको उपचार गरि निरोगी बनाउने उपाय परम्परा देखि चलिआएको पाईन्छ । औषधी तथा आहारको रुपमा प्रयोग गरिने सबै बस्तुहरुको प्रमुख श्रोत प्राणी जगत, खनिज तथा धातु र वनस्पती जगत गरी तीन प्रकारका भएता पनि वनस्पती जगतबाट प्राप्त हुने जडिबुटीको महत्व सर्वाधीक छ । हाम्रै घर आँगन बारी पाखामा रहेका जडिबुटीको पहिचान गर्न नसकेर सामान्य भन्दा पनि समान्य रोग लाग्दा समेत महंगो उपचार गराउन वाध्य छौ । आयुर्वेदको विकास र विस्तार हुन नसक्दा भनौ यसको पहिचान हुन नसक्दा हाम्रा नजिकै रहेका अमुल्य जडिबुटी त्यसै खेर गइरहेका छन् । जडिबुटिको खानी रहेको यस गाउँपालिकामा आयुर्वेद स्वास्थ्य सेवा दिने एक मात्र संस्था रिब्दीकोट गाउँपालिका वडा नं. ७ मा अवस्थित पालुङ्गमैनादी आयुर्वेद औषधालय हो । यसले यस गाउँपालिका का वडा नं. ५,६,७ र ८ का केहि जनतालाई मात्र सेवा दिन सकेको छ । आयुर्वेद क्षेत्रको विकास र विस्तार गर्नु पर्छ भनि गत वर्ष मात्र रिब्दीकोट गाउँपालिकाको वडा नं. ३ खस्यौलीमा प्रत्येक महिनाको ५ र २० गते संचालन हुने गरी गाउँघर क्लिनिक संचालनमा आएको छ । जसबाट वडा नं. १,२,३ र ४ का केहि जनताले आयुर्वेद उपचार पद्दतीबाट आफ्नो उपचार गराउन पाएका छन् । यो रिब्दीकोट गाउँपालिकाले हाम्रा अमुल्य जडिबुटीको संरक्षण र स्थानिय जनतालाई यसबाट जानकारी गराउने हेतुले यसैवर्ष देखि रिब्दीकोट डाँडाको जलेश्वर क्षेत्रमा जडिबुटी उद्यान बनाउने कार्यको सुरुवात गरेको छ । यो कार्य आयुर्वेद क्षेत्रको विकासका लागि यस गाउँपालिकाको दोस्रो पहल कदम मान्न सकिन्छ । सबै रोगको उपचार विना प्रतिकुल असरबाट गर्न सम्भव आयुर्वेद चिकित्सा पद्दती प्रती हाल सबै जनता सचेत छन् । तर पनि यसको पहुँच सबै ठाउँमा नभएको हुदा विरामीहरु अन्य चिकित्सा सद्दतीमा उपचार गराउन बाध्य भएका छन् । यसै कुरालाई मध्यनजर गरी यहाँ स्थापित एक औषधालय र एक गाउँघर क्लिनिकबाट मात्र यस रिब्दीकोटले यस क्षेत्र भित्रका सबै जनतालाई भौगोलिक विकटता यातायातको पहुँचको कमिका कारण उपचार दिन सम्भव नभएको हुँदा यसका शाखा विस्तार गर्नु नितान्त आवश्यक छ । आगामी दिनमा यस प्रति यस गाउँपालिकाको ध्यान जानु जरुरी छ ।

रिब्दीकोट गाउँपालिका आयुर्वेद समन्वय इकाइले गर्ने कार्यहरु :

- आयुर्वेद औषधीहरुको कमि हुन नदिन औषधिहरुको सहज वयवस्था मिलाउने,
- गाउँपालिकामा आयुवेृदको विकास र विस्तार मा निति नियम बनाउन सहयोगीको भुमिका निर्वाह गर्ने,
- योग शिक्षा कार्यक्रम, विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
- स्तनपायी आमाहरुलाई दुग्ध वर्धक औषधीको वितरणको व्यवस्था मिलाउने,
- नसर्ने रोग व्यवस्थापन सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने,
- जेष्ठ नागरीकहरुलाई जिवन रक्षा सम्बन्धि औषधी वितरण को व्यवस्था मिलाउने,

- स्थानिय जनतालाई जडिबुटी परिचयात्मक कार्यक्रम संचालन गर्ने,
- योग र जडिबुटी सम्बन्धि संचेतना कार्यक्रम संञ्चालन गर्ने,
- पञ्चकर्म, पुर्वकर्म, स्वेदन र सम्बन्धि उपचार पद्दतीको व्यवस्था मिलाउने,
- परम्परागत स्वास्थ्यकर्मीलाई स्वास्थ्य को मुलधारमा ल्याउन आयुर्वेद चिकित्सामा आधिकारीक प्रयोग वारे तालिमको आयोजना गर्ने

पालुङ्गमैनादी आयुर्वेद औषधालयबाट सञ्चालन कार्यहरु :

- दैनिक बिरामी जाँच,
- प्रत्येक आइतवार र बुधबार अभ्यङ्ग स्वेदनबाट उपचार,
- स्तनपाई कार्यक्रम सञ्चालन,
- जेष्ठ नागरीक कार्यक्रम सञ्चालन,
- नसर्ने रोग व्यवस्थापनका लागि उपचार एंव आहार विहारको बारेमा सल्लाह दिने,
- स्थानिय जडिबुटीको लागत संकलन गर्ने तथा हर्बेरियम तयार गर्ने आदि,
- आयुर्वेद उपचार पद्दतीमा हाल आएर मानिसहरुमा विश्वास बढेता पनि यसको सर्वसुलभता नहुनाले वाध्यतावस अरु चिकितसा पद्दतीमा जान बाध्य भएका जनताहरुलाई आगामी दिनमा रिब्दीकोट गाउँपालिकाले आयुर्वेद चिकित्साको विकास गरी सर्वसुलभता गराउने तर्फ अगाडी बढेको छ ।

प्रकाश ज्ञवाली
आयुर्वेद संयोजक

स्वास्थ्य सेवा सुधारमा अग्रसर

स्वास्थ्य संयोजक

रिब्दीकोट गाउँपालिका अन्तर्गत रहेको स्वास्थ्य तथा सरसफाई समन्वय शाखाले गाउँपालिकाको स्वास्थ्य संस्था, स्वास्थ्य निती र कार्यक्रमहरुमा सहजिकरण गरिरहेको छ। स्वास्थ्य संगै सरसफाई सम्बन्धि कार्यक्रमहरु पनि यस शाखाको जिम्मेवारी हो । गाउँपालिकामा एक प्राथमिक स्वास्थ्य केन्द्र ७ वटा स्वास्थ्य चौकी रहेका छन् भने वडा नं. ६ को धुस्टुङ्ग, वडा नं. ७ मैनादीकुटीमा सामुदायिक स्वास्थ्य केन्द्र रहेका छन् ।

प्राथमिक स्वास्थ्य केन्द्र गाउँपालिकाको रिफलर सेन्टर हो । दैनिक ओ.पि.डी. सेवा, सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम (स्वास्थ्य बिमा) को उपचार, स्वास्थ्य बिमा अन्तर्गत फार्मेसी सेवा प्राथमिक स्वास्थ्य केन्द्रले दिने सेवा हुन। निकट भविश्यमा नै आधारभुत मापदण्ड पुरा गरी चौबिसै घण्टा ईमरजेन्सी सेवा उपलब्ध गराउने योजना छ। कुसुमखोला र पालुङ्ग स्वास्थ्य चौकीमा (बर्थिङ्ग सेन्टर) प्रसुती सेवा संचालनमा छ । भैरवस्थान स्वास्थ्य चौकीमा नियमित अर्थात ४,६,८ र ९ महिना (प्रोटोकल) अनुसार गर्भपरिक्षण गराउन आउने महिलाहरुलाई प्रत्येक पटक आउदा १५ वटा अण्डा दिने उपहार दिने कार्यक्रम गाउँपालिकाले राखेको छ । गर्भपरिक्षणमा आउने महिलाहरुलाई अण्डा उपहार दिने कार्यक्रम अन्य वडाहरुमा समेत शुरु गर्न बजेट विनियोजन भएकाले चाँडै शुरु हुनेछ। यस आ.व. भित्र फेक स्वास्थ्य चौकीमा (बर्थिङ्ग सेन्टर) प्रसुती सेवा शुरु गर्न बजेट विनियोजन भएकाले आवश्यक तयारी भईरहेको छ।

स्वास्थ्य मानव जिवनसँग प्रत्यक्ष सरोकार र सम्बन्ध राख्ने विषय हो । स्वास्थ्य क्षेत्रको सुधारले आम जनसमुदायलाई र गरिब एवं विपन्न परिवारहरुलाई स्वास्थ्य सेवा मुल प्रवाहमा ल्याउन सकिन्छ। त्यसैले गाउँपालिकाले चेतना अभिबृद्धिका गतिविधिहरु सञ्चालन गरेको छ।

गाउँपालिकाले असाह्य रोगको उपचार कार्यविधि बनाई लागु गरेको छ। आ.व. २०७४/०७५ मा १ सय ५० जना विरामीहरुले कार्यविधी भित्र रहेर सेवा स्वास्थ्य संस्थाका लिए उनिहरुलाई प्रोत्सानको रुपमा रु १ हजार ५ सय दिने व्यवस्था गरिएको छ। १ सय २० जना आमाहरुले प्रोत्सान रकम पाएका छन् भने गर्भवती आमाहरुमा स्वास्थ्य संस्थामा नै सुतकेरी हुनुपर्छ भन्ने चेतनाको बिकास हुन थालेको छ । प्रोत्सान कार्यक्रमले घरमा शुन्य प्रसुती सेवा विस्तार गर्ने योजनालाई टेवा पुगेको छ। स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेको बस्तीमा समय समयमा स्वास्थ्य शिविर सञ्चालन, विद्यार्थीहरुको पोषण अवस्था सुधार ल्याउन खाजा (टिफिन बक्स) कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । विस्तारै स्वास्थ्य क्षेत्र सुधारमा सकरात्मक परिर्वतन आउने अवस्था सिर्जना गर्ने प्रयास भइरहेको छ। गाउँपालिकाले आगामी दिनमा स्वास्थ्य क्षेत्रको सुधारमा विभिन्न योजना राखेको छ।

- पेलाचौर क्षेत्रमा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गर्ने ।
- गाउँपालिकाको सबै स्वास्थ्य संस्था र आयुर्वेद औषधालयमा कम्प्युटर प्रणालीको विकास गर्ने ।
- बर्थिङ्ग सेन्टर सञ्चालन रहेमा फ्रिज वितरण गर्ने ।

- प्राथमिक स्वास्थ्य केन्द्रमा एक्सरे सेवालाई नियमित गराउन तालिम र Incentive को व्यवस्था गर्ने जस्ता योजनाहरु रहेका छन् ।

महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गताका क्षेत्रमा भएका गतिविधि

सहायक महिला विकास निरीक्षकको भनाई

स्थानिय सरकार गठनसँगै विभिन्न कार्यालयहरुलाई संघ, प्रदेश र स्थानिय तहमा मिलान गर्ने क्रममा साविक जिल्लामा निहित रहेका कार्यालयहरुको दरबन्दी स्थानिय तहमा राखिएको छ । स्थानिय तहका एक इकाईको रुपमा महिला बालबालिका तथा समाज कल्याण इकाई स्थापना भएको छ । इकाईको स्थापना भए पश्चात विभिन्न दिवसीय कार्यक्रम सञ्चालन गरेको छ । एकल तथा एकल आश्रित महिलाहरुलाई स्वरोजगार, आत्मनिर्भर र क्षमता विकासका लागि परालको जुत्ता बनाउने तालिम, ढाका सामाग्री उत्पादन तालिम, बाटोको धुप बनाउने तालिम सञ्चालित भइसकेको छ । साथै बाल सञ्जाल गठन गर्ने, तिनीहरुको परिचालन गर्ने काममा गाउँपालिकाले अगुवाई गरेको छ ।

यस इकाईले सम्पादन गरेका मुख्य क्रियाकलापहरु :

- महिला विकास कार्यक्रम (महिला समुह, समिती, संस्थाको गठन र क्षमता अभिबृद्धी)
- महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत विभिन्न तालिम कार्यक्रम (आयमुलक, सिपमुलक,सचेतनामुलक)
- व्यवसायिक महिला समुह विकास कार्यक्रम,
- ज्येष्ठ नागरिक परिचय पत्र वितरण, ज्येष्ठ नागरिकको दिवासीय तथा मासिक भेटघाट कार्यक्रम संञ्चालन गर्ने,
- अपाङ्गता परिचय पत्र वितरण सम्बन्धी कार्यविधी निर्माण तथा परिचय पत्र वितरण,
- विभिन्न दिवासीय सञ्चालन गर्ने,
- लैङ्गिक हिंसा विरुद्धका क्रियाकलापहरु तथा १६ दिने अभियान,
- लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकिकृत विकास कार्यक्रम,

महिला बालबालिका तथा समाज कल्याण इकाईबाट सञ्चालित हुने प्रमुख कार्यक्रमहरु :

- ज्येष्ठ नागरिक सम्बन्धि सरोकारवालबीच अन्तरक्रिया ।
- ज्येष्ठ नागरिक सम्बन्धि दिवासीय कार्यक्रम अल्जाईमर्श चेतना दिवस, जेष्ठ नागरिक प्रति हुने दुर्व्यवार विरुद्धको दिवस, अन्तर्राष्ट्रिय महिला दिवस ।
- बालक्लव गठन,संचालन तथा नियमन ।

- बालबालिका माथी हुने शारिरीक,मानसिक दण्ड सजाय तथा यौनजन्य दुर्व्यवहार न्युनिकरण
- लैगिंक हिंसा निवारणमा न्यायिक समितीको क्षमता विकास,
- बालविवाह न्युनिकरणका लागि सचेतीकरण
- नेतृत्व तथा संस्थागत विकास तालिम, समुह गठन र परिचालन, समुह सदस्यको अनुशिक्षण

समग्रमा लक्षित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गदै पछाडी परेका वर्ग, समुदाय, क्षेत्रलाई सशक्तिकरण गरी मुलप्रवाहीकरण गर्ने योजना र कार्यक्रमहरु गाउँपालिकाले अगाडी सारेको छ । त्यसैले उनीहरुलाई आत्मनिर्भर, स्वालम्कन, उद्यमशील र स्वरोजगारी बनाई आत्मसम्मानका साथ जिवन निर्वाह गर्ने वातावरण सिर्जना गर्ने हाम्रो दायित्व रहने छ ।

स्वास्थ्य संयोजक

परिच्छेद – एकः पृष्ठभूमि

१.१ कानुनी मान्यता तथा पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ को क्रमसंख्या १३ मा केन्द्रीय तथ्याङ्क (राष्ट्रिय, अन्तरराष्ट्रिय मानक र गुणस्तर) लाई संघको अधिकारको सुचीमा राखी नेपाल सरकारले यसको मापदण्ड निर्धारण गर्ने जिम्मेवारी प्रदान गरेको छ भने अनुसुची ६ को क्रमसंख्या ६ मा प्रदेश तथ्याङ्कलाई प्रदेशको अधिकारको सूचीमा सूचीकृत गरिएको छ । संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२), धारा २२६ को उपधारा (१) अनुसार स्थानीय तहको अधिकारको सूची अनुसूची ८ बमोजिम हुनेछ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको हुनाले सोहि मान्यता अनुसार **रिब्दीकोट गाँउपालिकाको पार्श्वचित्र** तयार गरिएको छ ।

नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदनमा नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारको कार्य विस्तृतीकरणले केन्द्रीय तथ्याङ्क अन्तर्गत तथ्याङ्क सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, राष्ट्रिय तथ्याङ्क प्रणालीको व्यवस्थापन र गुणस्तर निर्धारण, राष्ट्रियस्तरको गणना र सर्वेक्षण व्यवस्थापन, नेपाल स्टयाण्डर्ड वर्गीकरण र मापदण्ड विकास र प्रयोग र तथ्याङ्कसम्बन्धी सल्लाहकारी भूमिका बारे उल्लेख गरेको छ । प्रदेश तथ्याङ्क अन्तर्गत तथ्याङ्क सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड, नेपाल स्टयाण्डर्ड ,वर्गीकरण र मापदण्ड अनुसार प्रादेशिक तहको तथ्याङ्क व्यवस्थापन, प्रदेश तहको तथ्याङ्कको सूचना प्रणाली व्यवस्थापन तथा प्रादेशिक तथ्याङ्कीय अभिलेख संरक्षण र व्यवस्थापन आदि उल्लेख गरेकोले सोहि मान्यता अनुसार **पार्श्वचित्र** तयार गरिएको छ ।

तथ्याङ्क ऐन, २०१५ तथा नियमावली, २०४१: तथ्याङ्क ऐन २०१५ को दफा ७ (क) उपदफा १ अनुसार सरकारी कार्यालय, सरकारी स्वामित्व भएको वा यस उद्देश्यको लागि सरकारी सहायता प्राप्त संस्था वा विदेशी व्यक्ति वा संस्थाले व्यवसायिक उद्देश्यले कुनै आर्थिक कुराको लगत, खबर वा तथ्याङ्क संकलन गर्न चाहेमा केन्द्रीय तथ्याङ्क विभागबाट स्वीकृती प्राप्त गर्नु पर्ने व्यवस्था रहेकोले सोहि मान्यता अनुसार **रिब्दीकोट गाँउपालिकाको पार्श्वचित्र** तयार गरिएको छ ।

गाँउपालिका तथा नगरपालिकाको वस्तुगत विवरण ढाँचा सम्बन्धमाः सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति **२०७४।१।२६** को सचिवस्तरको निर्णय अनुसार देश भरिका सबै स्थानीय तहहरुले आ–आफ्नो स्थानीय तहको वस्तुगत विवरण तयार गरी वेवसाइटमा राख्नका लागि अनुरोध गरेको र वस्तुगत विवरण तयारी सम्बन्धी ढाँचा / फर्म्याट पनि पठाएको हुँदा सो ढाँचालाई पनि अगिंकार गरी **रिब्दीकोट गाँउपालिकाको पार्श्वचित्र** तयार गरिएको छ ।

स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि आदेश, २०७४:- स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ अनुसूची ३ मा स्थानीय तथ्याङ्क र अभिलेख संकलन बारेमा र अनुसूची ४ मा वडा कार्यालयहरुले योजना तर्जुमा र तथ्याङ्क अध्यावधिक गर्नु पर्ने व्यहोरामा जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्वचित्र तथा श्रोत नक्साको अध्यावधिक अभिलेखनलाई गाउँपालिका वा नगरपालिकाको काम कर्तव्य र अधिकार भनी उल्लेख गरेकोले सोहि अनुसार **रिब्दीकोट गाँ(उपालिकाको पार्श्वचित्र** तयार पारिएको हो ।

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४: दफा १ मा "प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जूमा सहभागितामुलक प्रक्रियाबाट नतिजामुलक ढंगले गर्नुपर्ने र योजना र बजेट तर्जूमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिती देखिने गरी **वस्तुगत विवरण (Profile)** तयार गर्नु पर्नेछ" भन्ने व्यवस्था रहेको हुनाले सोहि अनुसार **रिब्दीकोट गाँउपालिकाको पार्श्वचित्र** तयार गरिएको छ ।

स्थानीय सरकार संचालन ऐनः २०७४: स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को च (२) र (३) ड को (२), (४), (५) र (६) मा स्थानीय अभिलेख व्यवस्थापन, दफा ११ को उपदफा २ थ (१), (२) (३), (४) र (५) मा वेरोजगारको तथ्याङ्क संकलन तथा दफा १२ को वडा समितिको काम, कर्तव्य अधिकार अन्तर्गत उपदफा २ को (ख) मा तथ्याङ्क अध्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क र सूचनासहितको वडाको पार्श्वचित्र तयार तथा अध्यावधिक गर्ने व्यवस्था रहेकोले सोहि अनुसार वडाको अवस्था झल्कने गरी **रिब्दीकोट गाँउपालिकाको पार्श्वचित्र** तयार गरिएको छ ।

नेपालको संविधान २०७२ ले स्थानीय सरकारहरुलाई दिएको २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारहरुलाई स्थानीयस्तरमा स्थापित गर्न र सो सम्बन्धी सेवाहरुलाई स्थानीय स्तरमा प्रभावकारिताका साथ प्रवाह गर्न सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (हाल सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) ले देशका सबै स्थानीय सरकारहरुलाई गाँउ तथा नगर पार्श्वचित्र तयारीका लागि निर्देशन तथा अनुरोध गरेको थियो । यसै विषयलाई मध्यनजर गरी रिब्दीकोट गाँउपालिकाको एकिकृत विकासका लागि आफ्नो क्षेत्र भित्रको तथ्याङ्क संकलन गरी समग्र गाँउपालिकाको अवस्था तथा वस्तुस्थिति झल्कने गरी **रिब्दीकोट गाँउपालिका पार्श्वचित्र** (**Rural Municipal Profile of Ribdikot**) २०७६ तयार गरिएको हो ।

वस्तुगत विवरण सुचनाको सँगालो हो, जसमा कुनै पनि संघसस्था, तह, निकाय या कार्यालयका सम्पुर्ण सुचनाहरु संग्रह गरिएका हुन्छन् । छरिएर रहेका सुचनालाई संग्रह या एकतृत गरी

वस्तुगत विवरण तयार पारिन्छ । यसमा कुनै पनि निकायको सम्पुर्ण सुचना रहने हुँदा वस्तुगत विवरणलाई पार्श्वचीत्र पनि भनिन्छ । ऐनामा हेर्दा आफ्नै अनुहार देखिए सरह वस्तुगत विवरणले कुनै पनि निकायको सम्पुर्ण सुचना या यथार्थ स्वरुप चित्रण गर्ने गर्दछ । तसर्थ विभिन्न तह र निकायले आफ्नो सुचनाको सँगालोका रुपमा पार्श्वचित्र या वस्तुगत विवरण तयार पार्ने गर्दछन । Profile शब्दलाई भूगोल, ईन्जिनियरिङ, चिकित्साशास्त्र आदि क्षेत्रमा फरक फरक वस्तुको विशेषता विश्लेषण गर्न प्रयोग गरिएता पनि कुनै प्रशासनिक वा भौगोलिक क्षेत्र बारेको तथ्याङ्क प्राप्ती, विश्लेषण तथा प्रस्तुती गरिएको विवरणलाई पनि वस्तुगत विवरण (Profile) भन्ने गरिएको छ ।

वर्तमान अवस्था अनुसार नेपालको सन्दर्भमा स्थानीय तह स्थानीय सरकार हो । यसले स्थानीयस्तरमा जनतालाई तोकिएको सेवाहरु प्रवाह गर्दछ । स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहहरुले आफ्नो गाँउपालिका तथा गाँउपालिकाको वस्तुगत विवरण तयार गरी त्यसैका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । वस्तुगत विवरण तयारीका लागि सूचना संकलन र विश्लेषण गर्नु पर्दछ । संकलन गरिएका सुचनालाई यथार्थपरक ढंगले राखी वस्तुगत विवरण तयार गर्दा त्यसले स्थानीय तह लगायत अन्य सरोकारवालाहरुबाट विकास क्रियाकलाप संचालन गर्न ठुलो सहयोग पु-याउँदछ ।

कुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया वा चिजविज बारेको तथ्य वा विस्तृत विवरणलाई सामान्यतः सूचना भनिन्छ । संकलनका आधारमा यी दुई प्रकारका हुन्छन् - प्राथमिक सुचना र द्वितीय सूचना । प्राथमिक सूचना आफैले सम्बन्धित क्षेत्रमा गएर संकलन गरिन्छ भने अरुले संकलन गरेको सूचनालाई द्वितीय सूचना भनिन्छ । यी सूचनाहरुलाई संकलन, प्रशोधन (तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्ने सम्मका सम्पूर्ण कार्यहरु सूचना व्यवस्थापन अर्न्तगत पर्दछन । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा निकाल्न र प्रयोग गर्न सकिने हुनुपर्दछ । सूचना व्यवस्थापन नगरी सवै वा अनावश्यक मात्रामा दिँदा मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । त्यसकारण सूचनाको व्यवस्थापन गरिनु पर्दछ ।

गाउँपालिकाको विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा स्थानीय तहको भूमिका अत्याधिक मात्रामा बढिरहेको सन्दर्भमा गाउँपालिकामा विकास सम्बन्धी सूचना व्यवस्थापन गाउँपालिकाले गर्नुपर्ने एक महत्वपूर्ण कार्य हो । हाल मन्त्रालयले नेपालका सबै गाउँपालिका र नगरपालिकाका लागि वस्तुगत विवरण तयारीका लागि स्पष्ट खाँका तयार गरी सबै स्थानीय तहमा पठाई सकेको हुनाले तयार गर्न चाहने गा.पा.हरुका लागि वस्तुगत विवरण तयार गर्न सहयोगी हुने र विगतमा रहेको अपूर्ण र एकरुपताको अभाव तथा कठिनाईलाई हटाउन सक्ने देखिन्छ । विविध पक्षहरुको वास्तविक स्थितिको तथ्यांक र सूचना विना कुनै पनि योजनाको सही छनौट हुन सक्दैन । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत पार्श्वचित्रले सहयोग गर्दछ ।

१.२ अध्ययनको मुख्य उद्देश्यः

समग्रमा यस अध्ययनको मुख्य उद्देश्य रिब्दीकोट गाउँपालिकाको वस्तुस्थितीको पहिचान गर्नु हो । रिब्दीकोट गाउँपालिकासंग सम्बन्धीत आर्थिक, सामाजिक, भौतिक, भौगोलिक आदि विभिन्न वस्तुस्थितिको विश्लेषण गरी स्थानीय तहको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन लगायत अनुगमन मुल्याकंनमा सहयोग पुऱ्याउनु रहेको छ । यस गा.पा.पार्श्वचित्रको विशिष्ट उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।

- भौगोलिक, प्रशासनिक, सामाजिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक, धार्मिक, ऐतिहासिक, पूर्वाधार पँहुच, लगायत विकासको सन्दर्भमा गा.पा.मा रहेका समुदायको विद्यमान अवस्थाको विश्लेषण गर्नु।
- गाउँपालिकाको दीर्घकालीन योजना तथा नीति निर्माण लगायत योजना तथा कार्यक्रम छनौट र वाडफाँडमा सहयोग पुचाउने ।
- सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरुसँग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरण निर्माण गर्ने ।
- गाउँपालिका भित्र रहेका स्रोत साधन लगायत अवस्थाको बारेमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ता, योजनाकार, संघसंस्था एवं गाउँपालिकाको विकासमा जिज्ञासा राख्ने व्यक्तिहरुलाई महत्वपुर्ण क्षेत्र, सम्भावना र समस्याहरुको बारेमा अवगत गराउने सामाग्रीको रुपमा दस्तावेज तयार गर्ने ।

१.३ अध्ययन/ढाँचा विधिः

गाउँपालिकाको वस्तुगत विवरण तयार गर्दा विशेष गरी जनगणनामा आधारित भई गाउँपालिका भित्र रहेका सबै घरधुरी सर्भेक्षण गरी प्रतिवेदन तयार गरिएको छ । साथै साविकका गा.वि.स.हरुका वस्तुगत विवरणहरुको अध्ययन, सहस्राब्दी विकास लक्ष्यका लक्ष्य तथा सूचकहरुको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन, आवधिक योजना तर्जुमा निर्देशिका आदि सामग्रीहरुको अध्ययन, गाउँपालिकाका वडाहरुको स्थलगत अध्ययन, यस क्षेत्रमा कार्य गरेका विज्ञहरुसँग गरेको परामर्श आदि प्रमुख रहेका छन् ।

पार्श्वचित्र तयारीको लागि विभिन्न अध्ययन विधिहरुको प्रयोग गरिएको छ । यस क्रममा घरधुरी सर्भेक्षण २०७६, राष्ट्रिय जनगणना २०६८, राजपत्रमा प्रकाशित सूचना, जिल्ला समन्वय समिति स्याङ्जा, समुहगत छलफल तथा अर्न्तक्रिया लगायत सामाजिक अध्ययन विश्लेषणका विवरणात्मक र विश्लेषणात्मक शैलीहरुको उपयोग गरिएको छ । यसैगरी स्थानीय तहमा उपलब्ध प्रकाशित तथा अप्रकाशित द्वितीय सूचनाका श्रोतहरु, विभिन्न संघसंस्थाका प्रतिवेदनहरु लगायत भौगोलिक सूचना प्रणालीको समेत प्रयोग, अध्ययन विश्लेषण गरी समग्र गाउँपालिकाको अवस्था झल्कने गरी सिंगो पार्श्वचित्र तयार गरिएको छ ।

१.४ अध्ययन/ढाँचाको महत्वः

विकासका प्रतिफलहरु जनसमक्ष पुऱ्याउन र सबै वर्गले उपयोग गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागि स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आवश्यक हुन्छ । आजको विश्वव्यापीकरण **(Globalization)** को यूगमा समय सापेक्ष ढंगले समानूपातिक विकासका प्रकृयाहरु अगाडी बढाउन सम्बन्धित क्षेत्रको वस्तूगत र विश्लेषणात्मक अध्ययन हुनु जरुरी पर्दछ । यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तूस्थिति पहिचान गरी भावी विकास योजना र रणनीतिहरु तर्जूमा गर्न तथा विभिन्न विकासका क्रियाकलापहरु संचालन गर्न विशेष महत्व राख्ने छ । यसका अतिरिक्त प्रस्तूत पार्श्वचित्र, सम्बन्धित क्षेत्रका संस्था एवं अनूसन्धानकर्ता, योजनाकार, विकास चिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरुलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको महत्व व्यापक रहेको छ ।

१.५. अध्ययनको औचित्य :

नेपाल सरकारले स्थानीय निकायहरूलाई पुर्नरसंगठित गरी स्थानीय तहहरू गठन गरेको छ । यसमा गाउँपालिका र नगरपालिका पर्दछन् । नेपाल सरकारले स्थानीय तहहरूलाई विकास निर्माणका लागि ठूलो रकम अनुदानका रूपमा दिने गर्दछ भने यिनीहरू आफैंले पनि जनताबाट करहरू संकलन गर्ने गर्दछन् । त्यसलाई योजनाबद्ध ढंगमा खर्च गर्न आवश्यक हुने गर्दछ । तर योजना निर्माण गर्न गाउँ या गाउँको यथेष्ट सूचना हुन आश्यक पर्दछ । साथै गाउँपालिका तथा तिनको कार्यक्षेत्रभित्र पर्ने विभिन्न प्रकारका गतिविधि तथा वस्तुहरूको सूचना पाउनु जनताको नैसर्गिक अधिकार हो । आवश्यक पर्ने जनतालाई यस्ता सूचना प्रदान गर्नका लागि गाउँ या गाउँपालिकाले वस्तुगत विवरण तयार पार्न आवश्यक हुने गर्दछ । तसर्थ पनि यो वस्तुगत विवरण तयार पार्ने काम औचित्यपूर्ण छ ।

१.६ सूचना विश्लेषण, प्रस्तुतिकरण र श्रोत नक्शा तयारी

प्रस्तुत वस्तुगत विवरण तयारीका क्रममा सूचना संकलन गरी प्राप्त भएका तथ्यांकलाई डाटा इन्ट्री गरी तथ्यांकको विश्लेषण गर्ने र GIS को माध्यमबाट नक्शाको काम गरिएको छ। प्राथमिक तथ्यांकको विश्लेषणका लागि घरधुरीलाई मुख्य गरेर वार्ड र जातियताको आधारमा वर्गिकरण गरिएको छ भने सहभागितामुलक विधिद्वारा प्राप्त सूचना/तथ्यांकलाई पनि विश्लेषण गरी प्राप्त सूचनालाई नक्सा तथा तालिकामा प्रस्तुत गरिएको छ त्यसपछि सुचनालाई वर्णनात्मक तथ्यांकीय विधिबाट विश्लेषण गरिएको छ । गाउँपालिकाको समग्र स्थितिको विश्लेषण गरी यस वस्तुगत विवरण निर्माणका क्रममा वार्ड नम्बर र जातिय बनावटलाई मुख्य सूचकका रूपमा प्रयोग गरिएको छ ।

१.७ अध्ययनका सीमाहरुः

गाउँपालिकाको वस्तुगत विवरण तयारीका लागि ढाँचा तयार गर्ने क्रममा प्राप्त विभिन्न विषयक्षेत्रको सैद्धान्तिक अध्ययन गरिएको भएता पनि वास्तविक रुपमा सम्बन्धित क्षेत्रमा परीक्षण गर्न बाँकी रहेको हुनाले सुधार गर्नुपर्ने हुन सक्छ । यसैगरी भौगोलिक, सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक, प्राकृतिक आदि विविधता भएको क्षेत्रको सम्पूर्ण पक्ष नसमेट्न सक्छ भने कतिपय उल्लेखित सबै फारामहरु गाउँपालिकामा उपयोग नहुन सक्छ । तापनि प्रोफाईलको अध्ययन क्षेत्र विस्तृत भएको हुदाँ अध्ययनको उद्देश्यलाई नै मुख्य क्षेत्रको रुपमा लिईएको छ । साधन, श्रोत, समय, लागत, सूचना लगायत अन्य कुराहरुको सिमितताको कारणले गर्दा जुनसुकै अध्ययन पनि केही निश्चित सीमा भित्र बाधिँएको हुन्छ ।

परिच्छेद – दुईः गाउँपालिकाको परिचय
Introduction of Rural Municipality

२.१ परिचय (Introduction)

रिब्दीकोट गाउँपालिका पाल्पा जिल्लामा अवस्थित छ। संविधानको भावना र मर्मअनुसार तोकिएको अधिकार र दायित्वलाई पुरा गर्ने हेतुले viable, sustainable and competent सरकारका रुपमा र केन्द्र तथा प्रदेश सरकारको विकल्प नभै सहअस्तित्व सहसम्बन्धका आधारमा प्रतिस्पर्धाको भावना र जनताको नजिकको सरकारको रुपमा विकास गर्ने मनसायले अधिकार, स्रोत सहित ७५३ स्थानिय तहका रुपमा परिस्करण गर्ने सिलसिलामा साविकका ८ वटा गाउँ विकास समिती ख्याहा, देउराली, खस्यौली, भैरवस्थान , कुसुमखोला, पालुङमैदान,ठिमुरे र फेक गाविसलाई मिलाएर दिगो एकाईका रुपमा विकास गर्ने गरि रिब्दीकोट गाउँपालिका गठन भएको हामी सबैको ठहर छ ।

रिब्दीकोट गाउँपालिकाको कुल जनसंख्या २५,८९२ रहेको छ । यसको क्षेत्रफल १२४.५५ वर्ग किलोमिटर रहेको छ । यसको सिमाना पूर्वमा तानसेन गाउँपालिका, पश्चिममा रैनादेबी छहरा गाउापालिका, उत्तरमा तानसेन गाउँपालिका र गुल्मी जिल्ला तथा दक्षिणमा तिनाउ गाउँपालिका रहेका छन ।

औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको ठुलो हिस्सा रहेको छ र स्थानिय बासिन्दाको आम्दानीको मुख्य स्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । स्थानिय जनशक्ती मजदुरी र अध्ययनका लागि विदेशिने र बसाईसराई गर्ने क्रम अत्याधिक बढिरहेको छ । योजना बद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रमा अपेक्षित विकास हुन सकिरहेको देखिदैन् र विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस गाउँपालिकामा विभिन्न चार्डपर्व तथा जात्रा मनाउने गरिन्छ ।

पाल्पा जिल्लाको सदरमुकाम तानसेन देखि करिब २० किलोमिटर पश्चिममा रहेको रिब्दीकोट धार्मिक तथा ऐतिहासिक महत्व रहेको छ । यस गाउँपालिकाको नामाकरण अग्ला र मनोरम पहाडहरु, पानीको स्रोतको आधार तथा जलाधार क्षेत्रका रुपमा रहेको रिब्दीकोटमा तीन कोट रिब्दीकोट,विहारकोट, ठिमुरेकोट रहेका छन । ऋषिको तपोभुमि रिब्दीकोट, सिद्धीकोटमा सिद्धदेवि जुन ठाउँमा जलेश्वर बाबाको मन्दिर पूर्व दक्षिण लेकमा मणिमुकुन्द सेनको दरबारको अवशेष इटाहरु छरिएर रहेका छन । विहारकोट जलेश्वरको मन्दिर उत्तर पश्चिम एक किलोमिटर दुरीमा पर्दछ । ठिमुरे भञ्ज्याङ्ग माथीको सिद्धीकोटबाट तराईका फाँटहरु, पाल्पाको सदरमुकाम तानसेन, अर्घाखाँची, गुल्मी तथा हिमाली दृश्यको प्राकृतिक भु-बनावटलाई पुर्ण अवलोकन गर्न सकिन्छ ।

रिब्दीकोट दरबारको अवशेष ठिमुरे भञ्ज्याङ माथीको कोट हो भनि जनश्रृतिहरु पाइन्छन् । यहाँ पाइने वन्य सम्पदाको भण्डार हो । यहाँ सदावहार वनश्पती पाईन्छन् । रिब्दीकोट क्षेत्र जंगलजन्य, वनजन्य एवम् जडिबुटीजन्य सम्पदाको भण्डार हो । यहाँ सदावहार वनस्पती पाईने वन्य सम्पदामा चाँप,उत्तीस, ओखर,चिउरा, काफल, लालिगुरासँ, रुदिलो, गुमपाती, जस्ता औषधिजन्य बोटविरुवाले भरीपुर्ण सदावहार जंगल हो । रिब्दीकोट यहाँको वनसक्पदाको प्रचुरतालाई ख्याल गरी वन विकास कार्यक्रम लागु गर्ने गुरुयोजना तयारी गरी आर्युवेद जडिबुटी अनुसन्धान संरक्षण कार्यक्रम सञ्चालन निरन्तर रुपमा गर्न सके यस क्षेत्रको संवृद्धीमा टेवा पुग्न सक्छ ।

२.२ भौगोलिक तथा राजनैतिक बनावट (Geographical & Political Structure)

स्थानिय तह पुनसंरचना अनुसार ७ सय ५३ स्थानिय तह, ७ वटा प्रदेश मध्ये प्रदेश नं. ५ को पाल्पा जिल्लामा अवस्थित रिब्दीकोट आफैमा भौगोलिक विविधता बोकेको गाउँपालिका हो । यहाँ ८ वटा वडाहरु ख्याहा, देउराली, खस्यौली, भैरवस्थान, कुसुमखोला, ठिमुरे, पालुङ्गमैदान र फेक लाई मिलाएर एउटा सिङ्गो संरचना रिब्दिकोट गाउँपालिका घोषण गरिएको हो । यस रिब्दीकोट गाउँपालिका भौगोलिक क्षेत्रको हिसाबले मध्यपहाडी क्षेत्रमा पर्दछ । पाल्पा जिल्लाको सदरमुकाम तानसेन देखि करिब २० किलोमिटर को दुरीमा रहेको यस गाउँपालिका जिल्लाको दश वटा स्थानिय तहमध्ये एक हो रिब्दीकोट गाउँपालिका १२४.५५ वर्गकिलोमिटर (१२४५५ हेक्टर) क्षेत्रफलमा फैलिएर रहेको यस गाउँपालिकामा खेतीयोग्य जमिन ३९ वर्गकिलोमिटर (३९०० हेक्टर) रहेको पाईयो ।

तालिका नं.२.२ स्थानीय तह घोषणा भएपछि गाँउपालिकाको वडा विभाजनको अवस्था

वडा नं..	समावेश भएका गाविस	साविक वडा नं.	क्षेत्रफल
१	ख्याहा	१-९	१५.२१
२	देउराली	१-९	१५.५४
३	खस्यौली	१-९	७.०३
४	भैरवस्थान	१-९	१२.१२
५	कुसुमखोला	१-९	११.५८
६	पालुङ्गमैदान	१-९	१४.३६
७	ठिमुरे	१-९	१९.३९
८	फेक	१-९	२९.३२
जम्मा क्षेत्रफल			**१२४.५५ ब.कि.मि.**

२.३ नमाकरण:(Nomination)

रिब्दीकोट गाँउ पालिकाको नामाकरण मा पनि थुप्रै एतिहाँसिक धार्मिक, तथा सांस्कृतिक महत्वका विविध पक्षहरु जोडीएका छन् । शीला लेखहरुले गंगाको तटीय क्षेत्र प्रयागको सेरोफेरोमा धेरै पुस्तासम्म सेनहरुले राज्य गरेका थिए भन्ने पुष्टी गरेको छ ।उनै सेन वंशका सन्तान तुथा (तुला) रायसेन ले मुसलमानहरुको आक्रमण पछी राजपुर आहे राजपुर राज्य खडा गरेका थिए उक्त राज्य चुरे को तलपट्टीको तराईको ठुलो भागलाई ओगट्नु का साथै पहाडको रिब्दीकोट सम्म फैलिएको थियो उनले तराई र पहाडमा एकीकृत राज्य वि.स. १३०६ देखी वि.स १३४६ सम्म राज्य गरेका थिय उनका छोरा रिबेली सेनले रिब्दीकोटमा वर्षे राजधानी कायम गरी राज्य संचालन गरेका थिए भने अर्को तिर रिब्दीकोट गाँउ पालिका का धेरै जसो स्थानको नामाकरण मगर भाषा वाट उत्पति भयको पाईन्छ । जस्तै मगर भाषामा रि को अर्थ वेत हुन्छ दी को अर्थ पानी यसलाई सरल रुपमा बुझदा पनि वेतको पानी कोटमा भन्ने अर्थमा बुझन सकिन्छ । यसरी हेर्दा रिब्दीकोट को नामाकरण पनि मगर भाषा वाटै भयको भन्न सकिन्छ । यसले सांस्कृतिक महत्वलाई झन प्रष्ट पार्ने काम गरेको छ । यसका साथ साथै रिब्दीकोटमा रहेको देवीको मन्दिर मगर जातीले लै स्थापना गरेको भन्ने अभीलेखमा उल्लेख गरीएको छ । यसले धार्मिक महत्व लाई अझ प्रस्ट पार्दछ । यसरी रिब्दीकोट गाँउपालिका को नामाकरण मा ऐतिहांसिक धार्मीक तथा अनुमान गर्न सकिन्छ । यति मात्रै हाईन यस गाउँपालिकाको नामाकरण को अर्को महत्वपुर्ण पक्ष भनेको सेन वंशीय राजा जसले ४९८ वर्ष शासन गरे उनिहरु को पहीलो राजधानी रहेको रिब्दीकोट वाट यस रिब्दीकोट गाँउ पालिका को नामाकरण गरीएको छ ।

२.४ ऐतिहासिक अवस्था (Historical Status)

स्वच्छ, सुन्दर,मनोरम, एतिहासिक कला, धर्म, संकृतिले भरिपुर्ण धार्मिक तथा पर्यटकिय स्थल जो रिब्दीकोट गाउँपालिकाको प्रमुख गहना तथा पाल्पा जिल्लाकै प्रमुख धार्मिक तथा पर्यटकिय स्थलको रुपमा संसारभर परिचित छन् । वि.स. १५८१ म तत्कालिन पाल्पाका राजा मणिमुकुनद सेन प्रथम द्रारा निर्मित करिब ५०० बर्ष पुरानो एसियाकै सबैभन्दा ठुलो सुनौलो त्रिसुलले सु-सज्जित चोकसहितको भैरबस्थान मन्दिर भित्र महाकाल भैरवको गुफा रहेको छ । साथै मणिमुकुन्द सेनको राजगद्धी अझैसम्म देख्न सकिन्छ । पाल्पाका इष्टदेवका रुपमा बटुकनाथ कृतमुख भैरवका चार हात, तिन नेत्र र अनुहार भंयकर कालो रुपमा रहेको र शिरमा सुशोजित उक्त कालो नागले लामो जिब्रो फिरफिर चलाई आज पनि सजिवताको संकेत दिई रहेको बुझिन्छ । नाथ सम्प्रदायका योगीद्रारा दैनिक रुपमा पुजा गरिने भैरवस्थान मन्दिरमा दुई तरिका बाट नित्य र नैमित्यक पुजा हुने गर्दछ । भक्तहरुबाट भाकल स्वरुप एक पाथी वा एक मानाको एउटै विशेष रोटी बनाई भैरबस्थान मन्दिरमा चढाउने प्रचलन रहेको छ । ऋषिको तपोभुमि रिब्दीकोट ,सिद्धको तपोभुमि ठिमुरकोट, विहार गर्ने कोट विहारीकाट गरि तिन कोटले सजिएको रिब्दीकोट गाउँपालिकामा सेनवंशिय राजा मध्य मणिमुकुन्द सेन प्रथमको दरवार रहेको पुरानकोटमा आजपनि दरबारको भग्नावशेष, इटा, पुराना कुदेका ढुङ्गा आदि पुरानकोटको डाँडामा पाइन्छ । तत्कालिन अवस्थामा यी राजाका सैनिकहरुले व्यायाम र तालिम गर्ने कोत्र डाँडाको टुसडखेल मैदान हाल व्यक्तीगत जग्गाका रुपमा रजिष्टेशन भएको छ र यि राजारे रिडिमा स्नान गरी जल ल्याई चढाएर शिव आराधाना गर्ने गरेको शिव गुफा दिपको जंगलमा छ र त्यहाँ आजसम्म पनि वैशाख महिनामा स्थानियले शिव आराधाना गरी पानी माग्ने चलन छ । पुरानकोटमा राजाले आफ्नो दैनिकी चलाउन शिव आराधानाबाट एक कुवा निर्माण गरेका थिए रे सोहि समयमा राजकुमारीको एक युवक सँग विवाह गरी दिन लाग्दा वर मन नपरेकोले त्यहाँ उपस्थित विवाह मन्डपका सम्पुर्ण जन्ती पक्ष र घरभेटी पक्ष लाई झुक्याई कुवामा हाम फाली आत्महत्या गरेकी थिईन । सोहि दिनदेखि उनको सम्झनामा हरेक वर्ष स्थानियले वैशाख महिनामा त्यो ठाउँमा रुद्रि समेतको पुजा गरी "देउ देउ महादेव पानी देउ यतिले पुगेन अझ थपि देउ पुरानकोट मैँया रानी पानी बसाई देउ" भन्ने बोलका साथ जंगलका हरिया स्याउलन भाँची हल्लाउदै पुरानकोट हल्लाउदै पुरानकोट र सिलाङथोक हुँदै भैरव-स्थान मन्दिर सम्म पुग्ने प्रथा आज सम्म कायम छ । र सो पुजाकै दिन या एक हप्ता भित्र प्राय पानी परेकै हुन्छ । यसरी पाल्पाली राजाको राजदरबार पुरानकोट हुदैँ तानसेन सरेको र अर्को सेन राजाको दरवार तिनाउ गाउँपालिकाको नुवाकोटमा हुदैँ मकवानपुर देखि पुर्वसम्म फैलिएको र पछि एकिकरणमा परेको इतिहास छ । एतिहासिक पुरातात्विक हिसाबले महत्वपुर्ण साथै तराईका रमणिय दृश्यहरु देखिने, वनभोजका कार्यक्रम गर्न अत्यन्त उपयुक्त, भुरे राजाहरुले सेनाहरुलाई तालिम दिने स्थानका रुपमा रिङ डाँडा परिचित छ । हरेक वर्ष कोजाग्रत पूर्णिमाको दिन सराय नाच हुने गर्दछ ।

सेन राजाहरु को पहिल्लो राजधानी समेत रहेको ले यसको एतिहासिक पुरातात्विक महत्व समेत रहेको छ । रिब्दीकोट क्षेत्र धार्मिक सास्कृतिक तथा एतिहासिक दसष्टीकोण वाट भरिर्ण स्थान हो

यसको विकासका थुपै सम्भावना को ढोका खुलीसकेको छन भन्दा फरक नर्पला ५ नं प्रदेशको मुख्य राजमार्ग पाल्पा को रामपुर देखी रोल्पा सडक खण्ड संगै जोडिएको जलेश्वर क्षेत्र धार्मिक रुपमा उत्तीकै प्रख्यात छ त्यस संगै जोडिएको रिब्दीकोट उन्त मुख्य राजमार्ग वाट करीव ३.४ कि.मि.को दुरीमा अवस्थीत छ त्यति मात्र होईन सिध्यार्थ राजमार्गको दोभान देखी जम्मा २१ कि.मि र सिध्यार्थ राजमार्गकै डुम्रेबाट जम्मा १४ कि.मि को दुरीमा रहेका ले यस रिब्दीकोट क्षेत्रलाई एउटा विकसीत व्यवस्थीत हिल स्टेसन का रुपमा विकास गर्न सकिन्छ त्यति मात्र हैन जडीबुटीको खानी सदावहार जंगल मनोरम हिम श्रखला बुटवद भैरहवा भित्र राष्ट्र भारतको गोरखपुर सम्म का दृब्य अवलोकन गर्न सकीने भएका ले पनि यस रिब्दीकोट क्षेत्रलाई हिल स्टेशनका रुपमा विकास र विस्तार गर्न सकिन्छ ।

२.५ एतिहासिक महत्व

भारतमा मुसलमान हरुको आक्रमण वाट छिन्न भिन्न भयको सेन वंशको राज्य पुन राजपुर राज्य खडा गरी राज्य संचालन मा सकीय भय राजपुर राज्य चुरे को तल्लो पेटी तराई को ठुलो भुभागमा फैलीनुका साथै को पाल्पा जिल्लाको रिब्दीकोट सम्म फैलीएको थियो तुथा (तुला) राप सेन का छोरा रिबेली सेन ले रिब्दीकोट लाई वर्षे राजधानी कायम गरी राज्य संचालन गरेका थिय सेन वंशीय राजाहरु पाल्पा तानसेन आउनु अघि सविक को भैरव स्थान गा. वि..स हाल रिब्दीकोट गांउ पालिकावार्ड नं ४ मा रहेको पुरानकोट लाई राजधानी बनाई राज्य संचालन गरेको पाईन्छ । यसरी १३०६ मा तुथा (तुला) राप सेन वाट शुरु भयको सेन राजाहरु को शासन चन्द्रसेन को छोरा सेन वशका दशौ पुस्ता का राजा रुद्र सेन ले वि.स. १५६३ मा पाल्पा राज्य को स्थापना गरेका थिए । यसरी अगाडी बडेको सेन हाजाको शासन मुकुन्द सेन प्रथम को तेतृत्वमा पाल्पा राज्य काठमाडौ धनकुटा भोजपुर सम्म फैलिएको थियो । झन्डै ४४९८ वर्ष सम्म शासन गरेका पाल्पाली सेन राजाहरु पछील्लो सेन वंशीय राजा पृथ्वीपाल सेन को पालामा आयर वि.स. १८६१ म पाल्पा राज्य नेपाल राज्यमा गभीयको अभिलेखहरुमा उल्लेख भएको पाईन्छ । यसका साथै रिब्दीकोट को नामाकरण पनि मगर भाषामै रहेको छ ।

समुन्द्री सतहदेखी १८८६ मिटर उचाई रहेको यस रिब्दीकोट पाल्पा जिल्ला को सदरमुकाम तानसेन वाट २० कि. मि. को दुरीमा रहेको छ पातलीदै गएको डाडा टुप्पोमा (सबैभन्दा माथी) पुगेपछी भने समथर छ सायद वर्षे राजधानी कायम गर्ने क्रममा रिबेली सेन ले कोट स्थापना गर्दा समथर बनायको हुन पर्दछ । आकाश उग्रेको वेला तुवालो फाटेको वेला याँहावाट २१ जिल्ला देख्न सकिन्छ भन्ने स्थानिय वासीको भनाई रहेको छ । रातको समयमा छिमेकी राष्ट्र भारतको नौतनवा रेल आउँदाको दृश्य समेत हेर्न सकीन्छ । यहाँ वाट देखीने हिम श्रखला ऋतुराज वसन्त संगै विभिन्न थरीका फुल लाली गुँरास ले रक्ताम्य प्राकृतिक मनोरम दृश्यलाई आँखामा लुकाई राख्न मन लाग्छ । कोट को एक छेउमा गहीरो खाल्टो छ यो कति गहिरो छ भन्ने अनुमान गर्न सकियको छैन यो संगै सानो सुरुङ्ग पनि छ यस संगै कोट माईको मन्दिर समेत रहेको छ ।

सेन राजाहरु को पहिल्लो राजधानी समेत रहेको ले यसको एतिहासिक पुरातात्विक महत्व समेत रहेको छ । रिब्दीकोट क्षेत्र धार्मिक सास्कृतिक तथा एतिहासिक दसष्टीकोण वाट भरिर्ण स्थान हो यसको विकासका थुपै सम्भावना को ढोका खुलीसकेको छन भन्दा फरक नर्पला ५ नं प्रदेशको मुख्य राजमार्ग पाल्पा को रामपुर देखी रोल्पा सडक खण्ड संगै जोडिएको जलेश्वर क्षेत्र धार्मिक रुपमा उत्तीकै प्रख्यात छ त्यस संगै जोडिएको रिब्दीकोट उन्त मुख्य राजमार्ग वाट करीव ३.४ कि.मि.को दुरीमा अवस्थीत छ त्यति मात्र होईन सिध्यार्थ राजमार्गको दोभान देखी जम्मा २१ कि.मि र सिध्यार्थ राजमार्गकै डुम्रेवाट जम्मा १४ कि.मि को दुरीमा रहेका ले यस रिब्दीकोट क्षेत्रलाई एउटा विकसीत व्यवस्थीत हिल स्टेसन का रुपमा विकास गर्न सकिन्छ त्यति मात्र हैन जडीबुटीको खानी सदावहार जंगल मनोरम हिम श्रखला बुटवद भैरहवा भित्र राष्ट्र भारतको गोरखपुर सम्म का दृब्य अवलोकन गर्न सकीने भएका ले पनि यस रिब्दीकोट क्षेत्रलाई हिल स्टेशनका रुपमा विकास र विस्तार गर्न सकिन्छ ।



२.६ धार्मिक तथा ऐतिहासिक स्थलहरु (Religious & Historical Spots)

रिब्दीकोट गाउँपालिका ऐतिहासिक तथा धार्मिक हिसाबले पनि त्यतिकै महत्वपुर्ण रहेको मानिन्छ । यस गाउँपालिकामा रहेका भैरवस्थान मन्दिर, कालिका मन्दिर, कान्ताश्रम,जलेश्वर मन्दिर, छत्रदेव मन्दिर, रिपगुफा यस गाउँपालिकाका प्रमुख ऐतिहासिक तथा धार्मिक ठाँउहरु हुन यसको बारेमा अध्ययन अनुसन्धान गरी ग्रामीण पर्यटन प्रबर्द्धन गर्न सक्ने सम्भावना पनि त्यत्तिकै रुपमा सम्भावित रहेको छ र आन्तरिक तथा बाह्य पर्यटकहरुलाई भित्र्याई प्रशस्त आय आर्जन बढाउने अर्को यस गाउँपालिकाको संभावना र अवसर लुकेर रहेका छन् ।

- छत्रको मन्दिर ,लिस्नेको भिर (सिल्फी डाँडा)
- सबै भन्दा उच्च स्थानमा रहेको मधुवन क्षेत्र
- वरपोखरा सिद्धवावा जोर्ते पोखरी दह
- भैरवस्थान मन्दिर
- जलेश्वर मन्दिर
- रिब्दिकोट
- सेन राज्यको बसोबास रहेको क्षेत्र तालको कटुवाडाँडा गुजरास्थान घोलीर्खक

क) भैरवस्थान मन्दिर

एतिहासिक सास्कृतिक रुपमा सेनकालिन पाल्पा भैरव जति प्रख्यात छ त्यतिकै रुपमा धार्मिक महिमा पनि रहेको छ । पाल्पा भैरब को स्थापना मुकुन्द सेन प्रथम ले गरेको जन विस्वास छ । यसका साथै मुकुन्द सेन प्रथमले काठमाडौमा आक्रमण गरी महिन्द्रनाथ को मन्दिरवाट भैरवको मुर्ती पाल्पा ल्याएको भन्ने पनि छ ।

सेनहरु राजपूतानावाट आएका थिए अहिले पनि राजपूतनामा भौरोन को नाम ले भैरव को ठुलो महिमा का साथै आस्था राख्न गर्दछन राजपूतनामा गाँउ नगर का मुख्य प्रवेश दारमा भैरवले रक्षा गर्छन भन्ने धार्मिक माब्यता बोकी भैरवको मूती स्थापना गर्ने चलन आज पनि छ । राज पृतनावाट आयका हुनाले पाल्पाली सेन राजाहरुले आफ्नो आराध्यदेवको रुपमा भैरव लाई मान्ने गर्दथे सेन कालिन पाल्पा राज्यको मुख्य मुख्य प्रवेश नाकाहरुमा भैरवको स्थापना गरेको पाईन्छ । यी मध्ये रिब्दीकोट गांउपालिका वार्ड नं ४ भैरवस्थान रहेको पाल्पा भैरव तिनाउ गाउँपालिका को नुवाकोटमा हरेको नुवाकोट भैरव तानसेन नगरपालिका त्यतिकै महत्वका साथ रहेका छन । यी भैरव मन्दिरहरु मध्य पाल्पा भैरव मन्दिर को चर्चा त्यस प्रति को आस्था धार्मिक महिना अन्य भैरव मन्दिर को भन्दा बढी दखिन्छ ।

समुन्द्री सतह भन्दा १४७० मिटर उचाईमा डाडांको टाकुरा माथी पाल्पा भैरवको मन्दिर परिसर सेन कालीन मल्लकालीन र राणकालीन अवस्थाको चित्रण गर्ने ठाँउका रुपमा समेत हेर्न सकिन्छ ।मन्दिरको भुई तलामा खास भैरवको मुर्ती राखीएको छ । भने दोस्रो तलामा भक्तालुकरु को दर्शनाथ सेन कालिन विभिन्न समयमा स्थापान गरिएका विभिन्न मुखाकृर्तीहरु माथिल्लो तलाको छाना सुनको मोलम्वा भयको घातुदृरा निमार्ण गरीएको छ ।

छानामाथी कलात्मक र सुन्दर सुवर्णकलश र छत्र सहितको गजुर रहेको छ ।

गजुरको आसनमा उत्कीर्ण गरीएको सो मल्लकालीन कलाकौली वाट निमीत सो गजुर ले मन्दिरलाई सुशोभित गरायको छ ।

भुई तलामा रहेको भैरवको मूर्तीको सर्व साधारण ले दर्शन गर्न हुदैन भन्ने पनी छ यसमा फरक फरक धारण व्यक्त भय पनि यस प्रश्नको जवाफ भने आज सम्म अनुन्तरित नै छ किन दर्शन गर्न हुदैन भन्नेमा कोहीको धारणा काठमाडौवाट लुटेर ल्याईएको हुनाले दर्शन गर्न नदीयको भन्ने पनि छ । अर्को थरीको भनाई भने फरक छ मुर्ती को आकृति डरलाग्दो हुनुका साथै कोध र भयङकर हुनाले उक्त भैरवलाई हेर्दा अनिष्ठ हुने तर्क प्रस्तुत गर्ने गरेको भटिन्छ ।

पाल्पा भैरव संगै कालिको मुर्ती र भैरव संगै कालीको पनि आस्थाका साथ पुजा आजा गरीने हुनाले पाल्पा भैरव महाङ्काल भैरव भएको समेत पुष्टी भयको भन्ने तर्क पनि विभिन्न इतिहास विदहरुले प्रस्तुत गर्ने गरेका छन् ।

धार्मिक आस्थाका साथै स्वदेश तथा विदेशमा समेत यस पाल्पा भैरवको महिमा फैलीएका कारण यस मन्दिरमा बाहैमास दर्शनार्थीहरुको भिड लाग्ने गर्दछ पाल्पा भैरव संग जोडिएको आकाशवाट खसेको जनश्रति बोकेको एतिहासिक भयाली, मन्दिरमा गरीने असाधारण पुजा विधि नाथ समुदाय

को कान चिरा विधि खास भैरवको मुर्ती लाई हेर्न नहुने जनश्रुति ले जो कोही लाई पनि अचम्मित पार्ने गरेको छ ।

पुजा गर्दा नगरा बनाउने प्रचलन उतैवाट पाल्पा भैरवमा नगरा बजाउने प्रचलन उतैवाट अंगीकार गरेको भन्न सकिन्छ । वाहैमहिना भक्तजनहरु भिड लाग्न यस पाल्पा भैरव मन्दिरमा विषेश गरी बैशाख मंसीर र नवदुर्गाका वेला अत्यन्तै भिड हुने गर्दछ भक्तजन हरुको ।

ख) जलेश्वर मन्दिर

समुन्द्री सतह देखी १७२५ मिटर उचाई मा रहेको धार्मिक महिमा बोकेको जलेश्वर महादेव को शिखर शैलीमा निर्माण गरीएको मन्दिर रहेको छ मन्दिर को पश्चिम भागमा कलात्मक झ्याल ढोका सहित को सम्तल रहेको छ यस लाई "धनी घर" भने गरीन्छ । मन्दिर परिसरमा स्वस्ति श्री सम्वत १९८० साल माध २८ गते १ रोजमा श्री महन्त दौलथ पुरी सन्तोष पुरी रधुनाथ पुरी गुर पीतय मोक्ष पातिर जलेश्वर महादेव लाई चढायौ भन्ने लेखीएको घण्ट रहेको छ ।

पुर्व मोहोडा भएको शिखर शैलीमा बनेको मन्दिर भित्र रहेको मुर्ती लाई जलेश्वर महादेवको नामले आस्था एवंम विश्वासका साथ दियौ देखी भक्तजनहरु ले पुजा आजा गर्दे आयका हुन यो आस्था अस्नि विश्वास लाई कतै वाट पनि ठेस लाग्ने काम हुनुहदैन वांया खुट्टा ठोडो गरी केही वांयातिर ढल्केको राजकालित आसनकम बसेको मुर्ती छ ।मुर्तीकला को शैलीका आधारमा उक्त मुर्ती बोधीसत्व मुर्ती भएको र सातै आठौ शताब्दी मा बनेको पुरातत्व विभागको अध्ययन टोलीको टिर्पोटमा उल्लेख गरीएको छ ।

रिब्दीकोटको जलेश्वर महादेव भनेर महिमा बोकेको सो मुर्तीमा मृगको जसरी उत्कीर्ण गरीएको छ यस कुराले बाधीसत्व र मृगको सम्बन्धलाई जोडेको छ ।सेन वंशी राजाहरु हिन्दु धर्म् का अनुयायी रहेको भने प्रस्ट देख्न सकिन्छ सेन वंशी राजाका पालामा जति हिन्दु मठ मन्दिर देवी देवताका मुर्ती विस्तार पाल्पा राज्यमा भयो सोही अवधीमा पाल्पा राज्यमा वौदविहार तथा चैत्य वोधीसत्व का मुर्तीहरु को विकास भने हुन सकेको देखीदैन यसो भन्दैमा सेन वंशी राजाहरुको बौद्ध धर्म प्रति आस्था थियन भन्न मिल्दैन त्यसैको उदाहरण का रुपमा जलेश्वर महादेवको मन्दिरमा रहेको जलेश्वर महादेव को मुर्ती लाई लिन सकिन्छ ।यस्ता थुप्रै उदाहरणहरु हुन जसका आधारमा सेन वंशीय राजाहरु हिन्दु धर्मका अनुयायी भय पनी वौद्ध धर्ममा पनि आस्थावान रहेको देखीन्छ यसले जलेश्वर महादेव र त्यसमा रहेको मुर्तीले उक्त कुराको पुष्टी गर्दछ । जलेश्वर महादेव मन्दिर परिसरको वा उक्त मन्दिरले चर्चको जग्गाका वारेमा वालापुरी स्वामीको चेला करन पुरी का नाममा तत्कालीन प्राईम मिनिस्टर एण्ड कम्पनी इन चिफ जंग बहादुर राणाको तर्फवाट जारी गरेको लालामोहर ले पनि यस जलेश्वर महादेव मन्दिरो एतिहासिक महत्व लाई अझ उजागार पार्दछ ।

ग) रिब्दीकोट

रिब्दीकोट गाँउ पालिकामा रहेको रिब्दीकोट सँग थुप्रै एतिहाँसिक धार्मिक, तथा सांस्कृतिक महत्वका विविध पक्षहरु जोडीएका छन् । शीला लेख अनुसार गंगाको तटीय क्षेत्र प्रयागको सेरोफेरोमा धेरै पुस्तासम्म सेनहरुले राज्य गरेका थिए भन्ने पुष्टी गरेको छ । उनै सेन वंशका सन्तान तुथा (तुला) रायसेन ले मुसलमानहरुको आक्रमण पछी राजपुर आहे राजपुर राज्य खडा गरेका थिए उक्त राज्य चुरे को तलपट्टीको तराईको ठुलो भागलाई ओगट्नु का साथै पहाडको रिब्दीकोट सम्म फैलिएको थियो उनले तराई र पहाडमा एकीकृत राज्य वि.स. १३०६ देखी वि.स १३४६ सम्म राज्य गरेका थिय उनका छोरा रिबेली सेनले रिब्दीकोटमा वर्षे राजधानी कायम गरी राज्य संचालन गरेका थिए भने अर्को तिर रिब्दीकोट गाँउ पालिका का धेरै जसो स्थानको नामाकरण मगर भाषा वाट उत्पति भयको पाईन्छ । जस्तै मगर भाषामा रि को अर्थ वेत हुन्छ दी को अर्थ पानी यसलाई सरल रुपमा बुझदा पनि वेतको पानी कोटमा भन्ने अर्थमा बुझन सकिन्छ । यसले सांस्कृतिक महत्वलाई झन प्रष्ट पार्ने काम गरेको छ । यसका साथ साथै रिब्दीकोटमा रहेको देवीको मन्दिर मगर जातीले लै स्थापना गरेको भन्ने अभीलेखमा उल्लेख गरीएको छ । यसले धार्मिक महत्व लाई अझ प्रस्ट पार्दछ । अर्को महत्वपुर्ण पक्ष भनेको सेन वंशीय राजा जसले ४९८ वर्ष शासन गरे उनिहरु को पहीलो राजधानी रहेको रिब्दीकोट हो ।

२.७ नदिनाला तथा खोलानाला (River)

यस गाउँपालिकामा रहेका कुसुम खोला,डडुवा खोला, त्रिवेणी खोला, वैरी खोला, विरुङ खोलाहरुको बहाव रहेको हुँदा यी खोलाहरुबाट गाँउपालिकाबासीहरुलाई प्रभाव पर्ने गरेको देखिन्छ । अर्को तर्फ रिब्दीकोट गाँउपालिकामा बसोवास गर्ने अधिकांश मानिसहरुको मुख्य पेशा कृषि रहेको हुनाले यिनै खोलाहरुको पानीबाट सिंचांईको सुविधा पनि गर्ने गरिएको छ ।

२.९ गाउँपालिकामा रहेको सम्भाव्यता, अवसर, चुनौती र समस्याहरु

रिब्दीकोट गाउँपालिका पाल्पा जिल्लाको सदरमुकाम तानसेन देखि लगभग २० कि.मी पश्चिममा रहेको र मिश्रित जातजातिहरुको बसोबास रहेको यो गाउँपालिका हो । यस गाउँपालिकाका मुख्य संभावना र अवसर भनेको कृषि उत्पादन (नगदे बाली) र ग्रामिण व्यापार नै हो । यस गाउँपालिकाका अधिकांश मानिसहरु कृषक भएको हुदाँ मौसमी र बेमौसमी तरकारी खेतीको प्रवल संभावना र अवसरहरु रहेको छ । हाल भैरहेको निर्वाहमुखी तरकारी खेतीलाई व्यवसायमुलक बनाउन सकेको खण्डमा यहाँको मानिसहरुको जीवनस्तर उकास्न धेरै समय पर्खनु पर्दैन । हाल बढ्दो विषादीयुक्त बजारको तरकारीले मानिसहरुको स्वास्थ्यमा प्रतिकुल असर पु-याईरहेको छ । यस गाउँपालिका लगायत वरिपरिका छिमेकी गाउँपालिका/नगरपालिकाहरुमा कृषकहरुको बाहुल्यता बढि भएकाले सरकारी स्तरबाट नै यस गाउँपालिकामा कृषि तथा पशु सेवाको स्थापना पनि १ दशक अघि नै भईसकेको छ । यसैगरी यस गाउँपालिका घरेलु तथा साना उद्योगहरुको प्रसस्त संभावना रहेको छ । स्थानीय सीप र प्रविधिमा आधारित उत्पादनको माग हाल आएर बढ्दै गइरहेको सर्न्दभमा गुणस्तरयुक्त वस्तुहरुले यस ठाउँमा राम्रै स्थान पाउने गरेको देखिन्छ । यस गाउँपालिकामा रहेको हारथोक बजारमा किनमेल गर्न आउने हुनाले व्यापारको सम्भावना पनि उत्तिकै रहेको छ । त्यसैगरी यस गाउँपालिकामा उच्च स्तरको शिक्षाको अध्ययन

हुने हुनाले निम्न आय स्तर हुने परिवारका बालबच्चाहरुका लागि यो गाउँपालिका गन्तव्य स्थल पनि हो बुटवल देखि भैरवस्थान, हाडथोक हुदैँ गुल्मी, अर्घाखाँची सडक बाह्रै महिना गाडी चल्ने र यो बजार यस सडकको बीच तथा केन्द्रमा रहेकोले अन्य सेवा सुविधाहरुमा पनि वृद्धि हुन सक्ने देखिन्छ । यस गाउँपालिकाबाट वर्षमा बाह्रै महिना प्रत्येक दिन काठमाण्डौ, बुटवल तथा देशका अन्य स्थानमा पुग्न बसको सुविधा रहेको छ । साथै दर्जनौ साना सवारी साधनहरुले यस गाँ(उपालिका भित्रका ८ वटै वडाहरुमा दैनिक यातायातको सुविधा पुचाईरहेका छन् । यस गाउँपालिकामा सवारी साधनको चाप बढेको र हारथोक हुदैँ तानसेन,बुटवल सडकमा बाह्रै महिना गाडी चल्ने भएकाले यस गाउँपालिकामा वातावरणीय अनुकुलतालाई मध्य नजर राखी एउटा बसपार्कको निर्माण गर्नुपर्ने देखिन्छ । यसको अतिरिक्त अनियन्त्रित रुपमा भएका बाटो निर्माणले गर्दा यस गाउँपालिकामा प्राकृतिक प्रकोपको जोखिम पनि त्यतिकै टडकारो रुपमा रहेको छ भने गाउँपालिकाको मध्य भाग भएर खोलाहरु बग्ने हुँदा जमिनको कटान, बाढी र पहिरोको प्रकोप पनि बढि नै रहेको हुनाले यसको बारेमा बेलैमा सचेत र व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

२.१० गाउँपालिकाको अन्तर सम्बन्ध

यस गाउँपालिकाको अर्न्तसम्बन्ध विशेषगरी छिमेकी नगरपालिका लगायत जिल्ला सदरमुकामसंग बढी मात्रामा रहेको छ । यहाँका मानिसहरु रोजगारी लगायत अन्य कारोवारको लागि तानसेन, बुटवल जाने आउने गर्दछन् । यस ठाउँमा उत्पादित कृषिजन्य वस्तुहरुको बिक्री वितरणका लागि जिल्ला सदरमुकाम लगायत बुटवल, भैरहवा, काठमाण्डौं सम्म पनि हुने गरेको देखिन्छ । गाउँपालिकालाई चाहिने अन्य कृषि सामाग्री, खाद्य सामाग्री लगायत दैनिक आवश्यकताका वस्तुहरुको आयत भने मुलत जिल्ला सदरमुकाम लगायत, बुटवल, भैरहवाबाट नै हुने गरेको देखिन्छ ।

२.११ गाउँपालिकाको गतिशीलता

यस गाउँपालिकाको मानिसहरुको बाहिरको गतिशिलता विश्लेषण गर्दा शिक्षा, स्वास्थ्य/औषधोपचार, रोजगारी र व्यापारको शिलशिलामा आफ्नै गाउँपालिका भित्रैका ठाँउहरु देखि लिएर छिमेकी जिल्ला र समुन्द्रपार सम्म हुने गरेको देखिन्छ । तानसेन, बुटवल, भैरहवा, काठमाण्डौं आदि लगायत भारतका विभिन्न स्थानहरुमा यहाँका मानिसहरु रोजगार, व्यापार/व्यवसाय, शिक्षा, स्वास्थ्यसेवा र अन्य प्रयोजनका लागि जाने मुख्य स्थानहरु हुन् । ठुलो संख्यामा यहांका मानिसहरु रोजगारका लागि विशेष गरेर भारत र खाडी मुलुकहरु लगायत समुन्द्रपारीसम्म जाने गरेको देखिन्छ ।

२.१२ हावपानी तथा जलवायु

रिब्दीकाट गाउँपालिका पाल्पा जिल्लाको सदरमुकाम तानसेन बाट करिब २० किलोमिटर पश्चिममा अवस्थित छ । समुन्द्री सतहवाट **७८१** मिटर उचाई देखि **१८८७** मिटर उचाईसम्म फैलिएकोले यसको हावापानीमा पनि विविधता छ । पहाडी भागमा अवस्थित भएको हुनाले रिब्दीकोट गाउँपालिकाको हावापानी समशितोष्ण मनसुनी प्रकारको रहेको छ । हिउँदमा अलि जाडो र गर्मी महिनामा सामान्य गर्मी हुनु यहाँको विशेषता हो । यहाँ मार्च (March) देखि अक्टोबर (October) सम्म सामान्य गर्मी रहन्छ भने नोभेम्बरदेखि फेब्रुअरीसम्म जाडो नै रहन्छ । सबैभन्दा जाडो महिना डिसेम्बर (December) मा रहन्छ भने सबैभन्दा गर्मी महिना मे (May) मा रहन्छ । यहाँको औषत वार्षिक वर्षा **२१५०** मि.लि. र वार्षिक औषत तापक्रम २७ डिग्री सेल्सियस रहने गरेको छ ।

२.१३ साँस्कृतिक उत्कृष्टता तथा नाचको विवरण

विकासमा महिलाहरूको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चित गर्न उनीहरूको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रूपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कायर्क्रम हाल नेपालको ७७ जिल्लामा विस्तार भएको छ । महिला विकास कायर्क्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपूर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरूलाई समूह, समिति, सस्थामा सगंठित गराई जनचतेना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिक रूपमा सशक्त बनाउन, सामाजिक विभेद र लैङ्गिक हिसां विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निवार्ह गर्दै आईरहेको छ ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकायहरूबाट कामहरू शसक्त रूपमा भईरहेको छ जस अनुसार लैंगिक सशक्तिकरण सूचक (GEM) मा नेपालको स्कोर ०.५७ (२०१५) रहेकोमा सन् २०३० सम्म ०.६९ मा वृद्धि गर्ने र लैंगिक असमानता सूचक (GII) ०.४९ (२०१५) बाट सन् २०३० सम्म ०.००५ मा झार्ने मुख्य योजना रहेको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ ले देहाय बमोजिमको महिलाको हक सुनिश्चित गरेको छ ।

- प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- महिला विरुद्व धामिर्क, सामाजिक, सास्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिसांजन्य कार्य वा शाषेण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्तिपाउने हक हुनेछ ।
- राज्यका सबै निकायमा महिलालाई समानपुातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

विशेषगरी गर्भवती महिलाहरूको निःशुल्क वा न्यनूतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरूमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रिम पहिचान र न्युनीकरणका लागि

विशेष पहल गर्नपर्ने देखिन्छ। जिल्ला जनस्वास्थ्य कार्यालय एव ंअन्य सम्बद्ध स्वास्थ्य सस्थाहरूसगँ समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरागे नियन्त्रणका क्षत्रेमा कायर्रत स्वास्थ्यकर्मीहरूका लागि स्थायित्व, वृत्तिविकास तथा पुनतार्जगि जस्ता कायर्क्रम ल्याई महिलाहरूका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय माफर्त आथिर्क रूपमा सबल बनाउनु पर्ने देखिन्छ। आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा महिलाहरूको समान सहभागिता गराउन उनीहरूलाई थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ। सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास सस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी सघंसस्थालाई सस्थागत विकासका लागि विभिन्न कार्यक्रम सचांलन गर्न प्रोत्साहन गर्नुपर्दछ। महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यलाई वडाहरूमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवद्धन कायर्लाई निरन्तरता दिई लक्षित समूह तर्फ सबै समूह र वर्गकको सहभागिता हूने कार्यक्रहरू सञ्चालन गरि समावेशी अवधारणा अनुरूप स्थानीय शासन र विकासमा महिलाको सलंग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरू ल्याउनपुर्ने देखिन्छ।

परिच्छेद पाँच :सामाजिक विकास

५.१ स्वास्थ्य सेवा

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निशूल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रूपमै प्रत्याभूत गरेको छ । राजनितिक रूपमा ८ वडाहरूमा विभाजित यस गाउँपालिकाका धेरैजसो जनताले आवश्यकता अनुसार स्वास्थ्य सुविधा लिइ रहेका छन् । गाउँका केन्द्र क्षेत्रका जनताहरूको पहुँच सहज देखिएता पनि बाँकी जनताको पहुँच केवल स्वास्थ्य चौकीसम्म रहेको छ जहाँ सबै स्वास्थ्य समस्याको समाधान संभव छैन । हेल्थपोष्टहरूमा पर्याप्त स्वास्थ्यकर्मी, स्वास्थ्य उपकरण, सामाग्री र औषधीको उपलब्धता नहुँदा समस्या झेल्नुपर्ने बाध्यता छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षणअनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। यस क्षेत्रमा आपतकालीन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धी बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

गाउँपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरू उपलब्ध हुन सकेको छैन । गाउँपालिकाको विभिन्न वडाहरूमा स्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रूपमा रहेको देखिन्छ । दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

५.२ गाउँपालिकामा विद्यमान स्वास्थ्य सेवाहरू

गाउँपालिका भित्र सात वटा स्वास्थ्य चौकीहरू रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। तथापी ग्रामीण स्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ।

तालिका ५.२ गाउँपालिकामा विद्यमान स्वास्थ्य सेवाहरू

क्र.स.	स्वास्थ्य सेवा	संख्या
१	आर्युवेदीक औषधालय	१
२	स्वास्थ्य चौकी	७
३	बर्थीङ्ग सेन्टर	२

यस गाउँपालिकाभित्र बस्ने अधिकांश घरपरिवारहरुले बिरामी हुँदा स्वास्थ्य चौकी तथा नजिकको सरकारी अस्पतालको सेवामा निर्भर रहेका हुन्छन् भने केही मात्रामा नीजि अस्पतालमा जाने गरेको पनि देखिन्छ। अज्ञानताको कारण लामा झाँक्री तथा फुकफाक गर्ने चलन पनि रहेको छ भने केही परिवारहरु कही पनि नगई आफै ठिक हुन्छ भनी बस्ने गरेको पनि पाईएको छ। समष्टिगत रुपमा उपचार सेवा प्राप्त गर्ने स्थान लगायत नजिकको स्थानीय स्वास्थ्य चौकीमा सेवा लिनका लागि लाग्ने समय तथा दुरीको बारेमा तलको तालिका र डाईग्राममा देखाईएको छ।

तालिका नं ५.२. बिरामी अबस्थामा उपचार प्राप्त गर्न जाने स्थान सम्बन्धी विवरण

क्र.स.	विवरण	परिवार संख्या	प्रतिशत
१	सरकारी अस्पताल	३६५३	७९.५७
२	निजि क्लिनिक	४५६	९.९३
३	स्वास्थ्य केन्द्र	२५४	५.५३
४	लामा झाक्री	८६	१.८७
५	प्राकृतिक आर्योर्वेदिक	९०	१.९६
६	कहि नजाने	३७	०.७९
७	थाहा छैन	११	०.३५
	जम्मा	४५९१	१००

चार्ट नं ५.२. बिरामी अबस्थामा उपचार प्राप्त गर्न जाने स्थान सम्बन्धी विवरण



५.३ रोगको प्रकार र अवस्था

रिब्दीकोट गाउँपालिकामा बसोबास गर्ने मानिसहरुलाई बिरामी हुँदा देखिने मुख्य रोग मध्ये सबै भन्दा बढि ज्वरोको कारण पिडित भएको देखिन्छ भने टाईफाइड तथा झाडाबान्ता पखलाको कारण बिरामी हुनेको संख्या पनि बढि नै रहेको देखिन्छ। सुरक्षित पिउने पानीको अभावको कारण बढि मात्रामा ज्वरो, झाडा बान्ता लगायत जन्डिस, टाइफाइड लगायतका रोगव्यधी लाग्ने गरेको देखिन्छ। यस सम्बन्धि विवरणलाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं.५.३ गाउँपालिकामा बिरामी हुँदा देखिने मुख्य रोग तथा परिवार संख्याको विवरण

वडा नं.	ज्वरो	झाडाबान्ता, पखाला	क्षयरोग	जन्डिस	टाइफाईट	निमोनिया	एड्स	अन्य
१.	५४५	४१२	४	९	२५४	१९०	०	५२
२.	४९८	३६७	२	१२	२७८	१६५	०	२२
३.	५२३	३७८	२	३	२८९	१९२	०	६
४.	४६७	२८७	३	३	१७२	२४९	०	१
५.	३७६	१८९	४	१३	१४५	१२४	०	३४
६.	५३४	३०९	२	५	२०८	१७५	०	१७
७.	६१२	५१२	६	३६	४३४	२३४	०	१०१
८.	६८३	५३२	१२	६१	५३९	२६७	०	२३२
जम्मा	**४२३८**	**२९८६**	**३५**	**१४२**	**२३१९**	**१९६**	**०**	**४६५**

चार्ट नं.५.३ गाउँपालिकामा बिरामी हुँदा देखिने मुख्य रोग तथा परिवार संख्याको विवरण

५.४ लिंगका आधारमा दीर्घ रोगीहरुको अवस्था

रिब्दीकोट गाउँपालिकामा गरिएको घरधुरी सर्वेक्षण अनुसार यस गाउँपालिकामा देखिएको दीर्घ रोगीहरुको अवस्थालाई हेर्दा सबैभन्दा बढि दीर्घ रोगीहरु चिनीरोग र क्षयरोगबाट पिडित रहेको देखिन्छ। त्यसैगरी क्यान्सर पिडित भएका व्यक्तिहरु पनि यस गाँउपालिकामा रहेको कुरा सर्भेक्षणले देखाएको छ । रिब्दीकोट गाउँपालिकामा रहेका दीर्घ रोगीहरुको संख्या र अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.४ वडागत रुपमा लिंगका आधारमा दीर्घ रोगीहरुको अवस्था

वडा नं.	क्षयरोग		क्यान्सर		एड्स		चिनीरोग		अन्य	
	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष
१.	0	०	०	०	०	०	२	४	७	१०
२.	०	०	०	०	०	०	१	५	१	१
३.	०	०	०	०	०	०	८	५	३	७
४.	०	०	०	०	०	०	३	१	४	३
५.	०	०	०	०	०	०	५	७	१२	८
६.	०	०	०	०	०	०	१	३	१५	३
७.	१	२	०	०	०	०	४	५	१७	८
८.	१	४	०	०	०	०	६	११	१४	१२
जम्मा	**२**	**६**	**०**	**०**	०	०	**३०**	**३४**	**७३**	**४७**

५.५ मातृ स्वास्थ्य सम्बन्धी विवरण

रिब्दीकोट गाउँपालिका भित्र गरिएको अध्ययन तथा सर्भेक्षणले देखाए अनुसार मातृ स्वास्थ्य सम्बन्धीको अवस्थालाई हेर्दा यदि आफ्नो परिवारमा कोही बच्चा पाउने छ वा भएमा बढी घरपरिवार सरकारी अस्पतालमा जाने गरेको भन्ने उत्तर दिएका र दोश्रो नम्बरमा घरमा नै बच्चा जन्माउने गरिन्छ वा गरिएको छ भन्ने उत्तर प्राप्त भएको विश्लेषणबाट देखिएको छ । समष्टिगत रुपमा सुत्केरी हुने बेलामा उपचार सेवा प्राप्त गर्ने स्थान अनुसारको परिवार संख्याको वितरणको अवस्थालाई तलको तालिका तथा चार्टमा देखाईएको छ ।

तालिका नं. ५.५ सुत्केरी हुने स्थान अनुसार परिवार संख्याको वितरण

क्र.स.	विवरण	परिवार संख्या
१.	सरकारी अस्पताल	२३८५
२.	निजि क्लिनिक	५४३
३.	स्वास्थ्य केन्द्र	६८१
४.	घरमा नै	६५४
५.	जहाँ पनि हुन सक्छ	३१२
६.	थाहा छैन	१६
जम्मा		४५९१

चार्ट नं. ५.५ सुत्केरी हुने स्थान अनुसार परिवार संख्याको वितरण



५.६ गर्भावस्थामा स्वास्थ्य परिक्षणको अवस्था

रिब्दीकोट गाउँपालिकामा गरिएको सर्भेक्षण अनुसार यस गाउँपालिकामा रहेका जम्मा २५०६ घरपरिवारमा गर्भावती महिलाहरु रहेका छन् । जसमध्ये १२०९ घरपरिवारमा आवश्यकता अनुसार वा सो भन्दा बढि स्वास्थ्य परिक्षण गर्नेको संख्या रहेको छ भने ३ पटक स्वास्थ्य परिक्षण गर्ने घरपरिवारको संख्या १०८६ रहेको देखिएको छ । यसैगरी १/२ पटक स्वास्थ्य परिक्षण गर्ने घरपरिवारको संख्या क्रमशः ६५ र १४६ रहेको पाइयो ।

५.७ खोप सम्बन्धी विवरण

सहश्राब्दी विकास लक्ष्य (Millennium Development Goals) अर्न्तगतको चौथो बुँदामा बाल मृत्युदर न्युनीकरण अर्न्तगत ५ वर्ष मुनिका सबै बालबालिकालाई उच्च प्राथमिकता दिई अकाल मृत्युबाट जोगाउनु पर्ने र सबै बालबालिका र शिशुहरुको बाँच्न पाउने अधिकारका लागि सहकार्य गर्दै समयमा नै आवश्यक मात्रामा खोप दिनु पर्ने कार्यलाई पनि जोड दिएको छ । त्यसैगरी सहस्राब्दी विकास लक्ष्यले बालबालिका विकासका लागि लिएको लक्ष्य तथा गन्तव्य (लक्ष्य ४: गन्तव्य ५: सन् १९९० को तुलनामा सन् २०१५ सम्ममा पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले कम भएको हुने लक्ष्य राखिएको थियो । जसको फलस्वरुप हाम्रो देशले पनि आफ्नो केन्द्र देखि स्थानिय स्तरसम्म केहि हद सम्म यसको कार्यान्वयन गरेको देखिन्छ तर पुर्ण रुपमा सन्तोष गर्ने स्थिती भने रहेको छैन । कुल जनसंख्याको ६.६ प्रतिशत रहेको बालबालिका संख्यामा अधिकाशले खोपको सुविधा प्राप्त गरेको अध्ययनले देखाएको छ । यस अवस्थासंग यस गाँ(उपालिकाको अवस्थालाई तुलना गर्दा बालबालिकाले पाउनु पर्ने खोप सम्बन्धि सुविधाको अवस्था अत्यन्त राम्रो देखिन्छ ।

यस गाउँपालिकामा गरिएको अध्ययनले देखाए अनुसार ९८ प्रतिशत परिवारका बालबालिकाहरुले खोप लिएका देखिन्छ भने विभिन्न खोप प्राप्त बालबालिकाको संख्या तथा खोपको विवरणलाई तलको तालिकामा देखाईएको छ ।

तालिका नं ५.७ खोप सम्बन्धि विवरण

वडा नं.	वि.सि.जि.	डि.पि.डि.	पोलियो	भिटामिन ए	अन्य
१.	५६०	५६९	५८५	५८५	134
२.	५२२	५३१	५३४	५३४	6
३.	५२१	५०९	५८३	५८३	29
४.	४१२	४१८	४८३	४८३	83
५.	४०७	४११	४३१	४३१	379
६.	५२१	४९८	५९४	५९४	305
७.	५५९	५३४	६६६	६६६	४६५
८.	६६९	६१८	७१५	७१५	५१२
जम्मा	**४१७१**	**४०८८**	**४५९१**	**४५९१**	**१९१३**

५.८ एच.आई.भी./एड्स सम्बन्धि जानकारी सम्बन्धि जानकारी भएको परिवार संख्या

यस गाउँपालिका भित्र गरिएको अध्ययनले देखाए अनुसार यस गाँउपालिकाका ८.९४ प्रतिशत परिवारलाई एच.आई.भी./एड्स बारेमा जानकारी नभएको पाइयो भने ९१.०६ प्रतिशतले थाहा पाएको देखिन्छ। यसको अवस्थालाई तलको तालिका तथा चार्टमा देखाईएको छ।

क्र.स	विवरण	परिवार संख्या
१	एच.आई.भी. रोगाको बारेमा जानकारी भएको	४४५९
२	एच.आई.भी. रोगाको बारेमा जानकारी नभएको	१३२
		४५९१

५.९ शैक्षिक अवस्था - Educatonal Status_

नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट मुक्त गराई विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन एवं दिगो विकासका लक्ष्य अनुरुप समावेशी र समन्याय आधारित शिक्षा सबैमा पुऱ्याउने संविधान प्रदान अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता सहित शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रूपान्तरणको सेवाहरूको रूपमा विकास गर्ने, सबै तह एवं विद्याको शिक्षामा समतामुलक पहँचु सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवं व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ राष्ट्रिय शिक्षा निति र कार्यक्रमहरू लक्षित गरेको चौधौ आवधिक (२०७३/०७४-२०७५/०७६) याजेनामा उल्लेख गरिएको छ ।

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठुलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ रिब्दीकोट गाउँपालिकाको शैक्षिक स्थिति देखाउन खोजिएको छ । विकासको प्रमुख आधार शिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवतर्न ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहि आएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षत्रेको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ। नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हक मा देहायबमोजिमको व्यवस्था गरिएको छ ।

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउनेहक हुनेछ ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

संविधान तथा योजनाको ठूल्ठूला वहस भएता पनि शैक्षिक गुणस्तरको हकमा अन्य मुलुकको तुलनामा उल्लेखनीय विकास भने भएको देखिदैन । शिक्षाले ज्ञान र सिप प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध बालबालिका एवं आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ । देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, अथकरूपमा सिक्ने र सिकाउने प्रवृत्ति, सामाजिक र

मानवीय मूल्यमान्यता र आत्मविश्वास जस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो । यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोचको पर्याप्तता हुनुपर्छ । निर्दिष्ट सिकाइमात्र स्तरीयता होइन । आज व्यावहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ ।

प्राप्तिका बाटोमा आफ्नो गतिविधि केन्द्रित गरेको पाइन्छ । फलस्वरूप २०२० को अन्त्यसम्म प्राथमिक तहमा खुद भर्नादर ९६.६ प्रतिशत पुगेको छ भने लैङ्गिक अनुपात समदरमा पुगेको छ । दिगो विकासका लक्ष्य (SDGs 2015-2030) को १७ मध्ये उद्देश्य ४ सबैका लागि समावेशी, समतामुलक र गुणस्तरीय शिक्षा र जिवनपर्यन्त सिकाइ रहेको छ । गुणस्तरीय शैक्षिक जनशक्ति उत्पादन गर्न, उद्यमशिलता विकास गर्न, प्रतिस्पर्धात्मक श्रमबजारमा रोजगारी प्राप्त गर्न यो उद्देश्यको कार्यान्वयन निर्देशित देखिन्छ ।

परम्परागत कृषि पेशामा आधुनिकिकरण र व्यवसायिकरण गर्न, उद्यमशिलताको विकास र पुँजी लगानी मार्फत औद्योगिकिकरण गर्न मयार्दित रोजगारीको अवसर सृजना गर्न र समग्रमा मानव विकास मार्फत सम्वृद्ध र समुन्नत देश विकास गर्न जीवनोपयोगी र व्यवहारिक शिक्षाको अहम् भूमिका रहन्छ । शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस रिब्दीकोट गाउँपालिकाको शैक्षिक स्थिति देखाउन यहाँको साक्षरता स्थिति,शिक्षण संस्थाको विवरण,शिक्षक दरबन्दी विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन खोजिएको छ जसबाट रिब्दीकोट गाउँपालिकाको शैक्षिक अवस्थालाई बुझी अगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ ।

तथा योजनाको ठुला ठुला वहस भएता पनि शिक्षाको हकमा विश्वको सामु तुलनात्मक अध्ययन गर्दा उल्लेखनीय विकास भने भएको देखिँदैन । शिक्षाले ज्ञान र सिपको प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध बालबालिका एवं आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ । देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, अथकरूपमा सिक्ने र सिकाउने प्रवृत्ति, सामाजिक र मानवीय मूल्यमान्यता र आत्मविश्वासजस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो । यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोचको पर्याप्तता हुनुपर्छ । निर्दिष्ट सिकाइमात्र स्तरीयता होइन । आज व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ । शिक्षाको स्तरीय विकासले मात्र देशमा रोजगारीको अवसर, कलकारखानाको विकास, सुविधाको पहुँच, प्रविधिको विस्तार, उत्पादनमुखी कृषि, आयमुखी व्यवसाय, स्थानीय साधनश्रोतको प्रचुर सदुपयोगले जनताको जीवनस्तर उकास्न सकिन्छ । शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस रिब्दीकोट गाउँपालिकाको शैक्षिक स्थिति देखाउन यहाँको साक्षरता स्थिति, शिक्षण संस्थाको विवरण, दरबन्दी शिक्षकहरूको विवरण,

विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन खोजिएको छ जसबाट रिब्दीकोट गाउँपालिकाको शैक्षिक अवस्थालाई बुझी आगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ ।

यस गाँउपालिकामा शैक्षिक सुविधाको अवस्थालाई हेर्दा जम्मा ३७ वटा विद्यालय रहेको देखिन्छ । जम्मा विद्यालय मध्ये यहां पुर्व प्राथमिक विद्यालय २९ वटा, आधारभुत तह कक्षा १-५ संचालन १९ वटा, आधारभुत तह कक्षा ६-८ संचालन ७ वटा,माध्यमिक तह कक्षा ९-१० संचालन ५ वटा, मा.वि. तह कक्षा ११-१२ संचालन ७ वटा र प्रावि १ र आधारभुत तह कक्षा ६-८ संचालन १ संस्थागत विद्यालय रहका छन ।

५.१० भौतिक अवस्था अनुसार शैक्षिक संस्थाहरूको विवरण

यस गाउँपालिकामा रहेका प्राय सबै विद्यालयमा विद्यार्थीको लागि पर्याप्त कक्षा कोठाको अभाव रहेको छ भने विद्यार्थीहरुको लागि खेल्ने सामाग्री र उपयुक्त खेल मैदानको समेत अभाव रहेको देखिन्छ । यसको साथै गाउँपालिका भित्र रहेका सबै विद्यालयमा छात्रछात्राको लागि अलग्गै शौचालयको सुविधा भएको देखिदैन जुन विद्यालयको लागि अति आवश्यक पुर्वाधार हो । विद्यालयहरुलाई बालमैत्री, वातावरणमैत्री, अपाङ्गमैत्री बनाउनका लागि शिक्षक शिक्षिका, छात्रछात्राका लागि छुट्टै शौचालय लगायत अपाङ्गमैत्री शौचालय र कक्षाकोठा बनाउन पहल गर्नुपर्ने देखिन्छ ।

विद्यालयको नाम	भवन संख्या		कोठा सख्या		पुस्ताकालय र अध्ययन केन्द्र (छ/छैन)	प्रयोगशाला कम्युटर समेत	डेक्स/वेञ्चको क्षमता (जना)	खेलमैदानको क्षेत्रफल	कम्पाउण्ड बालको किसिम(तारबार,कच्ची,पक्की,पर्खा)	चर्पी सुविधा (छ/छैन)
	पक्की	कच्ची	पक्की	कच्ची						
शारदा मा.वि.	१	६	२	१९	छ	छ	४	३५० व.मि.	तारबार	छ
राधाकृष्ण प्रा.वि.	२	४	५	१२	छ	छ	४	२३० व.मि.	तारबार	छ
भगवती प्रा.वि.	१	३	३	६	छ	छैन	२	३५ व.मि.	-	छ
शान्ती प्रा.वि.	२	०	६	०	छैन	छैन	४	सागुरो	तारबार/पर्खाल	छ
कालिका आ.व.	३	२	७	४	छ	छैन	४	-	-	छ
गाउँले प्रा.वि.	३	०	५	०	छैन	छैन	५	४५०० व.मि.	छैन	छ
रैनादेवि प्रा.वि.	०	१	०	४	छैन	-	५	५० व.मि	-	-
आर्दश प्रा.वि.	०	३	०	८	छ	छ	४	६००	तारबार	छ
आर्दश मा.वि. लगुवा	६	१	१३	२	छ	छ	४	८०० व.मि.	पर्खाल	छ
आर्दश मा.वि. देउराली	१	३	३	६	छ	छैन	२	३५ व.मि.	-	छ
सरस्वती मा.वि.										
लक्ष्मी मा.वि.	६	०	१७	०	छ	छ	३	५०८० व.मि	पर्खाल	छ
भगवती प्रा.वि.	१	३	३	६	छ	छैन	२	३५ व.मि.	सरुवात अवस्थामा	छ
महेन्द्रजनता प्रा.वि.	१	३	३	६	छ	छैन	२	३५ व.मि.	-	छ
कालिका प्रा.वि.	३	०	८	०	छ	छैन	४	८ व.मि.	छैन	छ
भैरवजनता मा.वि.	९	०	२९	०	छ	छ	४	५०० व.मि.	कच्ची	छ
भैरव मेमोरियल वोर्डिङ्ग स्कुल	३	०	१३	०	छैन	छ	४	७०० व.मि.	छैन	छ
लक्ष्मी आ.वि.	३	२	६	५	छ	छैन	५	५०० व.मि.	तारबार	छ
भवानी मा.वि.	४	३	२५	६	छ	छ	५	१६०० व.मि.	पक्की	छ
दुर्गाभगवानी आ.वि.	१	१	३	७	छ	छैन	४	छैन	पक्की	छ
गौरी प्रा.वि.	२	०	५	०	छैन	छैन	४	१ रोपनी	तारबार	छ
कालिका प्रा.वि.	२	०	७	०	छैन	छैन	३	२०० व.मि.	छैन	छ
नवज्योती प्रा.वि.	०	२	०	५	छैन	छैन	४	६ व.मि.	छैन	छ
आलम प्रा.वि.	०	२	१	१	छैन	छैन	४	५व. मि.	तारबार	छ
नरायण मा.वि.	३	६	१४	५	छ	छ	५	१५०० व.मि.	तारबार	छ

भाष्कर मा.वि.	०	२	१५	छ	छ	छैन	४	छैन	तारबार	छ
चण्डिभवानी प्रा.वि.	२	०	७	०	छ	छैन	४	२३५ व.मि.	तारबार	छ
चण्डिभवानी आ.वि.	३	३	१०	६	छ	छ	४	३७५ व.मि.	छैन	छ
कालिका मा.वि.	०	१	०	३	छैन	छैन	४	छैन	तारबार	छ
प्रभात मा.वि.	३	७	९	१४	छ	छ	४	२५०० व.मि.	तारबार	छ
रिब्दीकोट बोडिङ स्कुल	२	३	५	३	छ	छ	४	१०० व.मि	तारबार	छ
कालिका प्रा.वि.	२	३	५	३	छ	छ	४	१०० व.मि	तारबार	छ
अल्का देवि प्रा.वि.	०	२	०	५	छैन	छैन	४	छ	तारबार	छ
मैदानदेवि प्रा.वि.	०	३	०	८	छ	छैन	४	४० व.मि.	छैन	छ
पिपलडाडा प्रा.वि.	१	३	३	६	छ	छैन	२	३५ व.मि.	-	छ
सोमहर आ.वि.	२	१	१०	३	छ	छैन	४	१०० व.मि.	पक्की	छ
ताल्तुङ्ग मा.वि.	३	१	७	५	छ	छैन	४	छैन	तारबार	छ
ज्ञानमाला मा.वि.	३	२	८	४	छ	छैन	४	१२०० व.मि.	तरबार	छ
कालिनाग प्रा.वि.	०	१	०	३	छैन	छैन	४	छैन	तारबार	छ

परिच्छेद छः आर्थिक विकास

६.१ कृर्षि तथा पशुपालन

कृत्रिम तरीकाले बालिजन्य र पशुजन्य उत्पादन गर्नु भनेको कृषि हो । यो खेत वा बारीमा अन्न रोपी त्यसलाई गोलमेल गरेर अन्न उब्जाउने काम हो । पशुपालन, बाली उत्पादन, मत्स्यपालन, र अन्य जिव-जन्तुको खेती वा पालन यस अर्न्तगत पर्दछन ।

कुल ग्राहस्थ उत्पादनमा ३५ प्रतिशत योगदान भएको कृषि क्षेत्रलाई ENGINE OF GROWTH पनि भनिन्छ । कृषि उत्पादन बढ्दा आर्थिक बृद्धी पनि बढ्ने गर्दछ र कृषि उत्पादन घट्दा सम्रग देशको आर्थिक वृद्धी घट्ने गर्दछ । रिब्दीकोट गाउँपालिकामा पनि परम्परमगत कृषि उत्पादन भन्दा आधुनिक कृषि प्रविधि उन्नत जातको बिउ वा कृषि पेशा संग सम्बन्धित विषय संग आम गाउँपालिका बासीलाई सु-सुचित गर्दै लैजानु पर्ने देखिन्छ । कृषि क्षेत्रको आधुनिकरण सरकारको निति तथा कार्यक्रम, पार्टीका घोषण पत्र र नेताका भाषणमा सिमित रहेको छ । विगतका तथ्याङ्कलाई हेर्ने हो भने यस रिब्दीकोट गाउँपालिकामा भउको सहरी बसाईसराई र युवा प्रदेशिने कार्य ले गर्दा कृषि क्षेत्र ओरालो लाग्दै गईरहेको छ । कृषि पेशामा लाग्ने कृषको रुचि देखिदैन, बरु यो बाध्यात्मक पेशा जस्तो बनेको छ । जमिनमा स्वामित्व हुनेहरु खेती गरेर लगानी नउठ्ने देखेर खेती गर्न छाडेका छन् भने जमिन नहुनेहरु अरुको जमिनमा खेती उत्पादन गरी उत्पादनमा दुई तिहाई जग्गा धनीलाई बुझाउन बाध्य छन् ।

कृषि औजारको नाममा कृषकसँग हलो, कोदालो र हँसियाछ । वर्षमा १० दिन जोत्न ३६५ दिन गोरु पान्नु पर्ने बाध्यता छ । सिँचाई छैन, लगानी गर्न पैसा छैन, उन्नत विउ छैन, मल छैन, प्रविधि सिकाउने प्राविधिक छैन, बेच्ने बजार छैन, तर किन्ने बजार छ । कृषि कार्यलयमा अत्यन्त सिमित किसानको मात्र पहुँच छ । बाखा पाल्यो बर्षमा १० किलो हुदैन, भैसी पाल्यो दिनमा तिन माना दुध दिदैन । कृषिको अहिलेको यो अबस्थाबाट रिब्दीकोट गाउँपालिकालाई आत्मनिर्भताको बाटो तय गराउनु छ ।

रिब्दीकोट गाँउपालिका एउटा गाँउपालिका हो जँहा कृषि जन्य उत्पादन र त्यसमा आधारीत साना तथा मझौला कृषि जन्य उद्योगको लागि थुपै सम्भावना का ढोका खुल्ला हुन यस गांउपालिकाको तल्लो खस्यौली ,लगुवा भुटका,देउराली धाराडी भसार,तालतुङ, दानसिडाडा । न. पा टोल मरेडांडा र्दलाम,पिपलचौर, का खर्क जस्ता स्थान मकै उत्पादन का लागि राम्रो हावापानी भएका ठाउँहरुमा पर्दछन् । आजको अवस्थामा हामी (हाम्रो देश) ले वार्षिक ५ अर्व देखी ८ अर्व सम्म वरावर को मकै आयात गरिरहेका छौ । यस्तो अवस्थामा मकै उत्पादन का लागि राम्रो हावापानी भएका ठाँउहरु पहिचान पछी त्यसको व्यवस्थापन गर्नु अति आवश्यक हुन जान्छ त्यस का पहिचान गरेका स्थान मध्य वाट सबै मा एकै पटक पकेट क्षेत्र धोषणागरी व्यवस्थापन गर्ने अप्ठ्योरो, भयो । भने निश्चित स्थान छुट्टयायर पकेट क्षेत्र घोषणा गरी कार्यान्वयनमा जानु पर्ने हुन्छ भने गौरी गाँउ,तल्ले खस्यौली मालमुल, लगुवा, दउराली, मसार तालतुङ वहगो, ,पोरकनी, धोर्लीखर्क, इजरडाडा,

देउराली भैनाडी,जस्ता स्थानमा तरकारी उत्पादन पकेट क्षेत्र का रुपमा विकाश गर्न सकिने स्थान हुन भुलखोल ,चैथुन,कोरफेटा ,शिरुखर्क भालकुल हुम्रीपोखरा,रानीढाटी ,मसुरे, सोमर बुढीचौर,वेशर भन्ज्याङ्ग,देउराली, तल्लोताल पाखाशीली नयांटोल,डवका, तुलातुङ कोटफेरा जस्ता पहिचान गरीयका स्थान पशु पालन उपयुक्त स्थान हुन ।

केरफेरा, मालमुल शिरुखर्क, भुटका,ढापखर्क सोमर,ढेकुलाडाडा ,धोलर्लीखेक उज्जलडाँडा, नयाँटोल,सईटोल,पिपलचौर,मैनाडी खातुङ्ग जस्ता स्थान सुन्तला खेति का लागि राम्रो हावा पानी भएका ठाँउ हुन । भने तल्लो खस्यौली,लुलीभट्टी, अन्य थुप्रै स्थानमा भौरी पालन व्यवसाय संचालन गर्न सकिन्छ । अदुवा खेती मा केही समय यस गांउपालिका ले आफुलाई अग्र स्थानमा राख्न सफल भय पनी आज यो अवस्था छैन अदुवा खेती का लागी राम्रो हावापानी उर्वरा माटो हुदा हुदै पनि आज अदुवा खेती वाट कृषक विमुख देखीन्छ यसको मुख्य कारण के हो त्यसको पहिचान हुन जरुरी छ । यसका साथसाथै कफि तथा चिया खेती का लागि समेत रिब्दीकोट गांउपालिका को हावा पानि अत्यन्तै उपयोगी देखिन्छ । शिरुखर्क आथोक,शिरुपात, सौरपानी मालमुल लुलीमट्टी,रिङसिङ काउले रिब्दीकोट टुस्टुङ जस्था स्थान चिया तथा कफि खेती का लागि उपयुक्त मानीन्छन् । त्यस्तै तालतुङलाई आलुखेती पकेट क्षेत्रका रुपमा विकास गर्न सकिन्छ मैनाडी टमाटर खेती पकेट क्षेत्र रानी ठांटी सोमर भसुरे नयाँटाल मैनाडी कुसुम खोला दर्लाम लगुवा जस्ता स्थान लाई दुग्ध उत्पादन पकेट क्षेत्र का रुपमा विकाश गर्न सकिने सम्भावना बोकेका ठाँउहरु हुन ।

यसरी उल्लेख गरीयका स्थानहरुमा सामान्य रुपमा निजी प्रयासवाट दुग्ध उत्पादन तरकारी उत्पादन फलफुल उत्पादन व्यवसायिक रुपमा गाई फर्म, कुखुरा फर्म वंगुर फर्म मौरी पालन कफि खेति, चिया खेती को विस्तारै विकास भैरहेको देख्न सकिन्छ यति हुंदा हुदै पनी यस गांउपालिकाको मुख्य अन्न वालीमा धान,मकै, कोदो मुख्य अन्न वाली हुन । स्थानिय रुपमा उत्पादन हुने कृषिजन्य उत्पादन लाई परम्परागत कृषि 'उत्पादन प्रविधि भन्दा आधुनिक कृषि , पेशा वा व्यवसाय संग संम्बन्धीत सबै पक्षका वारेमा जनचेतना अभीवृदी, गर्दे आधुनिक कृषि प्रणालीमा जान सकिने अवस्था को सृजना गर्नु नै आजको आवश्यक्ता हो । यसो गर्न सकियो भने रिब्दीकोट गाउँपालिका कृषि जन्य उत्पादन र कृषि जन्य उपभोगका रुपमा आफुलाई देश कै नमुना कृषि जन्य उत्पादन र कृषि जन्य उधोग का रुपमा आफुलाई अग्रस्थानमा उभ्याउने कुरामा भने संका छैन । आवश्यक्ता जनचेतना अभीवृदी को सहि व्यवस्थापन,उत्पादीत कृर्षि जन्य उत्पादन को भन्डार र बजार व्यवस्थापन को हो ।

तोरी उत्पादन क्षेत्र

६.२ कृषि सहकारी अवधारणा

हाल संघिय संरचनामा अनुसार हाम्रो देशमा तिन तहमा सात सय एकसठी वटा स्थानिय सरकार बनेका छन् सबै तहका सरकार आ-आफ्नै क्षेत्रको विकास चाहन्छन् । यसमा कसैको पनि दुई मत छैन तर आजको आवश्यक्ता वा छलफलको विषय विकास र समृद्धिको हो र कसरी गर्न सकिन्छ भन्ने विषय जरुरी छ । विकास पुर्वाधारको निमार्ण हुनु मात्र होई जस्तै सडक,विघुत संञ्चार ,विद्यालय,अस्पताल आदि बन्नुलाई जनताको वोलीमा भने विकास भनिन्छ । तर वास्तवमा विकास भनेको आम नागरिकको जिवन यापन गर्ने तरीकामा आफ्नो सहजता परिवर्तन र सन्तुष्टि हो । यो निरन्तर चलिरहने प्रक्रिया हो यसको उच्चतम विन्दु यही हो भन्ने अवस्था अहिले सम्म पनि परिभाषित छैन मानविय आवश्यक्ताको सबै भन्दा धेरै सम्बोधन गरीएको भनिएका देशहरु स्विडेन ,नर्वे ,फिनल्यान्ड जस्ता देशहरुमा पनि विकासको अन्त्य मानिएको छैन भने प्रविधीमा शक्तिशाली राष्ट्रकोणले निकै पछि परेको यर्थातता हाम्रो समु छ । विकासको पुर्वाधार हरु समेत तयार छैनन भने हाम्रो भएको मान्न तयार छैनन् । भने हाम्रो देशमा पनि विकासका पुर्वाधारहरु समेत तयार छैनन भने हाम्रो समाज विकास को दृष्टिकोणले निकै पछि परेको यथार्थता हाम्रो सामु छ । विकासका पुर्वाधार निमार्ण गरी मानव जिवनको पहिलो आवश्यक्ता लाई सम्बोधन गर्न सकिन्छ साथ साथै पुर्वाधारको विकास संगै समाजमा रहेका आम नागरिक जोड्ने र क्रियाशिल बनाउन सके मात्रै विकास, का पूवाधारको उपयोग गरेर जिवन यापन लाई सहज बनाउन सकिन्छ । आम नागरिक को विकास, पहुँचमा वृद्धि नभए सम्म साँचो अर्थमा विकास भएको मान्न किन्न हामीले आम नागरीकको विकास पहुँच सामाजिक न्याय क्षमता अभिवृद्धिको विकास पंहुंच क्षमता अभिवृद्धिको प्रश्न आउछ । जस्तो अवस्थामा सहकारी अग्र पङतिमा दखिन्छ यो वास्तविकता हो । आज विश्वका धेरै जसो देशमा आम नागरीकलाई विकासको मुलधारमा ल्याउने काम सहकारीले गर्ने गरेको तथ्य हाम्रो सामु छ । सहकारी व्यवसायिक संगठन हो फेरी पनि यसले नाफाका लागि मात्रै व्यवसाय गर्देन सहकारीले सामाजिक आवश्यक्ता सांस्कृतिक मुल्य र मान्यताको जर्गेन गर्ने काम समेत गर्छ ।आफ्ना लागि आफैले तर एक्लै होईन समुहमा मिलेर काम गर्नु पर्छ भन्ने मान्यतालाई अगाडी सार्दछ । सरहकारी धनको प्रयोग सदस्यको आवश्यकताका लागि गरिन्छ र समाजको आवश्यक्ता का लागि गरिन्छ र समाजको आवश्यकताका लागि गरिन्छ ।त्यसैले यस मदाने गाँउपालिकामा वसोवास गर्ने कृषि पेशा व्यवसाय वा अन्य व्यवसाय गर्ने आम मानिसको जिवनस्तर उठाउनुका साथै गाँउपालिकाको आन्तरिक आय स्रोत समेत वृद्धि गर्ने उदेश्यले कृषि सहकारीको अवधारणा प्रस्तुत गरीएको हो । साथै किसानका आधारभुत आवश्यक्ता पुरा गर्न समेत कृषि सहकारीको महत्वपुर्ण भुमिका रहन्छ । त्यसको काम कर्तब्य र अधिकार क्षेत्रका वारेमा यहाँ चर्चा गर्नु पर्दैन किन भने यो स्वयंम गाँउपालिकाको स्वामित्वमा संचालनमा आउने भएकोले यसको कार्य क्षेत्र, कर्तब्य र अधिकार स्वयंम गाउँपालिका भित्र रहेका आम किसानको जो व्यवसायिक रुपमा कुखुरा पालन,बाखापालन ,गाई भैसी पालन व्यवसाय संचालन गर्न चाहन्छन् उनीहरुका लागि आवश्यक आधारभुत आवश्यक पुर्ती गर्न निश्चीत व्याज दरमा ऋण उपलब्ध गराउनु नै हुने छ त्यस्तै जो किसान व्यवसायका रुपमा तरकारी खेती वा अन्य खेतीवाली गर्न

चाहन्छन उनीहरुका लागि पनि पुर्ण रुपमा सहयोगी संस्थाको भुमिका रहने छ । यसरी लगानी पश्चात उत्पादित कृषिजन्य सामाग्री स्वयंम कृषि सहकारीले नै खरीद गरी व्यवस्थापन, भण्डारण र विक्री वितरण गर्ने व्यवस्था मिलाउन सकिन्छ किसानले उत्पादन गरेको कृषि जन्य सामाग्री विक्री वितरण वाट हुन आउने रकम किसानको न्युनतम आवश्यता पुरा गर्न निश्चित रकम किसान लाई नै उपलब्ध गराउने र बाँकी रकम वाट किसानले लिएको ऋण क्रमश चुक्त गर्दे जाने व्यवस्था समेत मिलाउन सकिने हुनाले यो अहिले अत्यान्तै उपयोगी बन्दै आएको छ । विकसीत मुलुकमा समेत यसको प्रभावकारी भुमिका देखिन्छ । हाम्रो देशमा समेत केही नगरपालिका र गाँउपालिकाले यो अवधारणलाई सक्रियता पुर्वक लागु गरेका छन् । हाम्रै जिल्लाको छिमेकी नगरपालिका रामपुर नगरपालिका ले समेत कृषि सहकारी को अवधारण सिधै अवलम्बन नगरे पनि यसैमा टेकेर एक वार्ड ए उत्पादन को निति अवलम्बन नगरे पनी यसैमा टेकेर एक वार्ड एक उत्पादन को निति अवलम्बन गरेको छ यो यही कृषि सहकारी अवधारणको एउटा रुप मात्र हो कृषि सहकारी संस्थाको अवधारण मा सामुहिक खेति वा एकल खेति व्यवसायिक फर्म संचालनका लागि आवश्यक आर्थीक श्रोत कृषि सहकारी ले उपलब्ध गराउदछ भने रामपुर नगरपालिकाले किसानको उत्पादनको बजार व्यवस्थापन विक्री वितरण भण्डारणको भाडौ जिम्मा लियको छ यसका साथै नगरपालिका ले वाली लगाउने तरीका माटो परिक्षण वालीमा लाग्न सकने रोग त्यस को निराकरण कसरी गर्न सकीन्छ भण्डारण कसरी गर्ने भन्ने जस्ता महत्वपुर्ण विषय मा सामुहिक सहभागिता मुलुक तालिम तथा अन्य जानकारी प्रदान गर्दे आयको छ सामुहीक व्यवसायिक खेती तथा कृषि जन्य उत्पादन का लागि सामुहिक प्रणालीमा जानुनै आजको आवश्यक्ता हो । यसलाई मलजल गर्ने काम कृषि सहकारी संस्था को अवधारणमा वजान सके सजिलै गर्नु सकिन्छ । जसले गर्दा एकातिर किसानको जिवनस्तर स्वतः माथि उठ्छ भने अर्को बजार नपाउने चिन्ता वाट समेत किसान मुक्त हुने हुनाले किसान कृषिजन्य व्यवसायिक ढुक्कका साथ काम गर्ने समेत वाताव तयार हुनगई गाउँपालिकाको आन्तरिक आय स्रोत समेत स्वतः वृद्धि हुने छ ।

क) पकेट क्षेत्र

रिब्दीकोट गांउपालिका कृषि 'उत्पादन र कृर्षि'जन्य साना तथा मझौला उद्योग का लागि अत्यन्तै उपयोगी माटो पानि भएको गाँउपालिका का रुपमा आफु चिनाउन सफल भए पनि त्यसलाई व्यवस्थीत गरी एउटा कृर्षि जन्य उद्योगको संचालनमा भने पछि परेको यर्थातता हाम्रा सामु छ । त्यसका लागि गांउपालिकाले कृषि गुरुयोजना तयार गरी कार्यान्य गर्न सके त्यसवाट आम रिब्दीकोट वासी मात्र हाईन छिमेकी गांउपालिका नगरपालिका वाट समेत रिब्दीकोट गाउँपालिका मा कृषि जन्य उत्पादन र उधोग मा लगानी भिड्ने कुरा मा शंका छैन ।

रिब्दीकोट गांउपालिका को विभिन्न स्थान जस्तै कोटफेर भुटका सोमर ठेकुलडाडा नया टोल पिपलचौर मैनाडी खातुङ्ग जस्ता स्थान सुन्तला खेती का लागि उपउुक्त स्थान हुन भने दुग्ध उत्पादन सबै स्थानमा सामान्य रुपमा उत्पादन भए पनि मुल खोला, सोमर, रानीठाटी, नयांटोल, मैनादी, भारकोट भसार दुग्ध उत्पादन मा अग्र स्थानमा देखिन्छ त्यस्तै गौरी गांउ, शिरुपाते, लगुवा, धाराडी मसार, देउराली राम्दी तरकारी उत्पादन का ल ागि उपयुक्त् स्थानका रुपमा छन् । इजरडांडा, बुढीचौर, वेशारभन्ज्याङ जैथुम, भन्सार,पाखाशिलि,कराम्दी जस्ता ठाउँमा बाखा पालन व्यवसाय संचालन गर्न सकिन्छ । शिरुखर्क रिब्दीकोट रिस्तुङ जस्ता स्थान लाई छनौटगरी कफि तथा चिया खेती व्यवसायिक रुपमा नै गर्न सकिन्छ । त्यस्तै पाखाशिली तल्ले ताल लुलीभट्टी, शिरुखर्क सौरपानी जस्ता स्थान (क्षेत्र) हरुमा व्यवसायिक रुपमा मौरी पालन व्यवसाय संचालन गर्न सकिने छ । भने देउराली तालतुङ लाई आलु खेती को राम्रो संभावना रहेको ठांउका रुपमा हेरीन्छ भने वर्गा,मैनारी टमाटर खेतीका लागि उपयुक्त स्थान हुन यसरी सरसरी हेर्दा रिब्दीकोट गांउपालिका को लगभग वन क्षेत्र अन्य सबै क्षेत्र मा कुनै न कुनै उत्पादनको सम्भावना रहेको छ । यसका साथै अदुवा,लिचि,अलाईची उत्पादन का लागि समेत राम्रो हावापानी रहेको देखीन्छ । यस्तो अवस्थामा रिब्दीकोट गांउपालिका ले समग्र कृषि गुरुयोजना तर्जुमा गरी उपयुक्त स्थान (जुन पहिचान गरीएका क्षेत्र हुन) लाई क्रमश पकेट क्षेत्र घोषणा गरी त्यसलाई कार्यान्वयन गर्न पर्ने आजको आवश्यक्ता छ । जसले गर्दा एकातिर रिब्दीकोट गांउपालिका मा कृषि लगानी भित्रिने छ भने अर्को तिर स्वत रोजगार सपना हुन गै जनशक्ती पलायन कुन वाट समेत रोक्न सकिन्छ । भने गांउपालिका का आय मा समेत स्वत वृदी हुन गै अन्य पुर्वाधार निर्माण र विमासका लागी महत्वपुर्ण योगदान पुऱ्याउने छ ।

ख) होमस्टे

भगवान गौतम बुद्ध जन्मभुमी लुम्वनी, स्वदेश तथा विदेशमा समेत आफुलाई चिनाउन सफल एतिहासिक तथा धार्मिक महत्वको पाल्पा भैरव मन्दिर,एतिहासिक राजनैतिक पुरातात्वीक महत्व बोकेको रिब्दीकोट, जलेश्वर मन्दिर पुरनकोट,रिङसिङ डाडा छनफाट डाडाँ,गढीमालिका रुरु क्षेत्र मैदानकी देवी (लुम्वास) कालिका मन्दिर (सोमर) र चादी स्थान (पेलाचौर) जस्ता धार्मिक ,सास्कृतिक,राजनैतिक पुरातात्वीक महत्व विकास संगै प्रचार प्रसार गर्न सके आन्तरीक तथा वहिय पर्यटक राम्रो गन्तब्यका रुपमा रहेका प्रचार प्रसार हुनपर्ने थियो त्यो भने नसकेको यर्थात हाम्रा सामु छ ।

फेरी पनि यी महत्वपुर्ण स्थान (क्षेत्र) हरुको पुर्वाधार निमार्ण संरक्षण ,सम्र्बदन गर्दै जुन किसिम को विकास का योजना रिब्दीकोट गाँउपालिकाले अघी सारेको छ त्यसले आशा गर्न सकिने वातावराण भने बन्दै गयको छ । निकट भवीस्यमा गाउँपालिका ले समग्र यस्ता धार्मिक सास्कृतिक,राजनैतिक पुरातात्वीक महत्व बोकेको स्थान (क्षेत्र) हरुलाई समेटेर (पर्यटन गुरुयोजना) निमार्ण त्यसलाई कार्यान्वयनमा लैजान सके भगवान गौतम बुद को जन्म भुमी लुम्बीनी दर्शन गर्न आउने पर्यटक त्यस्तै पाल्पा भैरव को दर्शन गर्न आउने पर्यटक का साथसाथै एतिहासिक विषय वस्तु माथीको अध्ययन कर्ता पुरातात्वीक बस्तुको अध्ययन कर्ता संगै ५ नं प्रदेशको राजधानी बुटवलवाट गर्मीको मौसम रिब्दीकोट आउने पर्यटक समेत मध्य नजर गरी समग्र रिब्दीकोट एउटा आन्तरिक तथा वाह्रय पर्यटक का लागि एउटा केन्द्र विन्दु का रुपमा विकास गर्न सकिन्छ यसका लागि तत्कालीन र दीर्धकालीन योजना बनाई जान सकिन्छ ।

रिब्दीकोट मा प्रवेश गर्ने आन्तरिक तथा व्राह्य पर्यटक का लागि बसोवास वासको व्यवस्था गर्न तत्काल ठुला होटल संचालन मा ल्याउन नसके पनि होमस्टे संचालन गर्न सकिने थुप्रै आधार हरु देखीन्छन ।

पर्यटक विकासको पुर्वाधार निमार्ण गरी विकास गर्न सके बुटवल, भैरहवा जस्ता ठुला शहर हरुवाट समेत विदा मनाउन वा घुम्न थुप्रै पर्यटक रिब्दीकोट आउने कुरा मा शंका छैन ।

त्यसैले तत्काल का लागि नयां टोला ,बुठीचौर र चैथुन मा होमस्टे संचालन गर्न उपयुक्त देखीन्छ यस पछि पनि थुप्रै आधार हुन जस्तै नयां टोल र बुढीचौरमगर जातिको मौलिक कला र सस्कृतिले शुसोभीत छ भने चैथुम लोप उन्मुख कुमाल जातीको मौलीक कला र स्कृति ले भरीपुर्ण छ ।

होमस्टे संचालनको पछिल्लो शर्त भनेकै मौलीक कला संस्कृति हो त्यस पछि स्थानिय उत्पादन र त्यसवाट बनाईएको खाध्य सामाग्री हुन यसका लागि तत्काल लै होमस्टे संचालन गर्न सकिने स्थानको पहिचान गरी ति स्थानहरु मा होमस्टे संचालन गर्न सके त्यसले एकातिर हाम्रो मौलिक कला संस्कृति हो त्यस पछि स्थान बनाईएका खाध्य सामाग्री हुन यसका लागि तत्काल लै होमस्टे संचालन गर्न सकिने स्थानको पहिचान गरी ति स्थानहरुमा हामस्टे संचालन गर्न सके त्यसले एकातिर हाम्रो मौलीक कला संस्कृति जसमा रिब्दीकोट आफैमा धनी छ ।

६.३ व्यवसायिक कृषकका लागि भाडामा जमिनमा अनुदानको व्यवस्था

जग्गा भाडामा लिएर खेती वा अन्य कृषिजन्य व्यवसाय गर्न चाहने आम किसानका लागि आवश्यक जग्गा भाडामा लिँदा गाँउपालिकाले त्यस्ता किसान वा कृषि जन्य व्यवसाय गर्न चाहने फर्महरुलाई जग्गा भाडामा लिँदा जग्गा भाडामा अनुदान दिने व्यवस्था गर्न सकिन्छ अहिलेको अवस्थामा यो अवधारणलाई केही नगरपालिका र गाँउपालिकाले यस्ता किसान तथा व्यवसाय सञ्चालन गर्न चाहनेका लागि फर्म संचालन गर्न जग्गा भाडामा लिँदा ५० प्रतिशत देखी ६० प्रतिशत सम्म अनुदान दिने व्यवस्था मिलाएका छन् यो व्यवस्थालाई यस गाँउपालिकाले समेत कार्यविधि बनाएर सञ्चालन गर्न सके स्थानिय रुपमा स्वरोजगार तथा रोजगारका अवसर सिर्जना हुनुका साथै आम किसानहरुको जिवन स्तर माथि उठाउन यस अवधारणले महत्वपुर्ण भुमिका खेल्न सक्छ। जसवाट स्थानिय किसान वा अन्य कृषिजन्य व्यवसाय सञ्चालन गर्न चाहनेका लागि एकातिर अनुदानका कारण जग्गा भाडामा लिन सहज भई किसान त्यस्ता कृषि पेशा व्यवसाय तर्फ आर्कषित हुन जानेछ। भने अर्को तर्फ यस किसिमको व्यवस्थाले टुक्रा टुक्रा वा खण्डीकरण भएको जग्गा लाई चक्ला बन्दीको अवधारणामा समेत सहयोग पुग्न जानेछ । यसवाट गाँउपालिकाको आन्तरीक आयस्रोत वृद्धि भई स्थानिय नागरीकको आकंक्षा र आवश्यक्ता अनुसार अन्य विकासका पुर्वाधार निमार्ण गर्दे अघाडी बढ्न सहज हुने छ। तसर्थ यस गाँउपालिकाको यस्तो अनुदानको व्यवस्थालाई कार्यन्वयन गर्न पहल गर्नृ जरुरी छ।

६.४ मुख्य बाली तथा उत्पादन अवस्था

रिब्दीकोट गाउँपालिका कृषि उत्पादकत्वका दृष्टिले राम्रै मानिन्छ किनकी यस गाउँपालिकामा प्रशस्त मात्रामा कृषि उत्पादन हुने जमिनहरु रहेका छन् । तर यस गाँउपालिकाको जमिनको वितरण तथा कृषि प्रणाली अवैज्ञानिक तथा परम्परागत भएकाले यस गाउँपालिकाका अत्यधिक कृषकहरुले न्युन मात्रामा मात्र उत्पादन गर्ने गर्दछन् । तर पनि यस गाउँपालिकामा विभिन्न प्रकारको अन्नबाली उत्पादन गर्ने गरिन्छ । यस गाँउपालिकामा लगाईने मुख्य बालीहरुमा धान, गँहु, मकै, तरकारी बाली, तेलहन, नगदे बाली पर्दछन् । यहाँ खाद्यान्न बाली अर्न्तगत धान, गँहु, तथा मकै जस्ता बालीहरु लगाउने गरिएको छ भने तोरी जस्ता तेलहन बालीहरु पनि लगाएको देखिन्छ । यसैगरी तरकारी बाली अर्न्तगत काउली, प्याज, आलु जस्ता खेतीहरु सिजन अनुसारको हुने हुँदा यसलाई पनि लगाएको देखिन्छ भने मास, मसुरो जस्ता दलहन बाली समेत लगाउने गरिएको छ। तलको तालिका अनुसार यस गाँउपालिका भित्र लगाइने मुख्य बालीलाई देखाईएको छ। विशेषगरी यस गाँउपालिकामा लगाइने प्रचलित बालीका उन्नत जातहरुको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ६.४ गाँउपालिकामा लगाइने प्रचलित बालीका उन्नत जातहरु

क्र.सं.	वालीको नाम	प्रचलित जात
१.	धन	सुनौलो सुगन्धा, रामधान, मकवानपुर १, साबित्री, स्थानीय मन्सुली, राधा ७, राधा ११, राधा १२, बर्मेली, गोला, बातीसरा, खोले जर्नेली, पाखे जर्नेली, स्थानीय पहेंले, गोरखनाथ, लोकनाथ,खुमल, चैते २, चैते ४, हर्दिनाथ १
२.	मकै	मनकाना १, मनकामना ३, खुमल पहेलो, रामपुर कम्पोजिट, अरुण १, अरुण २, हेटौडा कम्पोजिट, गणेस (हाइब्रीड) , गौरव, देउती, सितला, पोसिलो, मनकामना १, अरुण १,२
३.	गहुं	WK १२०४, गौतम, NL २९७, BL१०२२,BL१४७३, RR२१, सिद्धार्थ, अन्नपुर्ण आदि

६.३ खाद्यबालीमा लाग्ने विभिन्न रोग किरा सम्बन्धि विवरण

साधारणतया यस गाँउपालिका भित्र तरकारी वाली, फलफुल तथा खाद्यान्न वालीमा विभिन्न रोग तथा किरा लाग्ने गरेको पाईएको छ। खासगरी यहाँका विभिन्न वडा तथा वस्तीहरुमा तरकारीमा लाग्ने रोगमा विशेषगरी लाइ, खुम्रे, डडुवा, ढुसी तथा गवारो राँते जस्ता रोग देखापरेको छ भने फलफुल खेती तर्फ लाग्ने रोगमा लाइ, खुम्रे, डडुवा, ढुसी, सुन्तलाको पात पहेलो हुनु, सिरुस, फल झर्ने, फल कुहिने तथा फुल झर्ने जस्ता रोग लाग्ने गरेको देखिन्छ। खाद्यान्न वालीमा लाइ, डडुवा, ढुसी, गवारो, पात सुक्ने, पतेरो आदी जस्ता रोगहरु लाग्ने गरेको देखिन्छ। विभिन्न खाद्यवालीमा लाग्ने विभिन्न रोग किरा सम्बन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं.६.४ खाद्यवालीमा लाग्ने विभिन्न रोग किरा सम्बन्धी विवरण

क्र.सं.	बालीमा लाग्ने मुख्य रोग	बालीमा लाग्ने मुख्य मुख्य किराहरु	झारपात	प्राकृतिक शत्रुहरु
धान	खैरा, डढुवा, Blast, Foot rot	गवारो, फट्याङ्गा, पतेरो	चामा, दुवो, मस्याहदा	माकुरा, छिर विटे कमिला, बाघे खपटे
मकै	sheat blight, कालोपोके	गवारो, गुन, फौजी किरा	गन्धे झार, दुवो, काला झार	माकुरा, छिर विटे कमिला
गहुं	कालोपोके, सिन्धुरे	फेद कटुवा	रगते, मोथे	माकुरा

६.५ पशुपालन

खेतीका साथमा पशुपालनलाई पनि गाँउपालिकामा वसोवास गर्नेहरुले मुख्य सहायक पेशाका रुपमा लिने गरेको देखिन्छ । यस गाँउपालिकाको समग्र तथा वडा अनुसारको पशुपालनको तथ्याङ्कलाई हेर्दा मुख्य रुपमा यस गाँउपालिका भित्र विभिन्न किसिमका पशुहरु जस्तै गाई, गोरु, भैसी, राँगा, भेडा, वाख्रा, सुंगुर आदी पाल्ने गरेको पाईएको छ । तुलनात्मक रुपमा हेर्दा स्थानिय जातका भन्दा उन्नत जातका पशु पाल्नेको संख्या कम देखिन्छ ।

६.६ पंक्षी तथा अन्य सम्बन्धि विवरण

यस गाँउपालिकामा पंक्षिको अवस्थालाई हेर्दा कुखुरा पाल्नेको संख्या वढी देखिन्छ । कुखुराको संख्यालाई हेर्ने हो भने ब्रोइलर जातका कुखुरा व्यवसायिक रुपमा पाल्ने गरेकोले यसको संख्या वढी देखिन्छ । यस्तै यस गाँउपालिका भित्र हाँस तथा अन्य जातका पंक्षि पाल्नेको संख्या ज्यादै न्यून रुपमा देखिन्छ ।

लोकल कुखुरा फम पालुङमेनादी

६.७ पशुपंक्षिमा लाग्ने रोगको विवरण

यस गाँउपालिका भित्र पशुहरुमा लाग्ने मुख्य रोगमा खोरेत, नाम्ले तथा जुगा लाग्ने गरेको पाइन्छ भने पंक्षिहरुमा लाग्ने मुख्य रोगमा आखाँ पाक्ने, नाम्ले, रानी खेत, गंभारो तथा वर्ड फ्लू हुन । यस्तै माछामा लाग्ने मुख्य रोग पङगास हो ।

तालिका नं. ६.७ पशुपंक्षिमा लाग्ने रोगको विवरण

पशुहरुमा लाग्ने मुख्य रोग	पंक्षिहरुमा लाग्ने मुख्य रोग	माछामा लाग्ने मुख्य रोग
खोरेत, नाम्ले	आखाँ पाक्ने, नाम्ले	पङगास
खोरेत, नाम्ले	आखाँ पाक्ने, नाम्ले	पङगास
खोरेत, नाम्ले, जुगा	आखाँ पाक्न	पङगास
खोरेत, नाम्ले, जुगा	नाम्ले	पङगास
खोरेत,, भ्यागुते, चाचो,पटंगे, विषालु जिवाणु	रानी खेत, गंभारो, वर्ड फ्लू	

६.८ वडागत पशुपंक्षीको अवस्था

यस गाउँपालिकाका मानिसहरुले विभिन्न प्रकारका पशुपंक्षीहरु पालेको देखिन्छ । यस गाउँपालिकाका विभिन्न वडाहरुमा पालिएका विभिन्न प्रकारका पशुपंक्षीहरुको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. ६.८ वडागत पशुपंक्षीको अवस्था

क्र.स.	पशुपंक्षीको विवरण	वडा नं.								
		१	२	३	४	५	६	७	८	जम्मा
१.	गाई/गोरु	२५७	८४	१३८	१५७	२७८	३११	३०३	५८१	२१०९
२.	भैसी/राँगा	३७९	३०१	३५३	३२२	३४७	३१४	४६०	७६२	३२३८
३.	बाखा/खसी	११५१	३२५	१४५४	६१३	१५५३	५३३	१८७२	२०५४	९५५५
४.	सुंगुर/बंगुर	३१	६३	२९	८१	३४	१२५	६९	८३	५१५
५.	हास कुखुरा	१४२६	३०४	५८७०	९२०	५४४६	१४९८	१५३४	३९०८	२०९०६
६.	परेवा	२८	१६	२८	२२	८४	३४	४३	२२	२७७
७.	अन्य	२	०	०	२०	२४	०	०	०	४६
जम्मा		३२७४	१०९३	७८७२	२१३५	७७६६	२८१५	४२८१	७४१०	३६६४६

६.९ आम्दानी तथा खर्चको अवस्था

यस गाउँपालिकाका बस्ने घरपरिवारहरुको मासिक आम्दानीको अवस्थालाई तलको तालिकामा दिइएको छ ।

तालिका नं. ६.९ आम्दानी तथा खर्चको अवस्था

वडा नं.	रु १० हजार भन्दा कम	१०,देखि २० हजार सम्म	२०,देखि ३० हजार सम्म	३०,देखि ४० हजार सम्म	४०,देखि ५० हजार सम्म	५० हजार भन्दा माथी	उल्लेख नभएको	जम्मा
१.	१२२	२५६	७०	३६	८०	१६	५	**५८५**
२.	९८	२२१	९२	२२	६५	२४	१२	**५३४**
३.	६७	१२७	१८२	१०७	४५	२९	२६	**५८३**
४.	४१	८९	१०८	१३४	२४	२६	६१	**४८३**
५.	२४	१५९	१०९	७७	१९	१२	३१	**४३१**
६.	१५६	१३४	२४४	८८	१६	१९	७१	**५९४**
७.	५९	१४७	१८८	९६	३८	४४	९४	**६६६**
८.	५१	१७९	२३७	१४५	३१	६९	३	**७१५**
जम्मा	**६१८**	**१३१२**	**१२३०**	**७०५**	**३१८**	**२३९**	**३०३**	**४५९१**

६.१० खाद्यान्नको अवस्था सम्बन्धी विवरण

यस गाउँपालिकाका अत्याधिक मानिसहरुको मुख्य पेशा कृषि नै हो भन्ने कुरा प्रशङ्गवस माथि नै चर्चा गरिएको छ । कृषि पेशा भन्नाले जमिनमा खेतीपाती गर्ने वा पशुपालन व्यवसाय गर्ने कुनै एक वा दुवै क्षेत्रहरु पर्दछन् । देशको ८१ प्रतिशत जनसंख्या कृषिमा निर्भर रहेको अवस्थामा यस गाउँपालिकामा पनि अधिकांश मानिसहरु कृषि पेशामा संलग्न रहेको र कृषिमा नै निर्भर रहेको पाइएको छ । तापनि यस गाउँपालिकाका मानिसहरु खेतीपाती मौसमी खेतीपाती गर्ने हुँदा यहाँको उत्पादनले वर्षभरी खान धौधौ पर्ने सर्वेक्षणले देखाएको छ ।

खाद्यान्न उपलब्धताको स्थितिलाई हेर्दा यस गाउँपालिका भित्र बाह्रै महिना खान पुग्ने परिवारको संख्या अत्यन्तै न्यून रहेको छ । जम्मा परिवार संख्या मध्ये १४९२ घरपरिवारलाई ३ महिना भन्दा बढी खान नपुग्ने अवस्था देखियो भने ३ महिना देखि ६ महिना सम्म खान पुग्नेको घरपरिवार संख्या १२७२ रहेको छ । तलको तालिका यस गाउँपालिकाका मानिसहरुको आफ्नो उत्पादनले खान पुग्ने र नपुग्ने अवस्था देखाइएको छ ।

तालिका नं. ६.१० खाद्यान्न अवस्था सम्बन्धि विवरण

वडा नं.	३ महिना भन्दा कम	३ देखि ६ महिना	६ देखि नौ महिना	९ देखि १ वर्ष	आफ्नो उत्पादन पुगेर बेच्ने
१.	२५३	१२२	१७०	३२	८
२.	२३६	१५२	९२	५४	९
३.	१५८	१६७	१८२	७६	६
४.	११४	२४१	१०८	१५	५
५.	१४९	१२४	१०९	४७	२
६.	१५६	१५६	२४४	३२	६
७.	२२१	१५९	१८८	८८	१०
८.	२०५	१५१	२३७	९८	२४
जम्मा	**१४७७**	**१२७२**	**१३३०**	**४४२**	**७०**

६.११ ऋण आवश्यकता सम्बन्धि विवरण

मानिसलाई आफ्नो आम्दानीले खर्च गर्न पुगेन भने उसले विभिन्न व्यक्ति, निकाय र संघसंस्थाबाट ऋण लिएर उसले आफ्ना आवश्यकताहरु पुरा गर्ने गर्दछ । यसले तत्काललाई मानिसहरुका आवश्यकता पूरा हुने भए पनि दीर्घकालमा नकारात्मक प्रभाव पार्ने गर्दछ ।

परिवारहरूले व्यक्तिबाट ऋण लिएको यथार्थले के स्पष्ट गर्दछ भने नागरिकहरूको बैङ्क तथा ठूला वित्तिय संस्थाको पहुँच वृद्धि हुन सकेको छैन । अर्कोतर्फ बैङ्कबाट कर्जा लिँदा धितो तथा अन्य प्रशासनिक झन्जट हुने भएकोले चर्को व्याजको मारमा परेतापनि विना धितो व्यक्तिसँग ऋण लिन सहज हुने भएकोले, साधारण मानिसहरू यसतर्फ बढी आर्कषित देखिन्छन् । तर जनतालाई व्यक्तिगत ऋणको स्रोतले आर्थिक भार पर्नगई नागरिकलाई गरीबीमा धकेल्न बाध्य पार्दछ । नगरपालिकामा ऋणको पहिलो स्रोत आन्तरिक ऋण भएता पनि दोस्रो स्रोत बैंक, तेस्रो वित्तिय संस्था, चौथो सहकारी हुनुले नगरमा क्रमश बैंक तथा वित्तिय क्षेत्रबाट ऋण लिने प्रवृत्ति विगतमा भन्दा सकारात्मक भएको देखिन्छ । हाल राष्ट्र बैङ्कले हरेक स्थानीय सरकार रहेको गाउँपालिका वा नगरपालिकामा एक बैङ्क शाखा खोल्न गरेको निर्देशनले बैङ्कहरूमा ग्रामीण सर्वसाधारणको पहुँच अझ वृद्धि हुने अपेक्षा गर्न सकिन्छ । वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६.११ ऋण आवश्यकता सम्बन्धि विवरण

वडा नं.	बैंक वा वित्तिय संस्था	सहकारी संस्था	समुह तथा सामुदायिक संस्था	साहु महाजन	लघुवित्त
१.	७०	१२२	३२	२५३	८
२.	९२	१५२	५४	२३६	९
३.	८२	१६७	७६	१५८	६
४.	८०	२४१	१५	११४	५
५.	९०	१२४	४७	१४९	२
६.	४४	१५६	३२	१५६	६
७.	८८	१५९	८८	२२१	१०
८.	१३५	१५१	९८	२०५	२४
जम्मा	**६८१**	**१२७२**	**४४२**	**१४७७**	**७०**

माथिको तालिकामा यस गाउँपालिकाका मानिसहरुले विभिन्न स्थानहरुबाट लिने गरेको ऋण सम्बन्धी विवरण वडागत रुपमा प्रस्तुत गरिएको छ, जसअनुसार यस गाउँपालिकाका ४५९१ घरपरिवार मध्ये ५९१ घरपरिवारको मात्र ऋण नरहेको देखिन्छ । यस गाउँपालिकाका मानिसहरुले लिने ऋणको अवस्था र ऋृण लिने स्थान हेर्दा यस गाउँपालिकाका अत्यधिक मानिसहरुले साहुमहाजनबाट लिने गरेको देखिन्छ । यस गाउँपालिकाका मानिसहरुले विभिन्न निकायबाट ऋण लिएर आफ्ना आवश्यकताहरु पूरा गर्ने गरेको देखिन्छ । साथै ऋण प्रवाह गर्ने प्रमुख निकाय भने यस गाउँपालिकाका लागि बैंक वा वित्तीय संस्था, लघुवित बैंक तथा सहकारी संस्था नै रहेको पाईन्छ । यसबाहेक बैंकका तर्फबाट ऋण लिने मानिसहरु भने निकै कम रहेका छन् ।

६.१२ औद्योगिक तथा व्यापार, व्यवसाय सम्बन्धि विवरण

यस गाँउपालिका भित्र वसोवास गर्ने मानिसहरु विभिन्न किसिमका व्यवसायमा संलग्न रहेको पाइन्छ । संख्यात्मक रुपमा हेर्नेहो भने यहाँका वासिन्दाले किराना पसल, होटल व्यवसाय, कपडा पसल, खाजा घर चिया पसल आदी संचालन गर्नेको संख्या अत्याधिक रहेको छ भने अरु विभिन्न प्रकारका व्यवसाय गर्नेको संख्या पनि रहेको छ । तलको तालिकामा यस गाँउपालिका भित्र रहेका व्यापार व्यवसाय सम्वन्धी विवरणलाई दिइएको छ ।

तालिका नं. ६.१२ औद्योगिक तथा व्यापार, व्यवसाय सम्बन्धि विवरण

क्र.स.	व्यापार, व्यवसायको प्रकार	जम्मा संख्या	कैफियत
१.	दुग्ध व्यवसाई	१०	
२.	टेलर्स	३	
३.	सुनचादी व्यवसायी	४	
४.	भाडा व्यवसायी	६	
५.	होटल व्यवसायी	१९	
६.	फेन्सी व्यवसायी	२९	
७.	क्लिनिक तथा औषधी व्यवसायी	५	
८.	तरकारी तथा फलफूल व्यवसायी	१४	
९.	इलेक्ट्रोनिक व्यवसायी	८	
१०.	माछामासु पसल, व्यवसायी	४	
११.	हेयर सैलुंग तथा सौन्दर्यकला व्यवसायी	३	
१२.	उद्योग	०	
१३.	आर्ट व्यवसायी	०	
१४.	बेकरी तथा मिष्ठान्न व्यवसायी	०	
१५.	वाल मनोरञ्जन	०	
१६.	बंगुर पालन	०	
१७.	कार्ड बोर्ड उत्पादन	२	

१८.	बोर्डिङ स्कुल संचालन	४	
१९.	ठेक्कापट्टा	५	
२०.	जुत्ता पसल	३	
२१.	फोटो स्टुडियो	२	
२२.	फर्निचर	३	
२३.	किराना पसल तथा व्यवसायी	१९७	
२४.	सि.डि.पसल	१	
२५.	पुल हाउस	१	
२६.	अटो वर्कसप	२	
२७.	कपास उद्योग	०	
२८.	राइस मिल	११	
२९.	घडि रेडियो टि.भी मर्मत	४	
३०.	पेट्रोल पम्प	०	
३१.	मसला उद्योग	०	
३२.	चस्मा पसल	०	
३३.	माटाका भाँडा, मुकुण्डो तथा सेरामिक्स	२२	
३४.	खोज अनुसन्धान सेन्टर	०	
३५.	खाजाघर तथा चिया पसल	२३	
३६.	ढुवानी सेवा	१३	
३७.	पाँगो माटो व्यवसाय	०	
३८.	टयुसन सेन्टर	०	
३९.	सरसफाइ तथा फोहोर मैला संकलन	८	
४०.	नर्सरी फूल व्यवसायी	०	
४१.	कुरियर	१	
४२	मदिरा व्यवसाय	२८	
४३.	ग्याँस डिलर	०	
४४.	क्याटरिंग	०	
४५.	कानुन व्यवसायी र परामर्श सेवा	०	
४६.	निर्माण व्यवसायी तथा सप्लायर्स	१	
४७.	कवाडी संकलन केन्द्र	०	
४८.	मल बिउ उत्पादन	२	
४९.	कम्प्युटर ट्रेनिंग सेन्टर साईवर व्यवसायी	१	
५०.	फिल्म हल	०	
५१.	सिसा पसल	०	
५२.	पुस्तक व्यवसायी तथा फोटोकपी	५	
५३.	मनी ट्रान्सफर	३	

परिच्छेद सातः वन तथा वातावरण

७.१ प्राकृतिक वन तथा वनस्पती

रिब्दीकोट गाउँपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न गाउँपालिकाको श्रेणीमा पर्दछ। गाउँपालिकामा जैविक विविधताको अवस्था तथा स्थिति पत्ता लगाउन गाउँपालिकाको जैविक विविधता बारे लेखिएका लेख, रचनाहरूको अध्ययन गर्नुको साथै सम्बन्धित कार्यालयबाट प्राप्त तथ्याङ्कको आधारमा यो विवरण तयार पारिएको हो । अध्ययन एवं प्राप्त जानकारीअनुसार यस गाउँपालिकामा उष्ण (Tropical) देखि समशितोष्ण (Temperate Climate) मा हुने वन्यजस्तु तथा वनस्पतिहरू पाईएका छन् ।

गाउँ गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा साल, श्रीखण्ड, रुद्राक्ष, अस्ना, सिमल, चाँप, टुनी, खयर, ओखर, सतिसाल, अर्जुन, रातो सिरिस, भिमल, गिठा, काउलो, अमला, सुगन धकोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणबेद, कुरिलो यसै गरी घिस्रने जन्तुहरूमा धामन, तिरीच, घोरगराईच, हरियो काना, सुगा सर्प, दुई मुखे, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरो, आदि पाइन्छन् । चराचुरुङ्गीहरूमा राज धनेश, मयूर, कालो तित्रा, सिम तित्रा, लुईंचे, खैरो धनेश,सुगा, कण्ठे सुगा, मदन सुगा/टुईके सुगा, जुँगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके, मौरी चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुद्रुङ, चिल, काँडे बाज, कण्ठे बाज, घुकुती ढुकुर, सानो बौडाई, ठूलो लहाँचे, छिर्के लहाँचे, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली/बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन्।

रिब्दीकोट वन क्षेत्र

७.२ जैविक विविधता सम्वन्धी विवरण

रिब्दीकोट गाउँपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलित रूपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगो रूपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने वनजंगल र पारिस्थितिक विनास लाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ । वातावरणीय असन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ। मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस गाउँपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य

चुनौती पूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागी भइरहेका छन्।

यस गाउँपालिकामा उष्ण तथा समशितोष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं,सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इपील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैँदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाँचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा। यसै गरी घिस्रने जन्तुहरूमा गनग्वाली, हरहरे, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कच्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन्।

गाउँपालिकाको हावापानीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण ठानिएका विभिन्न स्थानहरूको संरक्षण गर्नुपर्ने देखिन्छ।

यस क्षत्रेमा पाइने गैरकाष्ठ वन पैदावारले यहाँका स्थानीय वासिन्दाका कतिपय महत्वपूर्ण आवश्यकता परिपूर्ति गर्नुका साथै रिब्दीकोट गाउापालिकाका ग्रामीण बस्तीहरूको जीवनस्तर उकास्न र खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खलेका छन्। यस्ता पैदावारहरूले जैविक विविधताको सरंक्षण गर्नुका साथै रोजगारी र आयआर्जनको आधार तथा साना उद्यागेहरूलाई अवसर प्रदान गर्छन् यसको लागि सरकार तथा सम्बन्धित निकायले नीति बनाउनु पर्छ।

७.३ सामुदायिक वनसम्बन्धी विवरण

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ । वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफ देही सम्बन्धित वन उपभोक्ता समूहहरू नै हुन्छन् । यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभूत आवश्यकता परि पुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ ।

यस रिब्दीकोट गाउँपालिकामा हाल सम्ममा ९ वटा सामुदायिक वनहरूलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षण भन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्ष देखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भई रहेको वन विनासले वनको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा वन क्षेत्रका बस्तीहरूमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर वन क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरूपमासिने अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुनः प्राकृतिक अवस्थामा रूपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरूप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रूपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्धता हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ। बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु

र अनुशिक्षण दिनुपर्ने देखिन्छ। गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न विभिन्न तालिम, गोष्ठी र अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ।

सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादन तर्फ उन्मुख गराउनु पर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा वृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गरुयाजेना, २०४६ ले प्राथमिकतामा राखेको सामदुायिक वन विकास कायर्क्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ । गाउँपालिकामा वनहरूको सख्या धेरै भए पनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन ।

७.४ वन पैदावारको माग र आपूर्ति

पाल्पा जिल्लामा रहेको रिब्दीकोट गाउँपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस गाउँपालिकाको आपूर्ति लाई पुऱ्याइ जिल्ला भित्रकै अन्य गाउँपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ । यस गाउँपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ । यस अलावा यहाँको बढ्दो जनसख्या र बसाई सराई तथा शहरी करणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वनजगंलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन् भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ । रिब्दीकोट गाउँपालिका भित्र रहेका सा.व.उ.समहूका उपभाक्तोहरूलाई आवश्यक पर्ने काठ, दाउरा सम्बन्धित सा.व.उ.समहूको स्वीकृत वन कार्ययोजना अनसुार समुहबाट नै आपूर्ति हुने गरेको अवस्था रहेको छ ।

७.५ जडिबुटी सम्बन्धी विवरण

रिब्दीकोट गांउपालिका जडीवुटी उत्पादन मा समेत निकै संम्भावना बोकेको गांउपालिका हो यस गांउपालिका रिङसिङ रिब्दीकोट, लिस्नेको भिर,मधुवन,शिदनाथ विलौ नेपानी,दुम्कीसा लघारी लगायतका सामुदायिक तथा सरकारी वनमा झन्डै ५४ प्रकार का जडीबुटी रहेको छ भने एक अध्यानमा रिब्दीकोट गांउपालिकामा त्यो भन्दा बढी प्रकारका जडीबुटी रहेको भन्ने पनी देखीन्छ । यस गांउपालिका पाईने जडीबुटी जस्तै पाखनबेद, चिराईतो ,हर्रौ,बर्रो गजुरगानो,अमला गुच्ची च्याउ,अल्लो कोकीला जस्ता जडीबुटीले हाम्रो देशमा मात्र नभई अन्तराष्ट्रिय रुपमा समेत यस गांउपालिका लाई हेर्न (लिन) सकिन्छ । यस्ता महत्वपुर्ण जडीबुटी को उदगम स्थानलाई संरक्षण सम्वर्दन गर्दे जडीबुटी निकासी को वाटोमा आफु लाई अग्रसर बनाउन सके त्यस वाट स्वरोजवगार रोजगार,गाउँपाल को आन्तरिक आय श्रोत मा समेत यसले अग्रर स्थान ओगट्ने सक्ने छ ।

७.६ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालन तर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। गाउँपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू प्रभावित भएका छन् प्राकृतिक रूपबाट पुनरुत्पादन हुने गरेको प्रोथा प्रोथीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ । वनको हैसियतमा सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरू बाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ। वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरू निम्न बुँदाहरूमा उल्लेख गरिएको छ ।

- घरायसी तथा अन्य इन्धनको रूपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने ।
- बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन, अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने ।
- पर्यापर्यटन प्रवर्द्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन् र उपयोग गर्ने ।
- दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने ।
- जैविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायु परिवर्तनको विषयमा एकिकृत कार्यक्रम संचालन गर्ने ।

७.७ हावापानी तथा वातावरण सम्बन्धी विवरण

भौगोलिक असमानता भएकोले नेपालको विभिन्न ठाउँहरूमा भिन्न भिन्न हावा पानी रहेको छ त्यस्तै पाल्पा जिल्लामा अवस्थित रिब्दीकोट गाउँपालिका मध्य पहाडीको भाग भएकोले चैत्रदेखि जेठसम्म हल्का गर्मी हुन्छ । यहाँ समशितोष्ण हावापानी पाइन्छ । चैत्र महिनादेखि असोजको अन्त्यसम्म गर्मी हुन्छ । कार्तिक, मंसिर र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर अन्त्यदेखि माघसम्म शितलहर नै लाग्ने गर्दछ । जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । यहाँको औषत ताफक्रम अधिकतम ३५.०१ डिग्री सेल्सियससम्म पुग्छ भने औषत न्यूनतम १६.२ डिग्री सेल्सियससम्म पुग्न जान्छ।

७.८ मुख्य वातावरणीय समस्याका प्रकारका कारण पीडित परिवारको विवरण

गाउँपालिकामा तपाईको परिवार बसाबेास गरेको स्थान वरिपरीको मुख्य वातावरणीय समस्या के हो भनी सोधिएको प्रश्नमा सबैभन्दा बढी परिवारले फोहरको व्यवस्थापन नभएको जवाफ दिएका थिए भने, केहिले वायु प्रदुषण भएको, पानीको समस्या भएको, ढल व्यवस्थित नभएको,ध्वनी प्रदुषण र अन्य कारणबाट पीडित भएको बताएका छन् । गाउँपालिकामा प्राप्त तथ्याङ्कले वातावरणीय समस्या नभएको उत्तर रहेता पनि गाउँमा रहेका केही समस्याहरू अव्यवस्थित शहरीकरणका कारण उत्पन्न समस्याहरू हुन् । शहरी विकासका लागि अत्यन्त आवश्यक भौतिक पूर्वाधार मध्ये स्वच्छ पिउने पानी वितरण प्रणालीको निर्माण, ठोस फोहर व्यवस्थापन योजना, ढल निकास, कालोपत्रे सडक ध्वनि नियन्त्रण जस्ता विषय अनिवार्य सर्तहरू हुन् । तसर्थ गाउँपालिकामा व्यवस्थित शहरी विकास योजना निर्माण र त्यसको पूर्ण कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

७.९ विपद व्यवस्थापन

नेपाल वहुप्रकोप जोखीम पुर्न देशहरुको सूचिमा उच्च जोखीममा रहेको राष्ट्रका रुपमा विश्वमान चित्रमा स्थापीत छ । नेपालको भौगोलीक वनावट र यस वाट निस्किने परिणाम (प्रकोप) को दृष्टिकोण वाट हेर्दा नेपाल निकै सम्वेदनशिल राष्ट्रका रुपमा रहेको छ । विभिन्न समयमा विभिन्न भिन्दा भिन्दै विज्ञहरुले अध्यन गरेका छन् । जसका अनुसार नेपाल विश्वमा सम्पुर्ण जोखीमका आधारमा (दृष्टिकोण) वाट २० औं स्थानमा रहेको छ । यसका साथैं भुकम्पका दृष्टिकोणले ११ औं स्थानमा छ भने वाढी पहिरोको जोखीमको दृष्टिकोण वाट ३० औं स्थानमा रहेको तथ्याङक उल्लेख गरीएको छ भने जलवायू परिवर्तनको जोखीमको दृष्टिकोण वाट छैठौं स्थानमा रहेको छ । यसका साथ साथै अन्य जोखीमहरु हाम्रा सामु छन् । जस्तै आगलागी, हावाहुरी, हिमताल, सडक दुर्घटना, हिमाली श्रृखला प्रकोपका घटना घट्ने गरेको तथ्याङक हाम्रा सामु छन् । यसरी हेर्दा प्रत्यक वर्ष १ हजार मानिस मारीन्छन ८० जना भन्दा वढी वेपत्ता हुन्छन नौ हजार तिन सय पचास घरधुरी र झण्डै १३ लाख भन्दा वढी जनसंख्या प्रभावीत हुने गरेका छन् । आर्थिक रुपमा १.५ अर्व भन्दा वढीको नोक्सानी हुने गरेको छ । यसरी हेर्दा नेपाल कुनै न कुनै विपदका घटना घट्न सकने संभावना रहेको देशको सूचीमा अग्र स्थानमा रहेको छ ।

प्रकोप व्यवस्थापन र उद्धार कार्यलाई मानव अधिकारका रुपमा अघी वढाउदै लैजाने उद्देश्य सहित यसलाई अर्न्तराष्ट्रिय रुपमा नै अगाडी बढाउन संन् २००५ को जनवरीमा जनपानमा प्राकृतिक प्रकोप न्युनीकरण सम्बन्धि दोस्रो विश्व सम्मेलन भएको थियो । उक्त विश्व सम्मेलनमा नेपालले प्राकृतिक प्रकोप न्युनीकरण एंवम समंन्वय परिषदको गठन । प्रकोप सम्बन्धी राष्ट्रिय निति तयार गर्ने । विकसीत मुलुकका उच्च प्रविधि र अनुभवलाई अनुशरण गर्ने दिगो विकास र सुरक्षित भविस्य निर्माणका लागि शिक्षा भन्ने नारालाई साकार पार्न शैक्षिक पाठ्यक्रममा सुधार गर्ने र प्रकोप न्युनीकरणका लागि विश्व कोषको स्थापना गर्ने । जस्ता कुराहरुमा प्रतिवद्धता जाहेर गरेको थियो । तर प्राकृतिक प्रकोप न्युनीकरण सम्बन्धि तेस्रो सम्मेलन २०१५ सम्म आउदा समेत खासैं ठोस कदम चाल्न सकेको थिएन् । त्यसका पछाडी थुप्रै कारणहरु छन । जस मध्य राजनैतिक अस्थिरता मुख्य कारण रऱ्यो । २०१५ को तेस्रो सम्मेलन पछी मात्रै नेपाल विपद जोखीम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४ र्तजुमा गरी कार्यान्वयनमा ल्याएको हो । हुनत यस भन्दा अगावै पनि २०३९ सालमा दैविक प्रकोप उद्धार ऐन तर्जुमा गरी एसियामानै विपद व्यवस्थापन ऐन र्तजुमा मा आफुलाई अग्रणी स्थानमा उभायको थियो । तर कार्यान्वयनमाभने पहाडी स्हयो विपत जोखीम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले विपद व्यवस्थापनका सबै काम कारवाहीको सम्भव्यात्मक र भावकारी रुपमा व्यवस्थापन गर्न का लागि तथा प्राकृतिक तथा गैर प्राकृतिक विपदवाट आम सर्वधारण को जिउ ज्यान सार्वजनीक ,निजि तथा राजनैतिक सम्पदा र भौतिक संरचना को संरक्षण गर्न निजिगत ,संस्थागत, प्रकृयागत व्यवस्था गर्न का लागि ति संस्थाहरुको जिम्मेवारी उत्रदायित्व (काम, कर्तब्य र अधिकार) किटान गरेको अवस्था हो आजको यस्तो अवस्थामा, विपद व्यवास्थपन लाई प्रभाव कारी बनाउनका लागि एनमा केन्द्रमा प्रधानमन्त्रीको अध्यक्षमा विपद जोखीम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद तथा परिषदवाट स्वीकृत

निति योजनाहरुको कार्यान्वयनका लागि गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समितिको व्यवस्था गरिएको छ ऐनले विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी काम कारवाहीलाई प्रभावकारी रुपमा कार्यान्वयन संचालन तथा व्यवस्थापन गर्न राष्ट्रिय विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण रहने व्यवस्था समेत गरेको भए पनि हाल सम्म राष्ट्रिय विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण को गठन भने हुन सकेको छैन ।

यस्तैगरी प्रदेशमा समेत विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन गर्न का लागि प्रदेश मुख्य मन्त्रीको अध्यक्षतामा प्रदेश विपद व्यवस्थापन परिषद तथा प्रदेश सरकारका आन्तरीक कामीला मन्त्री अध्यक्षता मा कार्यकारी समिति रहने व्यवस्था छ । जिल्लाको हकमा प्रमुख जिल्ला अधिकारी अध्यक्षतामा जिल्ला विपद व्यवस्थापन समिति रहने व्यवस्था गरेको छ भने महानगरपालिका, उपमहानगरपालिका नगरपालिका तथा गाँउपालिकाको अध्यक्षको अध्यक्षतामा स्थानिय विपद व्यवस्थापन समिति रहने व्यवस्था छ ।

विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन एन २०७४ ले विपदको वेलामा सुरक्षा निकायको जिम्मेवरी समेत किटान गरेको छ । यसका साथै विपद जोखीम क्षेत्र धोषणा गर्ने व्यवस्था समेत गरेको छ । स्थानिय सरकार संचालन एन २०७४ ले विपद व्यवस्थापन का लागि दियको जुन जिम्मेवारी र आम नागरिक संग को दिन दिनैको भेटधाट मिज्यताको आधारमा पनि स्थानिय सरकार (तह) को विपद व्यवस्थापन मा निकै महत्वपुर्ण र परिणाम मुखी कार्य सम्पादन हुने कुरामा भने दुई मत छैन खांचो छ स्थानिय सरकारका रुपमा रहेको स्थानिय तह ले विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन समितिले विपद व्यवस्थापन कोषको स्थापना गरी त्यसको प्रष्ट कार्याविधि बनायर संचालन गर्नु नै आजको समयको माग हो यसमा रिब्दीकोट गांउपालिका अन्य गाउँपालिका को तुलनामा आफुलाई अग्रणी स्थानमा उभ्याउन सक्नु पर्छ ।

७.१० विपद्को ऐतिहासिक विवरण

गाउँपालिकामा बिगत बर्षहरूमा भएका प्रकोपहरूको घटनाहरू र यसको बारम्बारता, क्षतिको विवरणको लेखाजोखाबाट गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपहरूका आँकलन गर्न सकिन्छ जसबाट प्रकोपको क्षति र बारम्बारताको आधारमा प्रकोपको प्राथमिकिकरण गर्न सकिन्छ । गाउँपालिका क्षेत्रमा बिगतमा भएको बिपद्हरू यसको बारम्बारता र क्षतिको आधारमा निम्न उल्लेखित प्रकोपहरू रहेका छन् :

- भुकम्प
- बाढी तथा डुवान
- आगलागी
- हुरीबतास
- महामारी
- सडक दुर्घटना
- चट्याङ्ग
- असिना पानी
- मौसमी सूख्खा तथा खडेरी

७.११ संस्थागत विश्लेषण

गाउँपालिकामा विपद् पूर्वतयारी, रोकथाम र अल्पिकरण, विपद्को समयको प्रतिकार्य र विपद् पश्चात् को पुर्नस्थापना र पुनर्निमार्ण तथा जलवायु परिवर्तन अनुकुलनका लागि आवश्यक पर्ने सेवा, सहयोग, सुविधा, उपलब्ध गराउने सरकारी निकाय वा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय सस्थाहरू र अन्य मानवीय सेवा प्रदायक सङ्घसंस्था, वित्तीय संस्था, सहकारी, स्वास्थ्य सेवा केन्द्र, निजी क्षेत्र आदिको उपलब्धता, पहुँच र सम्बन्धको विश्लेषण गरिएको छ । प्राप्त सूचनाको आधारमा हाल गाउँपालिका भित्र करिब ८ वटा निकायहरू बिपद्का अवस्था साथै पूर्वतयारीमा कार्य गरिरहेको देखिन्छ ।

बिपद्को अवस्थामा समयमै मानवीय सहयोग प्रदान गर्नका लागि माथि उल्लेखित सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय र सहकार्यबाट विस्थापित समुदायहरूमा खोज-उद्धार तथा राहतका गतिविधिहरू संचालन गर्न सकिन्छ । यसका लागि संभावित बिपद्को जोखिम कम गर्न जोखिम व्यवस्थापन योजना आवश्यक पर्दछ । गाउँपालिका भित्र मानवीय तवरमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूको पहिचान गरि स्रोत र साधनको आँकलनमा सहयोग पुग्दछ । प्राप्त सबै निकायको उपलव्ध स्रोत साधनको लेखाजोखा गरेर अपुग स्रोतको लागि गाउँपालिकाले प्रदेश तथा केन्द्र सरकार, गैर-सरकारी संघ-संस्था तथा दाता निकायहरूसँग सहयोग जुटाएर बिपद् व्यवस्थापनका लागि दिर्घकालिन योजना निर्माण गर्न अग्रसर हुनु पर्ने देखिन्छ ।

निम्न रोटी चित्रले बिपद् पूर्वतयारी तथा प्रतिकार्यमा काम गर्ने सरकारी तथा गैर-सरकारी संस्थाहरूको उपस्थिति तथा निकटता देखाएको छ ।

७.१२ प्राकृतिक विपद् वा प्रकोपको खतराको किसिमको आधारमा परिवारको विवरण

गाउँपालिकाका सम्पूर्ण परिवारहरूलाई तपाईको परिवार बसोबास गरेको स्थानमा कस्तो-कस्तो किसिमको प्राकृतिक विपद् वा प्रकोपको जोखिमहरू छन् भनी सोधिएको बहुउत्तर आउने प्रश्नमा परिवारले प्रकोप जोखिम सम्बन्धी उत्तर दिएका थिए जसमध्ये सबैभन्दा बढी बाढीको जोखिममा रहेको परिवार दोस्रोमा डुबानको जोखिम भएका परिवार र तेस्रोमा हुरीबतासबाट प्रभावित हुने परिवार रहेका छन् । त्यसैगरी गाउँपालिकामा चट्याङ, खडेरी, भूक्षइकरण, पहिरो, असिना आदी प्राकृतिक जोखिम रहेको पाइयो । माथि उल्लेखित प्राकृतिक विपद्हरू विशेषगरी जलवायु परिवर्तन, भूमण्डलिय तापक्रम वृद्धि, वातावरण प्रदुषण, वनजंगल फँडानी, अत्यधिक कार्बन उत्सर्जन र प्राकृतिक सन्तुलन विरुद्ध हुने मानविय गतिविधिका कारण उत्पन्न छन् । यस प्रकारका प्राकृतिक विपद्बाट जोगिन एकिकृत विपद् व्यवस्थापन प्रतिकार्य तथा पूर्व तयारी योजना निर्माण गरी विपद्सँग सामना गर्ने र कमभन्दा कम धनजनको क्षति हुने गरी तयार रहनु विवेकपुर्ण हुन्छ । दिर्घकालिन रणनीतिमा वातावरण संरक्षण र दिगो विकासका कार्यक्रमहरूलाई पूर्ण रूपमा पालना गर्नुपर्ने हुन्छ । अर्कोतर्फ स्वाभाविक भौगर्भिक प्रक्रियाको कारण जाने भूकम्पको जोखिमका हिसाबले नेपाल अत्यन्त जोखिम यूक्त क्षेत्रमा पर्ने हुँदा भूकम्प न्यूनिकरण गर्ने उपाय नै नहुने हुँदा पूर्व तयारी र प्रतिकार्यका प्रभावकारी योजना निर्माण गर्ने र विशेष गरी भूकम्पीय जोखिमका हिसाबले

जोखिम रहित घर र भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन निर्माण संहितालाई कडाईका साथ पालना गर्नुपर्दछ ।

विपद व्यवस्थापन समिति

↓

संयोजक

↓

सदस्य

↓

विपद व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार

↓

कोषको वितितय व्यवस्थापन

↓

प्रशासनिक व्यवस्था

बैठक

कार्यक्रम संचालन सम्बन्धी खर्च व्यवस्था

राहत तथा अहार कार्य सम्बन्धी व्यवस्था

विपद प्रभावीत को वर्गीकरण

↓

सदस्य सचिव

विपद व्यवस्थापन पुर्व तयारी

पुर्व तयारी गतिविधि	जिम्मेवार निकाय	समय सिमा

विपद पछी सहयोगी गतिविधी

क.सं	सहयोगी गतिविधी	जिम्मेवार निकाय	चाहीने समय
खोज तलास आधार क्षेत्र विषय पछीको अनुमानित परिदृब्य			
समय सम्पर्क कार्यालय			
क.स.	सम्पर्क कार्यालको नाम	प्रति व्यक्ति	सम्पर्क नं.

विध्मान श्रोत तथा साधन को आंकलन

साझोदारी संस्था	मानविय श्रोत	आर्थिक श्रोत	भौतिक सामाग्री

आत्तरस्थल

आश्रयस्थल को नाम	यातायात-पानी संचार को पंहुच	क्षमता

विपद व्यवस्थापन कोष

संयोजक

↓

सदस्य सचिव

↓

कोष को लक्ष्य

↓

कोष को उदेश्य

↓

कोष को निति

विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन मा सयूक्त राष्ट्र संघ अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संघ संस्थावाट थुपै काम भएका हुन तर त्यसलाई हामीले व्यवस्थीत गर्न भने सकेका छैनौ । उनीहरुका पनि आफ्नै वाध्यता होलान त्यो फरक विषय हो त्यसलाई कसरी परीपुर्ती गर्ने भन्ने हो । यस्तो अवस्थामा संयुक्त राष्ट्र संघ राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ सस्थाको सहयोग लाई कसरी परिचालन गर्ने भन्ने पनी आउन सक्छ अहीले निश्चित क्षेत्रमा छरियर रहेको उक्त सहयोग लाई हाम्रो आवश्यक्ता र प्राथमिकता का आधार मा प्रयोग गर्न सकियो भने त्यसले विपद जोखीम न्यूनीकरण तथा व्यवस्थापन मा महत्वपुर्ण भुमीका निर्वाह गर्न सक्छ । हाम्रा स्थानिय तह महानगरपालिका ,उपमहानगरपालिका नगरपालिका तथा गांउपालिकाहरुको विपद जोखीम को अवस्थाको यर्थात पहिचान गरी ति जोखीमयुक्त क्षेत्रको वर्गीकरण गर्न सकियो भने त्यही वर्गीकरणको आधारमा सयुक्त राष्ट्र संघ रेडक्रस राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको स्रोत साधन बढी जोखीम भएका क्षेत्रहरुमा परिचालन गर्न सकिने हुन्छ जसले गर्दा विपद जोखीम न्यूनीकरण गर्न सहज वातावरण सृजना हुनुका साथै त्यसवाट प्रतिफलको पनी राम्रो अपेक्ष ।गर्न सकिन्छ यसो गर्नका लागि स्थानिय तहको नै सबै भन्दा बढी महत्वपुर्ण स्थान र योगदान चाहिने कुरा प्रष्ट छ । विपद जोखीम न्यूनीकरण तथा व्यवस्थापनमा हाम्रा आफ्नै मौलीक विशेषताहरु छन हाम्रो भुवनेट प्रकोपका प्रवृति, हाम्रो संस्कृति, विपदको सामना गर्ने क्षमता अन्य देशको तुलनामा फरक छन् त्यस कारण पनी हाम्रो आफ्नै अनुसन्धान, विगतका हाम्रा जोखीम न्यूनिकरण का उपायहरु अवलब्वन गर्नु पर्दछ ।

त्यसका लागि स्थानिय तहवाट सार्वजनिक सेवा प्रवाहका साथै विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन स्थानिय तह सम्म लैजानुको अर्थ संघ तथा प्रदेश सरकारलाई जनताको विचमा पुऱ्याउनु पनी हो स्थानिय सरकार संचालन एन २०७४ तथा विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापनको ठुलो जिम्मेवारी दियको छ यसका पछाडी थुप्रै कारण हुन सक्छन तर यसको मुख्य कारण भने स्थानिय तह (स्थानिय सरकार) जनताको साथीका रुपमा हेरीयको हुन्छ स्थानिय तह संघै जनताको साथमा हुन्छ जनताले स्थानिय तह र स्थानिय तह ले जनतालाई नजदीकवाट चिनेका (परिचित) हुन्छन् स्थानिय तह लाई आफ्ना समस्या के हुन हाम्रो (स्थानिय तहको) सवप्न राम्रो पक्ष के हो नराम्रो पक्षा के भन्ने कुराको राम्रो ज्ञान हुन्छ । त्यतिमात्र होईन भौगगोलिक वनावट त्यसललाई चिर्न सक्ने क्षमताको समेत पहिचान गरेको हुन्छन यसका साथै स्रोत र साधनको समेत जानकारी हुन्छ त्उैले विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ ले स्थानिय तहलाई ठुलो अधीकार दियको छ ।

अर्को तिर आजसम्म को हाम्रो अनुभव र सत्य पनि यही हो विपदको समयमा सबै भन्दा हिरो पिडित सामु पुग्ने नै स्थानिय तह विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापनको मेरुदण्ड हो ।

विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन को मेरो दण्ड का रुपमा रहेका स्थानिय तहलाई अझ कसरी प्रभावकारी बनाउन सकिन्छ त्यस तर्फ उपयुक्त कदम चाल्न भने ढिलाई गर्न हुन्न ।

विपद व्यवस्थापन मा स्थानिय तहले विपद व्यवस्थापनका हरेक चरणमा सक्रीयता का साथ सबै भन्दा पहिला सहयोग गर्न सक्ने भएका ले पनि स्थानिय तहको भुमीका निकै महत्वपुर्ण रहन जान्छ ।

स्थानिय तहमा जनचेतना अभिवृदी गर्ने देखी विपदका समयमा कसरी सुरक्षित हुने भन्ने सम्म को सिप स्थानिय तह वाटै उपलब्ध हुने हुनाले स्थानिय लाई संक्षम बनाउदै लैजानु का साथै जनताको साक्षी भै काम गर्ने भएकाले विपद व्यवस्थापनको कार्य सहज र प्रभावकारी हुन जान्छ ।

स्थानिय आवश्यका अनुसार विकास निर्माणका पुर्वाधार तयार गर्नुका साथै विकास निर्माण का का जनताको आवश्यक्ता त्यस अनुरुपको सेवा प्रवाह गर्ने कामको सम्पुर्ण जिम्मेवारी स्थानिय सरकार (तह) को हो नेपालको संविधान सरकार (तह) लाई स्थानिय रुपमा नेतृत्वदावी भुमीका काम कर्तब्य र अधीकारको व्यवस्था गरेको छ त्यसैमा टेकेर स्थानिय सरकार ले स्थानिय तहमा विकास,स्थानियको आवश्यक्ता त्यसको व्यवस्थापनका साथै स्थानिय समुदाय मा आधारीत विपद व्यवस्थापन सम्बन्धी सम्पुर्ण काम कारवाही संचालन को नेतृत्व समेत स्थानिय सरकाले गर्नु पर्ने भएका ले त्यस तर्फ स्थानिय सरकारले विपद व्यवस्थापनका लागि आपतकालिन नमुना अभ्यास गराउने, विपद प्रभावीत क्षेत्रहरु को वर्गीकरण गर्ने त्यसमा उदार र राहतको व्यवस्था गर्ने स्थानिय तहमा सुचना केन्द्र स्थापना गर्ने पुर्व चेतावनी प्रणालीको विकास गर्नुका साथै त्यसलाई संचालन गर्ने विपद व्यवस्थापन का बैकल्पीक उपायको खोजी गर्ने विपद व्यवस्थापनका लागि संघ, प्रदेश,स्थानिय समुदाय, संघ संस्था निजि क्षेत्र लगायत सहयोग उपलबध हुन सक्ने संभावना बोकेको अन्य पक्ष वा क्षेत्र संग समेत सहयोग, समन्वय र सहकार्य गर्न स्थानिय सरकार लाई जति सजिलो हुन्छ त्यो वाहीर वाट गर्न गराउन निकै कठीन हुन जान्छ त्यसैले यी र यस्ता कामहरु स्थानिय तहवाटै हुँदा पिडित ले छीटो भन्दा राहत पाउने पुन स्थापना पुर्ननिर्माण जस्ता काम पनि छिटो सम्पन्न हुने र त्यसको प्रतिफ पनी आसा गरेको अनुरुप आउने हुन्छ ।

केन्द्र प्रदेश तथा जिल्ला स्तरिय सम्पुर्ण कार्यक्रम को समन्वय कर्ताको भुमीका का स्थानिय तह हो भने त्यसले विपद व्यवस्थापन कार्यमा अग्रस्थानमा रहेर समन्वयात्मक भुमीका खेल्न सक्छ स्थानिय सरकार प्रदेश सरकार तथा संघीय सरकारको स्थानिय प्रतिनिधी पनी हो यसका साथै स्थानिय सरकार,पीपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन केन्द्रय कार्यकारी समिति विपद व्यवस्थाप प्रदेश समिति विपद व्यवस्थापन जिल्ला समिति निर्णृय अनुरुप विपद व्यवस्कथापन सम्वन्धी आवश्यक सम्पुर्ण काम गर्ने गराउने एउटा गतिलो र भरपर्दो स्थान अथवा केन्द्र पनि हो ।

स्थानिय सरकारले स्थानिय रुपमा कार्यरत वा क्रियाशिल गैरसरकारी संघ सस्थालाई समन्वय गर्ने ठाँउ पनि स्थानिय सरकार हो भने अर्कोतिर संघीय तथा प्रदेश स्तरिय नितियोजना एवं कार्यक्रम अनुरुप स्थानिय तहमा विपद व्यवस्थापन का लागि स्थानिय श्रोत साधन परिचालन गर्ने वित्तीय श्रोत जुटाउने काम गर्न जति सफल र सवल स्थानिय सरकार हुन्छ वाहीर प्रदेश

वा केन्द्रवाट परिचालीत टोली त्यति सफ हुन सक्दैन यसका पछाडी थुप्रै कारण हुन विपद व्यवस्थापनका लागि स्थानिय सरकारको कोषको स्थापनाले गर्दा विपद व्यवस्थापन दीगो भरपर्दो तथा गुणस्तरयुक्त हुन जान्छ जसलाई निम्न अनुसार लिन सकिन्छ ।

क) स्थानिय सरकारको विपद व्यवस्थापनको तयारी

विपद व्यवस्थापन मा संघीय, प्रदेशीक जिल्ला स्थानिय सबै तहको पुर्व तयारी अनिवार्य शर्त हो यसका लागि विपदका समयमा तुरुन्त प्रयोग गर्न सक्ने गरी स्थानिय तहमा आपतकालिन कार्य प्रणलीको विकास गर्ने विपद पुर्वतपारी प्रतिकार्य तथा पुनलाभ को योजना बनाउने,खोज तलाश,उदारका लागि दक्ष जनशक्ती निमार्ण गर्ने पुर्व सुचना प्रणाली को तथा विपदकालिन सुचना प्रणाली लाई शसक्त बनाउने आधुनिक उदार उपकरणहरुको व्यवस्थागर्ने वारुण यन्त्र ,एम्बुलेन्स जस्ता उपकरणहरु तयारी अवस्थामा राख्ने, राहत वितरण तथा वसोवास व्यवस्थापन का लागि खुल्ला गौर खाध्य क्षेत्र को पहिचान गर्ने खाध्यान,औषधी,खानेपानी तथा दैनिक उपभोग्य तथा अब्य राहत सामाग्री को भण्डार गर्ने,पुल,सडक विधुत ,खानेपानी घर, सभाहल चल चित्र हल जस्ता घौ मनिसको जमघट हुने ठाँउ हरुको विवरण अत्यावधीक गर्ने महामारी वाट बच्न वा तत्काल आई पर्न सक्ने जोखीम वाट वच्ने न्युनतम तयारी स्थानिय सरकारले गर्दा विपद व्यवस्थापन प्रभावकारी हुन का साथै जनधनको क्षति समिते न्यून हुन जान्छ ।

स्थानिय सरकारले योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्ने स्थानिय स्तरको विपद सम्बन्धी तथ्याङ्क व्यवस्थापन अध्ययान अनुसन्धान विपद जोखीमको नक्सांकन सार्वजनीक भौतीक संरचना लगायत वस्तीको पहिचान स्थानान्तरण तथा विपद जोखीम न्यूनीकरण सम्बन्धी निति कानुन, मापदण्ड, योजना निर्माण,कनर्यान्वयन,अनुगमन निमन लगायत विपद पछी स्थानिय स्तरको उदार, राहत पुनस्थापना निर्माण लगायत विपद व्यवस्थापन का लागि सार्वजनिक संघ संस्था रष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था व्यापारीक प्रतिष्ठान जस्ता संघ सस्थाले काम गरे नगरेको अनुगमन स्थानिय सरकार (तह) ले गर्दा विपद व्यवस्थापनमा सहज हुनुका साथै प्रभावकारी हुन्छ ।

ख) स्थानिय सरकार सामाजिक परिचालक

विपद प्रभावीत क्षेत्रमा सरकारी निजि तथा गैर सरकारी संघ संस्था स्थानिय स्वयमसेवक सामाजिक परिचालक लगायत सम्पुर्व पक्ष संग को समन्वय र सहयोग र सम्लग्नतामा विपद व्यवस्थापन सम्बन्धी सम्पुर्ण काम गर्ने गराउने जिम्मेवारी पनि स्थानिय सरकार को नै हो स्थानिय सरकार को नेतृत्व विपद व्यवस्थापन गर्ने स्थानिय पदाधिकारी, कर्मचारी, सामाजिक परिचालक स्वयंसेवक तथा आम जनसमुदायलाई विपद व्यवस्थापन सम्बन्धमा पुर्व अभ्यास गर्ने,परीक्षण को व्यवस्था गर्ने विपद व्यवस्थापन सम्बन्धमा पुर्व अभ्यास गर्ने, परीक्षणको व्यवस्था गर्ने विषय व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रम संचालन गर्ने विपद व्यवस्थापन सम्बन्धी विभिन्न प्रशार प्रचार सामाग्री निर्माण गर्ने जनचेतना अभिबृदी गर्ने विपद व्यवसथापन कार्य योजना बनाउने कार्यानवयन गर्ने घटना हुनासाथ प्रतिकार्यका लागि परिचालीत हुने अवस्था को व्यवस्था मिलाउने सहितको विपद पुर्वतयारी तथा प्रतिकार्य समिति को गठन गरी परीचालन गर्ने ।

ग) स्थानिय सरकार सार्वजनिक सम्पतीको संरक्षक

स्थानिय स्तरमा रहेको सार्वजनिक सम्पति के कति छ कस्तो अवस्थामा छ त्यसको बारेमा सम्पुर्ण जानकारी स्थानिय सरकार भाडौ प्रष्ट संग थांहा हुन्छ स्थानिय सार्वजनीक सम्पति धार्मिक तथा एतिहासिक क्षेत्र प्राकृतिक सम्पदा सास्कृति सम्पदा जस्ता पक्षको संवेदन संरक्षण गर्नु नै एउटा मुल दायित्व स्थानिय सरकार को हुन जान्छ जसको संरक्षण सवेदन र विकास ले देश (राष्ट्र) कै विकासमा महत्वपुर्ण भुमीका निर्वाह गरेका हुन्छन त्यसैले सार्वजनिक सम्पती को अभिलेख स्थानिय सरकार संग हुन जरुरी छ विपद मा परी नष्ट भएका वा विग्रीयका भत्कीयका भौतिक संरचना त्यस्तै विपदमा हरायका महत्वपुर्ण दस्तावेजहरु को तथ्याङ्क अध्यावधीक गर्ने काम स्थानिय सरकारको हो र उसले मात्रै राम्रो संग गर्न सक्छ । विपद वाट प्रभावित व्यक्ति,घरपरिवार,को पहीचान गर्ने स्तर निर्धारण गर्ने परिचय पत्र बनाउने राहत वितरण गर्ने गराउने भत्केका भौतिक संरचनाको विवरण राख्ने अन्य आवश्यक कार्य स्थानिय सरकारले गर्ने हो भने विपद व्यवस्थापन प्रभावकारी हुन्छ । स्थानिय सरकार संचालन ऐन २०७४ र विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ ले यही मर्मलाई आत्मसाथ गरेको छ स्थानिय सरकारलाई विपद व्यवस्था पनका लागि आवश्यक निति कानुन बनाएर विपद व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ। त्यसैले स्थानिय सरकारलाई विपद व्यवस्थापनमा आर्थिक प्रशासनीक एवंम प्रविधिक रुपले सक्षम सक्रिय र उत्तरदायित्व वनाउन सकियो भने प्रकृतिक तथा मानव सजित विपद कम गर्न विपद वाट जनधनको क्षतिलाई निम्नकरण गर्न विपद पछीको आधार र राहत वितरण पुन स्थापना पुर्न निमार्ण कार्य तदरुपकता साथ सम्पन्न गर्न सकिन्छ त्यसैले विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन कार्यमा स्थानिय सरकार मेरुदण्डका रुपमा उभिने कुरा मा शंका छैन त्यस साथ साथै विभिन्न संघ संस्थाको भुमीका पनि उत्तीकै महत्वपुर्ण हुन जान्छ विपद व्यवस्थापन मा स्थानिय सरकार मुख्य भुमीका मा रहने हुनाले अन्य भुमीकामा राष्ट्रीय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था,रेडक्रस ,औधोगिक प्रतिष्ठान,जस्ता विपद व्यवस्थापनमा काम गर्दे आएका अन्य संघ संस्थाको

भुमीका रहेने हुनाले विपद व्यवस्थापनमा स्थानिय सरकार तथा अन्य संघ संस्थाको महत्वपुर्ण भुमीका रहन्छ ।

परिच्छेद आठः
मानव संसाधन तथा संस्थागत विकास विवरण

८.१ प्रति परिवार वार्षिक आय तथा औषत प्रतिव्यक्ति आय

जिवन निर्वाहका लागि अति आवश्यक गास, बास र कपासको परिपूर्ति कै लागि संघर्ष गर्नुपर्ने अवस्थाका परिवारहरूबाट राज्यले अपेक्षा गर्नुको साटो उनीहरू प्रति थप दायित्व हुने भएकोले गरिबी निवारणलाई प्राथमिकतामा राखी लोक कल्याणकारी राज्यको अवधारणालाई मूर्त बनाउनुपर्ने देखिन्छ । गाउँपालिकाको जम्मा औषत प्रतिव्यक्ति वार्षिक आयलाई हेदा् मासिक १०००० रूपैँयामा सबै गुजारा चलाउनुपर्ने देखिन्छ । यद्यपि औषत प्रतिव्यक्ति आयले समग्र आर्थिक सूचकको काम भने गर्दैन । थप वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

८.२ विपन्नता सुचकाङ्क

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहकार्यमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले सामाजिक परिचालकहरूको लागि तयार पारेको हाते पुस्तिकाका अनुसार विपन्नता सुचक भन्नाले :

- ठूला पशुपाल्ने क्षमता र रोजगारका अवसर नभई दैनिक ज्यालादारीमा आधारित जीविको पार्जन (आर्थिक विपन्नताका कारण दैनिक ज्यालादारीकोकाम गर्नवाध्य घर परिवार)
- खाद्य अपर्याप्तता (आफ्नो खेती/मुख्य आम्दानीबाट ३ महिनाभन्दा कम समय सम्म मात्र खान पुग्ने वा ३ देखि ६ महिनासम्म मात्र खान पुग्नेविपन्न घर परिवार । यस अन्तर्गत त्यस्ता घर परिवारहरू पर्दछन् जसले बाँकी अवधिको लागि ज्याला मजदुरी गरेर गुजारा गर्नुपर्ने हुन्छ)
- सार्वजनिक तथा व्यक्तिगत रूपमा छेउ लगाइएका वा सीमान्तकृत गरिएका (:arginalised वा भेदभाव गरिएका परिवार जस्तैः दलित, जनजाति आदि । यसमा विशेष गरेर समाजमा पिछडिएको वर्गका घर परिवारहरू पर्दछन् । (तर स्पष्ट हुनुपर्ने कुरा के छ भने दलित तथा जनजाति भन्दैमा स्वतः विपन्न हुनेर अन्य जातजाति हुँदैमा स्वतः विपन्न नहुने भने होइन । यो त उनीहरूको सामाजिक, आर्थिक अवस्था र स्थितिको आधारमा बिचार गरी **(condition and position)** निर्धारण गरिनुपर्ने कुरा हो) ।
- ऋणबाट ग्रस्त परिवार (ऋणको भुमरीमा फसेको परिवार जस्तैः दैनिक गुजारा गर्न गाह्रोपरी बेसाएर खाँदा ऋणमा डुवेका, सामान्य औषधोपचार गर्नलिएको ऋण चुक्ता गर्न नसकेका, बाबुबाजेकोपालामा लिएको ऋण चक्ता गर्न असक्षम भई मारमा परेका, विपन्न र पीडित परिवार आदि पर्दछन् भने ठूला- ठूला व्यावसायिक ऋण लिनेवर्गका
- गरिव एकल महिला (विधवा, वृद्धा, बेसहारा, श्रीमान् बेपत्ता भएका, व्यक्तिगत तथा सामुहिक रूपमा सताइएका

- घरवार विहीन र सुकुम्वासी वा द्वन्द्ववाट विस्थापित भई आएकोपरिवार (जग्गा जमिन नभएका, अरूकोजग्गा कमाउने

८.३ सम्पन्नता सुचकाङ्कको आधारमा वडाअनुसार परिवारको विवरण

सम्पन्न सूचकाङ्का आधारमा गाउँपालिकामा रहेका घरपरिवार मध्ये राम्रो अवस्थामा रहेका परिवारको मात्र रहेको छ । यसको अर्थ मध्यम अवस्थामा रहेका परिवारहरू बाहेक अन्य सबै परिवारको अवस्था कमजोर र अति कमजोर देखिन्छ । यसर्थ यस गाउँपालिकालाई आर्थिक रूपले विपन्न गाउँपालिका भन्न सकिन्छ । यसरी गाउँपालिकाका हालका आर्थिक गतिविधिहरू सम्पन्नता तर्फ भन्दा पनि निर्वाह तर्फ केन्द्रित हुनुपर्ने बाध्यतामा देखिन्छ । आर्थिक, सामाजिक, भौतिक र साँस्कृतिक सम्पन्नताको यात्रा भने जिवन निर्वाहका नागरिकहरूका सवालहरू पूर्णरूपमा सम्बोधन भए पश्चात मात्र अगाडि बढ्न सक्दछन् । यसतर्फ राज्यको ध्यान जानु जरुरी छ । वडागत थप विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

अन्तरकृया का केही झलककरु

सुनुवाई कार्यक्रम
फेक पाल्पा
गाउँ कार्यपालिकाको कार्यालय

व्यक्तिगत घटना दर्ता सम्बन्धी जानकारी

SINCE 1941
Jeep